## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'बाँच्ने एउटा जिन्दगी उपन्यासको कृतिपरक अध्ययन' रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपाली साहित्यको क्षेत्रमा हास्यव्यङ्ग्य निबन्धकार, उपन्यासकार, कथाकार र कविका रूपमा परिचित केशवराज पिँडाली बहुमुखी प्रतिभावान् साहित्यकार हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका पिँडाली हास्यव्यङ्ग्य निबन्धकार तथा सामाजिक ऐतिहासिक उपन्यासकारका रूपमा प्रसिद्धि कमाएका साहित्यकार हुन् । वि.सं. १९९३ सालको शारदामा 'गुण्टे र चरी' शीर्षकको कथाको प्रकाशनसँगै साहित्यमा प्रवेश गरेका पिँडालीका हालसम्म प्रशस्तमात्रामा पुस्तकार कृतिहरू प्रकाशन भइसकेका छन् । 'एकादेशकी महारानी' (२०२६), 'अन्त्यदेखि सुरु' (२०३४), 'बाँच्ने एउटा जिन्दगी' (२०४३), र 'साँझ घर फर्केको मान्छे' (२०४६) जस्ता चारवटा उपन्यासहरू प्रकाशन गरेका चर्चित उपन्यासकार पिँडालीको उत्कृष्ट उपन्यास 'बाँच्ने एउटा जिन्दगी' (२०४३) नामक उपन्यासको कृतिपरक अध्ययन हालसम्म हुन सकेको छैन । प्रस्तुत शोधपत्रमा केशवराजको 'बाँच्ने एउटा जिन्दगी' (२०४३) उपन्यासले नेपाली समाजका विविध सामाजिक पक्षलाई भिन्नभिन्न दृष्टिकोणबाट गरिने अध्ययनलाई मूल विषयगत समस्याको रूपमा मानिएको छ र यही समस्यासँग सम्बन्धित निम्न समस्याहरूको समाधानमा प्रस्तुत शोधपत्र तयार पारिएको छ :

(क) केशवराज पिँडालीको साहित्यिक व्यक्तित्व र रचनाधर्मिता कस्तो रहेको छ ?

(ख) बाँच्ने एउटा जिन्दगीको विश्लेषण कसरी गर्न सकिन्छ ?

(ग) केशवराज पिँडालीका औपन्यासिक प्रवृत्तिहरू कस्ता-कस्ता रहेका छन् ?

(घ) आधुनिक नेपाली उपन्यासको क्षेत्रमा केशवराज पिँडालीको योगदान र मूल्याङ्कन कस्तो रहेको छ ?

यिनै मूलभूत समस्याहरूका आधारमा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ शोधपत्रको उद्देश्य

केशवराज पिँडालीको तेस्रो उपन्यासको रूपमा रहेको 'बाँच्ने एउटा जिन्दगी' (२०४३) उपन्यासको कृतिपरक अध्ययन नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यही प्रमुख उद्देश्यसँग सम्बन्धित निम्नलिखित समस्याहरूको समाधान गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ :

(क) साहित्यकार केशवराज पिँडालीको साहित्यिक व्यक्तित्व र रचनाधर्मिता केलाउन,

(ख) 'बाँच्ने एउटा जिन्दगी' उपन्यास सैद्धान्तिक आधारमा विश्लेषण गर्ने,

(ग) उपन्यासकार केशवराज पिँडालीका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्ने

(घ) नेपाली उपन्यासको क्षेत्रमा केशवराज पिँडालीको योगदानको मूल्याङ्कन गर्ने,

यिनै मूलभूत उद्देश्यसँग सम्बन्धित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा उपन्यासकारका रूपमा परिचित पिँडालीका बारेमा विभिन्न विद्वान्, अध्येता तथा लेखकहरूले विभिन्न पत्रपत्रिका, पुस्तक तथा लेखहरूमा अध्ययन, समीक्षा र टिप्पणी गरे तापनि पिँडालीको तेस्रो उपन्यास 'बाँच्ने एउटा जिन्दगी' (२०४३) को कृतिपरक अध्ययन हालसम्म हुनसकेको छैन । यहाँ उपन्यासकार

पिँडालीका बारेमा पूर्ववर्ती अध्येताहरूले गरेका अध्ययनलाई पूर्वकार्यका रूपमा लिइएको छ र यस्ता पूर्व अध्ययनलाई कालक्रमिक रूपमा निम्नानुसार राखिएको छ :

भुवनहरि कोइरालाले आफ्नो स्नातकोत्तर शोधपत्र "साहित्यकार केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृति□वको अध्ययन" (२०३८) मा "पिँडालीका उपन्यासमा समसामयिक गतिविधि अनुरूप कथावस्तु, पात्र, सम्वादलाई उचित रूपले समावेश गरी बढी लोकप्रियता हासिल गर्ने आकाङ्क्षा राख्ने" उपन्यासकारका रूपमा मानेका छन् ।

अच्युतरमण अधिकारीले उन्नयन (अङ्क ६, २०४८) पत्रिकाको श्री केशवराज पिँडाली' शीर्षक लेखमा "इतिहासभित्रका उच्चवर्ग, तिनीहरूको खोक्रो आडरम्बरीपन र यथार्थलाई सफलतासाथ सुगठित र कलात्मक रूपमा प्रस्तुत गर्ने उपन्यासकारका रूपमा मानिन्छ" भनेका छन् । हेमचन्द्र नेपालले उन्नयन (अङ्क १३, २०५०, कात्तिक-चैत्र) पत्रिकाको "एउटा कठिन सङ्घर्षको सफल अन्त्य बाँच्ने एउटा जिन्दगी" नामक लेखमा 'स्वदेशप्रतिको अनुराग, विदेशी संस्कृतिप्रतिको वितृष्णा, सामाजिक समस्याको प्रस्तुति, स्वावलम्बीपनको अभिव्यक्ति, स्वतन्त्रता र जातीय विचारको स्वच्छन्द-चिन्तन, आधुनिक औपन्यासिकताको पूर्णता, राष्ट्रिय संस्कृतिको उद्बोधन जस्ता विषय सरल र सरस पाराले प्रस्तुत गर्ने सफल उपन्यासकारका रूपमा पिँडालीलाई मान्न सकिन्छ" भनेका छन् ।

शान्ता शाक्यले उन्नयन (अङ्क १३, २०५०- कात्तिक-चैत्र) पत्रिकाको बाँच्ने एउटा जिन्दगी' को समीक्षा शीर्षकको आफ्नो लेखमा "समय र ऐतिहासिक घटनाबाट प्रभावित भएर एउटा सोझो र टुहुरो, इमान्दार सच्चरित्रवान् व्यक्तिको जीवनमा आएका उकाली ओरालीलाई समायोजन गरी उहिलेको र अहिलेको नेपाली समाजको परिवर्तित मानसिकतालाई उपन्यासमा छर्लङ्ग पार्ने उपन्यासकार हुन् पिँडाली" भनी उल्लेख गरेको पाइन्छ ।

फणीन्द्रराज खेतालाले उन्नयन (अङ्क १३, २०५०-कात्तिक-चैत्र) पत्रिकाको मेरो अनुभूतिमा पिँडाली नामक लेखमा “पिँडालीका उपन्यासहरू ओजश्वी, स्वतन्त्र तथा विसङ्गतिपूर्ण घटनाक्रम हुँदाहुँदै पनि सामाजिक क्षितिजमा उभिएका हुन्छन्” भनेका छन् ।

मुकुन्दशरण उपाध्यायले उन्नयन (अङ्क १३, २०५० कात्तिक-चैत्र) पत्रिकाको ‘केशवराज पिँडाली : एक स्पष्टवादी लेखक’ नामक शीर्षकमा “केशवराज पिँडाली नेपाली साहित्यको एक स्पष्टवादी तथा निर्भीक लेखक हुन्” भनेका छन् ।

रञ्जुश्री पराजुलीले उन्नयन (अङ्क १३-२०५० कार्तिक-चैत्र) नामक पत्रिकाको “बाँच्ने एउटा जिन्दगीभित्र बाँच्न खोज्दा शीर्षकको लेखममा “बाँच्ने एउटा जिन्दगी उपन्यास ऐतिहासिक र सामाजिक घटनालाई समावेश गरिएको उपन्यास हो” भन्दै पिँडालीलाई एक सफल उपन्यासकारको रूपमा प्रस्तुत गरिएको छ ।

“बाँच्ने एउटा जिन्दगी” उपन्यास (ललितपुर : साझा प्रकाशन : २०६२ पाँचौ सं.) को प्रकाशकीयमा “अत्यन्त रोचक, प्रवाहपूर्ण शैली र सरल लेखनको साथै घटनाहरूको मोहक उद्घाटनमा चित्रित उपन्यास हो “बाँच्ने एउटा जिन्दगी उपन्यास” भन्दै पिँडालीलाई लोकप्रिय र सफल उपन्यासकारका रूपमा चित्रण गरेको छ ।

उपर्युल्लिखित विभिन्न समालोचकहरूले पिँडालीका बारेमा सफल, उत्कृष्ट, सामाजिक उपन्यासका रूपमा परिभाषित गरे तापनि केशवराज पिँडालीको तेस्रो उपन्यास “बाँच्ने एउटा जिन्दगी” (२०५३) उपन्यासको कृतिपरक अध्ययन भएको छैन र यही उपन्यासको अध्ययन र विश्लेषण अत्यावश्यक भएकोले प्रस्तुत शोधपत्रमा पिँडालीको “बाँच्ने एउटा जिन्दगी” को औपन्यासिक त□वका आधारमा अध्ययन, विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

केशवराज पिँडालीका बारेमा धेरै अध्ययन, अनुसन्धान भए तापनि "बाँच्ने एउटा जिन्दगी"को कृतिपरक अध्ययन नभएकोले र प्रस्तुत शोधपत्रमा यसको अध्ययन हुनाले पिँडालीको "बाँच्ने एउटा जिन्दगी" उपन्यासको औपन्यासिक विश्लेषण र अध्ययनमा जिज्ञासा राख्ने पाठकलाई मार्गदर्शन गर्ने हुनाले र पुस्तकालयीय अध्ययन र वस्तुपरक अनुसन्धान परम्पराको विकासका दृष्टिले प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहने छ । वैज्ञानिक पद्धति र आधुनिक उपन्यासका मानक त□वका आधारमा उपन्यासको अध्ययन गरिने हुनाले प्रस्तुत शोधपत्र भावी शोधकर्ता तथा पिँडालीका औपन्यासिक प्रवृत्ति र उनका बारेमा अनुसन्धान गर्ने व्यक्तिहरूलाई समेत पथ प्रदर्शन गर्ने भएकोले यस शोधपत्रको प्राज्ञिक र अनुसन्धनात्मक औचित्यसमेत रहेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यको कथा, उपन्यास, कविता, निबन्धजस्ता विविध विषयमा कलम चलाउने भए तापनि पिँडालीको तेस्रो उपन्यास "बाँच्ने एउटा जिन्दगी" उपन्यासको कृतिपरक अध्ययनमा प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.८ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन मुख्य गरेर पुस्तकालयीय विधिमा आधारित रहने छ । यसको साथसाथै आवश्यकतानुसार विषयविशेषज्ञहरूसँगको भेट, राय सल्लाह र शोधनायकसँग सम्बन्धित व्यक्तिसँगको प्रत्यक्ष भेट वा सम्पर्क गरिने छ र सङ्कलित सामग्रीलाई अध्ययन र विश्लेषणका क्रममा उपन्यासका त□वका आधारमा रहेर अध्ययन गरी शोधपत्र तयार पारिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूपमा सम्पन्न गर्नका लागि जम्मा पाँच परिच्छेदमा विभाजन गरिनेछ । यसक्रममा आवश्यकताअनुरूप मूल शीर्षकलाई

विभिन्न उपशीर्षकहरू तथा उप-उपशीर्षकमा समेत राखेर शोधपत्रको तयार पारिने छ। शोधपत्रमा प्रस्तुत गरिने परिच्छेद विभाजनका शीर्षकहरू निम्नलिखित रहेका छन्:

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : उपन्यासको सैद्धान्तिक परिचय

परिच्छेद तीन : केशवराज पिँडालीको सङ्क्षिप्त परिचय र उनको रचनाधर्मिता

परिच्छेद चार : बाँच्ने एउटा जिन्दगी उपन्यासको विश्लेषण

परिच्छेद पाँच : उपसंहार

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयारीका क्रममा उपयोग गरिएका विभिन्न पुस्तकहरू र पत्रपत्रिकाहरूको सूची राखिएको छ।

## दोस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ उपन्यास शब्दको व्युत्पति र अर्थ

'उपन्यास' शब्दले आधुनिक साहित्यका विविध विधाहरूमध्ये एउटा समृद्ध विधालाई जनाउँछ समाजको समसामयिक यथार्थलाई प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधाका रूपमा उपन्यासलाई लिइएको छ । जीवनजगत्को साङ्गोपाङ्ग चित्रण गर्ने क्रममा सबभन्दा पछाडि जन्मिएको साहित्यिक विधा नै उपन्यास हो ।[१] पूर्वीय तथा पाश्चात्य जगत्मा यसको व्युत्पत्ति र अर्थ आ-आफ्नै ढङ्गले गरिएको देखिन्छ । तसर्थ यहाँ पनि पूर्वीय तथा पाश्चात्य साहित्यमा गरिएको व्युत्पत्ति र अर्थलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गर्नु आवश्यक ठानिएको छ ।

### २.१.१ पूर्वीय मान्यताका आधारमा उपन्यासको व्युत्पत्ति र अर्थ

उपन्यास संस्कृत शब्द हो । उपन्यास शब्दको निर्माण अस् धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' प्रत्यय लागेर भएको हो । 'अस्' धातुको अर्थ 'राख्नु' भन्ने हुन्छ ।[२] उपको अर्थ 'नजिक' र 'न्यास' को अर्थ 'राख्नु' भन्ने बुझिन्छ । त्यसैले उपन्यासको अर्थ 'नजिक राखिएको वस्तु' भन्ने हुन्छ ।[३]

उप + नि + अस् + घञ् मिलेर बनेको उपन्यास शब्दको अभिधेयार्थ कुनै वस्तुलाई कसैको नजिक राख्नु हो भन्ने बुझिन्थ्यो तर कुनै प्रकल्पनात्मक गद्यमय रचना भन्ने बुझिँदैनथ्यो ।[४] संस्कृत साहित्यमा उपन्यास : प्रसादनम् प्रसन्न गर्ने तथा उपपतिकृतो हयर्थ उपन्यास प्रकीर्तित : कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने[५] भनी उपन्यासको व्याख्या दिइएको छ । यसकै मूल आशयको साङ्केतिक रूप 'समीपता' भने

---

[१] मोहनप्रसाद दाहाल, **आधुनिक नेपाली उपन्यास**, (दार्जिलिङ : ग्रन्थकार सहकारी समिति, सन् १९९३) पृ. ५ ।

[२] टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५९) पृ. १७९ ।

[३] कृष्णचन्द्रसिँह प्रधान, **नेपाली उपन्यास र उपन्यास**, चौथो.सं. (काठमाडौं : साझा प्रकाशन, २०६१) पृ. १३ ।

[४] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पाँचौं सं (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १५३ ।

[५] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ।

शाब्दिक व्युत्पत्तिमा नै छ । साहित्यको शास्त्रीय धारणानुसार चाहिँ उपन्यासको खास अर्थ जीवनसँग सम्बन्धित विषयवस्तु भन्ने बुझिन्छ किनभने उपन्यासमा जीवनको यथार्थ चित्र अङ्कित गरिएको हुन्छ । त्यसैले जीवनको निकटमा रहेको विषयवस्तुलाई उपन्यास भन्न सकिन्छ ।[6] भासको 'स्वप्नवासवदत्तम्' नाटकमा 'सुखमन्यद् भवेत् सर्व' दुःख न्यासस्य रक्षणम्' भनेर नासोको अर्थमा न्यास पदलाई लिइएको देखिन्छ । अन्य कतिपय ठाउँहरूमा पनि विद्वान्हरूले न्यास पदलाई विविध अर्थमा प्रयोग गरेको पाइन्छ । यसरी न्यास पदले जेजस्ता अर्थ प्रदान गरे पनि 'उप + न्यास' को मेलबाट बनेको उपन्यास शब्दको सोझो अर्थ निकटस्थ वस्तु या जीवनको अनुभूति हो । 'उप + न्यास' लाई आधार मानेर बढी अर्थ निकाल्न खोज्ने हो भने साहित्यका अन्य विधाहरूमा भन्दा उपन्यासमा ज्यादै निकटता, स्वच्छन्दता, स्वभाविकतापूर्वक जीवनको अध्ययन गरिएको हुन्छ भन्नुपर्छ ।[7]

'नोबेल' को पर्यायवाची रूपमा चिनिने उपन्यास विधागत स्वरूपमा नवीन भए पनि भरतमुनिले आफ्नो नाट्यशास्त्रमा प्रतिमुख सन्धिमा १३ भेदमध्ये १३ औँ भेदका रूपमा उपन्यासको चर्चा गरेका छन् ।[8] यसमा जुन उपयुक्त अर्थ छ त्यो उपन्यास हुन्छ भनी बताइएको छ ।[9] नाट्यशास्त्रमा भरतमुनिले उपन्यासको चर्चा गरिसकेपछि त्यसपछिका विद्वान्हरूले पनि थुप्रै ठाउँहरूमा उपन्यास शब्दलाई प्रतिमुख सन्धिको अङ्गविशेष तथा विन्यास, स्थापना, ज्ञापन, सन्दर्भ आदि जस्ता विभिन्न अर्थमा प्रयोग गरिएको पाइन्छ ।[10] अझ प्राचीन साहित्यमा उपन्यासको खास अर्थ कथन, सुझाव, घोषणा, परिसंवाद, नियोजन, सङ्केत, निर्देशन आदिका रूपमा प्रयोग भएको पाइन्छ ।[11] संस्कृतमा उपन्याससँग नजिकको साइनो गाँस्ने रचना विशेषलाई आख्यायिकाका

---

६ प्रतापचन्द्र प्रधान, नेपाली उपन्यास परम्परा र पृष्ठभूमि (दार्जिलिङ्ग : दीपा प्रकाशन, २०४०), पृ. ७ ।

७ भानुभक्त पोखरेल, सिद्धान्त र साहित्य, (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०), पृ. १७९ ।

८ गोविन्दप्रसाद भट्टराई (अनु.) भरमुनिको नाट्यशास्त्र, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९),पृ. ३३६ ।

९ ऐजन, पृ. ३३९ ।

१० कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् पृ. १३ ।

११ प्रतापचन्द्र प्रधान, पूर्ववत्, पृ. ८ ।

रूपमा चर्चा गरिएको छ ।[12] वाणभट्टको 'कादम्बरी' दण्डीको 'दशकुमार चरित्र' आदि गद्य रचनाहरू आख्यायिकाका रूपमा संस्कृत साहित्यमा सुशोभित छन् । यी र यस्ता धेरै उपन्यासको स्पष्ट विधागत स्वरूप र अस्ति□वलाई आत्मसात गर्न सकेको भने देखिँदैन ।[13]

### २.१.२ पाश्चात्य मान्यताका आधारमा उपन्यासको पयार्यवाची नोबेल शब्दको व्युत्पत्ति र अर्थ

नेपाली साहित्यमा प्रयोग हुँदै आएको उपन्यास शब्द अङ्ग्रेजीको 'नोबेल' शब्दको पयार्यका रूपमा रहेको छ । पाश्चात्य दृष्टिकोणअनुसार अङ्ग्रेजीमा भनिने 'नोबेल' शब्द इटालेलीको 'नोबेले' तथा 'नोबलस' शब्दकै रूपान्तरण मानिएको छ ।[14] फ्रान्समा पनि उपन्यासकै अर्थमा प्रयोग हुने 'नोबेल' शब्दको प्राविधिक अर्थ 'उपान्यस' बनेको छ ।[15] यसले एकातिर नयाँलाई अर्थ्याउँछ भने अर्कातिर यो इटालेली नोबेलसँग जोडिएकाले समाचारलाई जनाउँछ । समाचार शब्दले इङ्गित गर्ने आशयको व्याख्या गर्दा अचेल देखिने उपान्यासअनुसार यसले सामान्य जीवनबाट चरित्र तथा घटनाहरू बटुलेर प्रचलित भाषामा प्रस्तुत गर्ने गुण विशेषलाई सङ्केत गर्दछ ।[16]

आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवन सापेक्ष प्रस्तुति हो र नोबेल शब्दको आधुनिक उत्पत्ति हो भन्ने कुरालाई बुझाउँछ ।[17]

'नोबेल' शब्द प्रयोगमा आउनु अघि 'फिक्सन' शब्द प्रचलित थियो । अर्कातिर 'रोमान्स' ले पनि आख्यान कै अर्थ वहन गर्दथ्यो । विकासमा ऐतिहासिक चरणहरू नियाल्दा उपन्यासपूर्वको कथामा रोमान्सको संसार भेटिन्छ ।[18] रोमान्सलाई प्रेम र शौर्यवर्णनमा अवलम्वित कथा भने हुन्छ । रोमान्स इतिहास अनुप्राणित तर कल्पनामा

---

[१२] कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास (काठमाडौं : साझा प्रकाशन, २०५९), पृ. ३ ।

[१३] ऐजन ।

[१४] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १४ ।

[१५] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (बाराणसी : भूमिका प्रकाशन, २०५३), पृ. ४ ।

[१६] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ।

[१७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ४ ।

[१८] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ।

आधारित हुने हुनाले अपेक्षाकृत यथार्थजीवनसँग सान्निध्य राख्ने उपन्याससँग दाँज्न सक्तैनन् केबल आफ्नो बेग्लै यथार्थको संसार सृष्टि गर्ने उपन्यासको स्रोत भने हुन सक्छन् ।[19]

चौधौँ शताब्दीको मध्यदेखि औपन्यासिक ढङ्गका प्रारम्भिक खुट्किलाका रूपमा गद्यको प्रयोग साथै बोलीचाली भाषामा साहसिक अलौकिक प्रेमकथाहरू आउन थाले । इटालेली कथाकार जिओवानी बोकासियो 'डेकामेरा' का कथाहरू यस परम्पराका रोचक नयाँ र आकर्षक कथाकृतिका रूपमा देखिन्छन् । यी सामग्रीहरू आधुनिक आख्यानधर्तीका आधारशीला हुन् । यिनमा युरोपेली आख्यान साहित्यको मात्र होइन उपन्यास लगायतका आधुनिक गद्याख्यानधर्तीका आधारशीला हुन् । यिनमा युरोपेली आख्यान साहित्यको मात्र होइन उपन्यास लगायतका आधुनिक गद्याख्यान समेतको जग अडेको छ ।[20] 'डेकामेराँ' का यिनै कथालाई इटालेली भाषामा 'नोबेल' भनिन्छ जसबाट 'नोबेल' को उत्पत्ति भयो ।[21] "दि सार्टर अक्सफोर्ड इङ्गलिस डिक्सनरीमा इस्वीको १४६० देखि मात्र आधुनिक सन्दर्भमा नोबेलको प्रयोग हुन थालेको उल्लेख छ ।[22] पन्ध्रौँ, सोहौँ र सत्रौँ शताब्दीमा युरोपमा पुनर्जागरण आयो, त्यसबाट उद्धृत सांस्कृतिक चेतनाको परिमाणस्वरूप अठारौँ शताब्दीमा साहित्यिक विधाको रूपमा उपन्यासको जन्म भयो । रोमान्सेली प्रवृत्तिलाई त्याग्दै यथार्थ चित्रण गर्ने प्रवृत्तिलाई लिएर अङ्ग्रेजी साहित्यमा डेनियल डिफो, सेम्युअल रिचर्डसन, हेनरी फिल्डिङ, स्मोलेट स्टर्न आदि उपन्यासकारहरू प्रारम्भमा देखा परे । यिनीहरूकै लेखनीबाट विश्वमा उपन्यास विधाको जन्म भयो ।[23] त्यसपछि अङ्ग्रेजी उपन्यासको एक निश्चित मौलिक यथार्थिक रूप कायम भयो । फलतः अब उपन्यास मानव समाजको उत्थान र पतनको

---

[19] ऐजन ।

[20] रोजन्द्र सुवेदी, पूर्ववत्, पृ. ६ ।

[21] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ।

[22] ऐजन ।

[23] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, पाँचौ सं. (काठमाडौं : साझा प्रकाशन, २०४६), पृ. ९६ ।

प्रतिबिम्ब झल्काउने सर्वश्रेष्ठ विधा बन्यो र यसले विश्वव्यापी लोकप्रियता प्राप्त गऱ्यो ।[24]

## २.२ उपन्यासको परिभाषा

उपन्यासलाई पाश्चात्य साहित्यको दनको रूपमा विकसित आधुनिक नवीन विधा मानिन्छ । उपन्यास विभिन्न स्थितिमा विविध दृष्टिकोणलाई अँगाली विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने साहित्यिक रूप हुनाले नै यस उपर विभिन्न विद्वान्हरूद्वारा व्यक्त धारणा तथा परिभाषा पनि प्रशस्त देखिन्छन् । पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै ढङ्गबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । तीमध्ये केही विद्वान्हरूको धारणालाई राख्नु उपयुक्त देखिन्छ ।

### २.२.१ पाश्चात्य विद्वान्हरूको दृष्टिकोणमा उपन्यासको परिभाषा

**(क) फिल्डिङ**

गद्यमा लेखिएको सुखान्त महाकाव्य नै उपन्यास हो ।[25]

**(ख) कलारा रिब्स**

वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्बिर उपन्यासले उतार्छ ।[26]

**(ग) इ.एम. फोस्टर**

हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारहरूद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास
हो ।[27]

---

[24] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १५६ ।
[25] ऐजन, पृ. १५५ ।
[26] ऐजन ।
[27] कृष्णहरि बराल र नेत्र एटम्, पूर्ववत्, पृ. ७ ।

### (घ) डब्लु, एच्. हड्सन

उपन्यासको रुचि र अस्ति□व जहाँ पनि नारी र पुरुष जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नमा रहेको छ ।[२८]

### (ङ) राल्फ फक्स

उपन्यास कोरा कथात्मक गद्यलेखन होइन, यो त मानव जीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो जसले मानवको सम्पूर्ण अभिव्यक्त गर्ने प्रयास गर्छ ।[२९]

## २.२.२ नेपाली साहित्यका विद्वान्हरूको दृष्टिकोणमा उपन्यासको परिभाषा

### (क) बृहत् नेपाली शब्दकोश

धेरै अध्यायका खण्डमा लेखिने लामो साहित्यिक कथा तथा चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो ।[३०]

### (ख) कृष्णचन्द्रसिंह प्रधान

उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने वा केलाउने र चित्रण गर्ने चेष्टा अत्यन्त यथार्थिक हुन्छ । तथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य, जीवित मनुष्यको संसार हो ।[३१]

### (ग) इन्द्रबहादुर राई

उपन्यास यथार्थमा भावनाको भाषा जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ ।[३२]

---

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **बृहत् नेपाली शब्दकोश,** (काठमाडौं : नेराप्रप्र, २०४०), पृ. ७५६ ।

[३१] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ४ ।

[३२] इन्द्रबहादुर राई, **नेपाली उपन्यासका आधारहरू,** काठमाडौं : साझा प्रकाशन (२०५२), पृ. ४० ।

**(घ) दयाराम श्रेष्ठ**

बहुविध संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग परम्परामा शृङ्खलाबद्ध भई निश्चित मूल प्राप्त गरेको तथा व्यापक परिधि भरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।[३३]

**(च) राजेन्द्र सुवेदी**

पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।[३४]

**(छ) कृष्णहरि बराल र नेत्र एटम**

मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्याख्यानलाई उपन्यास भनिन्छ ।[३५]

उपन्यासका बारेमा दिइएका माथिका विभिन्न विद्वान्हरूका परिभाषाहरूलाई हेर्दा फरकफरक विचार देखापर्दछन् । परिवर्तनशील विधा भएकाले पनि एक समयमा दिइएको परिभाषाले आगामी युगलाई पूर्णरूपमा समेट्न सक्दैन । कतिपय परिभाषा आजको सन्दर्भमा उपन्यासलाई चिनाउन असमर्थ छन् । माथिका विद्वान्हरूमा कसैले वस्तुपक्ष, कसैले शैली, कसैले रूप र कसैले चरित्रलाई प्राथमिकता दिएका छन् । पाश्चात्य विद्वान् 'फिल्डिङ' सुखान्त पक्षमाथि जोड दिन्छन् तर यो तर्क आजको सन्दर्भमा उपयुक्त देखिँदैन । कसैले लामो काल्पनिक कथा, कसैले ठिक्कको लम्बाइको कथा भने पनि उपन्यासको निश्चित आयाम यसले पनि प्रस्ट पार्न सकेको छैन । कसैले लामो कथा, कसैले धेरै पात्र, कसैले व्यापक परिवेश आदि भनेको पाइए पनि कति धेरै र कति व्यापक त्यसको स्पष्टता भने पाइँदैन । वर्तमान सन्दर्भमा थोरै पात्र र झिनो कथाले पनि उपन्यास सृजना भएकाले पनि यस्ता खालका परिभाषाले उपन्यासलाई प्रस्ट्याउन सकेको देखिँदैन । नेपाली साहित्यका विद्वान्हरूले पनि कसैले

---

[३३] दयाराम श्रेष्ठ र मोहनराम शर्मा, पूर्ववत्, पृ. ९७ ।

[३४] राजेन्द्र सुवेदी, पूर्ववत्., पृ. ८ ।

[३५] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ८ ।

धेरै अध्याय वा खण्डहरू, कसैले पात्र र कसैले वस्तुपक्षमा जोड दिँदै उपन्यासलाई चिनाउन खोजेको देखिन्छ । तैपनि उपन्यास यस्तै हो र यस्तै हुनुपर्छ भनी स्पष्ट किटान भने गरेको देखिँदैन । मानव जीवनको साङ्गोपाङ्ग प्रस्तुति उपन्यासमा हुने भएकाले 'जीवनको यथार्थ चित्र उपन्यास हो' जस्ता परिभाषा उपयुक्त देखिन्छन् । माथि दिइएका सम्पूर्ण परिभाषालाई समेटी उपन्यासको यस्तो परिभाषा गर्न सकिन्छ :

'जीवनका विविध पक्षहरूलाई यथार्थ ढङ्गमा चित्रण गर्ने पूर्ण आख्यानात्मक गद्य रचनाविशेष उपन्यास हो ।'

## २.३ उपन्यासको स्वरूप

प्राचीन कविता काव्यको युग भए झैँ आधुनिक युग उपन्यासको हो । वर्तमान युगमा उपन्यास अभिव्यक्तिको सशक्त माध्यम हुनमा वर्तमान सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक परिवर्तनले मुख्य भूमिका खेलेको छ । वर्तमान मान्छेले प्राचीन युगमा आदर्शलाई बढी पछ्याउँथ्यो भने हाल आएर मान्छेले यथार्थको खोजी गर्न थाल्यो । फलस्वरूप यथार्थको चित्रण गर्ने माध्यम उपन्यासमा भेट्टायो ।

उपन्यास आफ्नै स्वरूप र सङ्गठन भएको विधा हो । साहित्य सधैँ गतिशील हुने हुनाले यसको स्वरूपमा पनि केही फेरबदल आइरहेको देखिन्छ । उपन्यासको रूपविधान सबैभन्दा लचिलो हुन्छ अनि त्यो परिस्थितिअनुसार कुनै पनि रूप निर्धारण गर्न सक्छ ।[घट] युग र परिस्थितिअनुसार उपन्यासले आफ्नो स्वरूप बदल्दै जाने हुनाले यसको स्वरूप ठीक यस्तै हुन्छ भनी किटान गर्न गाह्रो छ ।

उपन्यास साहित्यको सबैभन्दा बढी प्राणवान् र सशक्त विधा मानिन्छ । उपन्यासको पृष्ठधार व्यापक हुन्छ । त्यसैले समय र स्थानको सीमामा यो बाँधिएको हुन्न । यस सीमायुक्त स्वतन्त्रताले गर्दा समाज वा जीवनको समग्रता र समपूर्णतालाई यसले प्रक्षेपण गर्दछ । यो मनोरञ्जन कथात्मकताले गर्दा अरूभन्दा रोचक, विस्तृत परिवेशले गर्दा अझ व्यापक बन्धनहीन स्वरूपले गर्दा सधैँ परिवर्त्य जीवनको

---

[३६] धीरेन्द्र वर्मा तथा अन्य, (सम्पा.), हिन्दी साहित्यकोश, भाग १, दो.सं., (वाराणसी : ज्ञानमण्डल लि., २०२०), पृ. १४४ ।

निकटतम चित्र हुनाले बढी यथार्थ, प्रयोगधर्मी सम्भावना गर्ने भएकाले अति गहन तथा सूक्ष्म हुन्छ ।[३७] उपन्यासभित्र दृश्य, पात्र, घटना, चरित्र उद्देश्य आदि थुप्रै कुराहरूको संयोजन हुन्छ । यी सबैको कलापूर्ण अन्वयमा उपन्यासको स्वरूप तयार हुन्छ । तर यस्ता वस्तुलाई सँगालेर कुनै एउटा निर्धारित स्वरूप दिनु निश्चय नै मह□वपूर्ण कार्य हो । उपन्यास नैसर्गिक कोमलताले यसलाई शास्त्रीयता जस्ताको विविध निषेधबाट पनि मुक्त राखेको छ ।[३८] दृष्टिको तीव्रता सम्पन्न भएका आचोलकहरूबाट पनि विज्ञान र गणितीय पद्धतिबाट जीवनको चिरफार र नापतौल गर्न अवश्य पनि सम्भव छैन ।[३९] जीवनको प्राकृतिकतालाई कृतिम र निर्मिताका प्रवाहमा धकेल्न खोज्नु भनेको शास्त्रीय विधि र निषेधका रेखामा साँघुऱ्याउन खोज्नु उपन्यासलाई मात्र होइन जीवनको नैसर्गिकतालाई सूत्रबद्ध गर्न खोज्नु हो । त्यसकारण उपन्यासलाई जीवनको मर्यादित पक्ष जतिकै स्वतन्त्र रहन दिनुपर्छ ।[४०] यसलाई कालले बाँध्दैन, न त नीति नियमले नै छेक्छ । फलस्वरूप कथाको केन्द्रीयतासमेत अनिवार्य गरिएन । आकारमा प्रशस्त विविधता देखापरे । विविधताको कारण चाहिँ उपन्यासको कोमलतम् स्वरूप नै हो । उपन्यासको कोमलतम स्वरूपको अर्थ 'उपन्यास नियमरहित हुन्छ' भन्ने चाहिँ होइन ।

उपन्यासमा जीवनका स्थूल तथा सूक्ष्म एवम् असाधारण तथा साधारण तथ्यहरूलाई यथार्थ रूपमा उतार्न सकिन्छ । वास्तवमा उपन्यासबाट सिङ्गो युगको जानकारी समस्त सामाजिक धरातलको सर्वेक्षण र जीवनको साङ्गोपाङ्ग विश्लेषण गरिएको हुन्छ ।[४१] विभिन्न उपकरणहरूको छुट्टाछुट्टै अस्ति□व र भूमिका रहे पनि एउटा यस्तो संयोजन र अन्वयमा तिनीहरू अन्तर्निहित भएका हुन्छन् जसको सम्पूर्णतामा उपन्यासले आकार धारण गर्दछ । समय, ठाउँ र मह□वको ख्याल राखेर तिनीहरूलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित

[३७] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. ९४ ।

[३८] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २ ।

[३९] ऐजन

[४०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५ ।

[४१] ऐजन

गर्नु नै उपन्यासको स्वरूप हो । विभिन्न प्रविधि र प्रक्रियाको अनुसरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो । यसरी हेर्दा उपन्यासको स्वरूप किटान गर्न त गाह्रो पर्छ तर उपन्यासका विभिन्न अङ्गहरूको आवश्यक संयोजन, सुसङ्गठन र परिपूर्णताद्वारा नै उपन्यासको स्वरूप निर्माण हुन सक्दछ भन्न सकिन्छ ।

## २.४ उपन्यासका तत्त्वहरू

उपन्यास संरचनाका लागि नभई नहुने मह□वपूर्ण कुराहरूलाई उपन्यासका त□व भनिन्छ । यस्ता त□वहरू कतिपय अनिवार्य हुन्छन् भने कतिपय गौण वा सहायक रूपमा रहेका हुन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणअनुसार उपन्यासका त□वहरूबारे चर्चा गरेका छन् । हड्सनले सानो र ठूलो असल र खराब जुनसुकै उपन्यासका संरचनाका लागि कथावस्तु, चरित्रचित्रण, संवाद, देशकाल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन गरी ६ वटा त□वहरू आवश्यक मानेका छन् ।[४२] धीरेन्द्र बर्माले कथावस्तु, पात्र, संवाद, देशकाल वातावरण, शैली र जीवनदर्शनलाई उपन्यासका प्रमुख त□व मानेका छन् । उपन्यासका त□वहरूमा कृष्णचनद्रसिंह प्रधानले कथानक, चरित्र कथोपकथन शैली भाषा, वातावरण र उद्देश्य[४३] हिमांशु थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य[४४] केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, देशकाल वातावरण, शैली र जीवनदर्शनलाई लिएका छन् । कतिपय पाश्चात्य आलोचकहरूले कथावस्तु चरित्र, कथोपकथन र वर्णन गरी चार कुरालाई उपन्यासका प्रमुख त□वका रूपमा स्विकार्छन् र वातावरण उद्देश्य र शैलीलाई तिनै चारमा अन्तर्भूत ठान्दछन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु भाषा, प्रतीक र बिम्ब, गति र

[४२] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. १७९ ।

[४३] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ४ ।

[४४] टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. २०३ ।

लयलाई उपन्यासका त□वका रूपमा लिएका छन् ।[४५] यी विभिन्न विद्वान्हरूलाई हेर्दा उपन्यासको आधारभूत त□वका बारेमा मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूको धारणालाई मनन गरी उपन्यासका प्रमुख त□वहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

(क) कथानक (ख) चरित्र (ग) संवाद (घ) पर्यावरण

(ङ) दृष्टिबिन्दु (च) भाषाशैली (छ) उद्देश्य

### २.४.१ कथानक

उपन्यास संरचनाका लागि आवश्यक पर्ने विभिन्न त□वहरूमध्ये सबैभन्दा मह□वपूर्ण त□व कथानक हो । कथानक उपन्यासको कच्चा सामग्री हो । कथानक भन्नाले कार्यकरण शृङ्खलामा आबद्ध कथावस्तु वा घटनाक्रम हो । कथानकमा धेरै कथाहरूको संयोजन रहेको हुन्छ । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । विभिन्न घटना र तिनीहरूको एक सूत्रताको माध्यमबाट जुन एउटा कथानक बन्दछ, त्यस्तो कथानक उपन्यासको प्राण हो ।[४६] कथानकमा तर्क बुद्धि, कल्पनाजस्ता साधनहरूको प्रयोग गरी घटनाहरूको लामो साङ्लो प्रस्तुत गरिएको हुन्छ । घटनाहरूको प्रस्तुति कार्यकारण सम्बन्धमा आश्रित हुने हुनाले यसको सम्बन्ध उद्देश्य र विचारसँग पनि घनिष्ट रूपले गाँसिएको हुन्छ । कथानक उपन्यासको मूल ढाँचा निर्माणको त्यस्तो आधारभूत त□व हो, जुन कार्यकारण शृङ्खलाका घटनाहरूद्वारा व्यवस्थित र योजनाबद्ध तरिकाले जोडिएको हुन्छ ।

कथानक उपन्यासको जग हो । सबैखाले उपन्यासमा यसको अपरिहार्यता स्पष्ट देख्न सकिन्छ । घटनाप्रधान उपन्यासमा त खास गरी यसैको प्रमुखता हुन्छ, आत्मास्वरूप अवस्थित हुन्छ ।[४७] प्रारम्भिककालीन उपन्यासमा कथानकलाई मह□वपूर्ण र अनिवार्य त□व मानिए पनि हाल कथानकको अनिवार्यता र मह□व घट्दै गइरहेको देखिन्छ । उपन्यासका क्षेत्रमा विभिन्न प्रयोगहरू हुँदै जाँदा हाल उपन्यासको जन्म

---

[४५] धीरेन्द्र वर्मा, पूर्ववत्, पृ. १२३ ।

[४६] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७ ।

[४७] हिमांशु थापा, साहित्य परिचय (काठमाडौं : साझा प्रकाशन, २०५०) पृ. १२७ ।

हुनपुगेको छ । जसले कथानकविनाको स्वरूपमा लम्कन चाहेको देखिन्छ । हाल कथानकलाई गौण स्थान दिएर अथवा त्यसको आवश्यकता नै नसम्झेर उपेक्षा गर्न खोजिएझैँ विश्व उपन्यासको स्थिति छ ।[48] तर उपन्यास एक आख्यानजीवी साहित्यिक विधा भएकाले प्रमुख त□व कथानकको उपेक्षा त्यति धेरै सम्भव देखिँदैन, यदि सम्भव भए पनि त्यो एक आख्यानसाहित्यका निम्ति दु:साध्य नै ठहरिन्छ ।

## २.४.२ चरित्र

चरित्र उपन्यासका उपकरणमध्ये प्रमुख त□व मानिन्छ । चरित्रलाई कतै पात्र, कतै सहभागी र कतै कार्यव्यापार आदिका नामबाट पनि चिनाउने गरिन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ ।[49] उपन्यासको कथानकमा आएका घटनासँग सम्बद्ध हुँदै कथानकलाई सजीव बनाएर गति दिने सहभागी नै चरित्र वा पात्र हो । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त मात्र नै चरित्र हुन् ।[50] उपन्यासमा चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरबदल गर्ने गर्दछन् । उपन्यासकारले आफ्ना विचार वा जीवनदर्शन चरित्रमार्फत् नै प्रस्तुत गर्दछ । चरित्रको चित्रणमार्फत् व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । मानिसका आन्तरिक र बाह्य प्रवृत्तिहरू चरित्रकै माध्यमले प्रस्तुत हुने गर्दछन् ।[51] चरित्रहरू उपन्यासको सारवस्तु र विचारलाई संवहन गर्ने माध्यम पनि हुन् । वास्तवमा उपन्यासमा प्राण भर्ने काम नै चरित्रले गर्दछ । त्यसैले चरित्रको चयन उपन्यासको कथानकसँग सम्बद्ध रहेर गर्ने गरिन्छ । चरित्रहरू पर्यावरण सुहाउँदा, जीवनका घातप्रतिघातहरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ अन्यथा उपन्यास अस्वाभाविक बन्न पुग्दछ । उपन्यासमा प्रयुक्त

---

[48] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १६२ ।

[49] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २१ ।

[50] टङ्कप्रसाद न्यौपाने, पूर्ववत्, प. २०३ ।

[51] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७ ।

पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक भएर आएको हुन्छ ।[52] त्यसैले आजभोलि मानवचरित्र र मानवसमाजलाई बुझ्ने प्रमुख त□वका रूपमा चरित्रले प्रमुखता पाएको छ । चरित्रप्रधान उपन्यासमा त चरित्रकै केन्द्रीयतामा उपन्यास संरचित हुने हुँदा चरित्रप्रधान उपन्यासका लागि त चरित्र प्राण हो भन्दा फरक पर्दैन । वर्तमान समयमा लेखिएका उपन्यासहरू क्रमशः चरित्रकेन्द्री बन्दै गइरहेका देखिन्छन् । प्रयोगवादी उपन्यासले कथानकलाई बेवास्ता गरेको पाइए पनि चरित्रलाई भने अझ प्रमुखताका साथ स्वीकारेको पाइन्छ । यसरी हेर्दा उपन्यासमा चरित्रको भूमिका अपरिहार्य देखिन्छ ।

## २.४.३ संवाद

उपन्यासमा वर्णित पात्रहरूबीचको कुराकानी नै संवाद हो । पात्र -पात्रका बीच आ-आफ्ना विचार, भावना र मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने वार्तालापलाई संवाद भनिन्छ ।[53] पात्रका अन्तर वा बाह्य दुवै जगत्का जटिलताहरू, कुण्ठा र वितृष्णाहरू, आकर्षण र उत्साहका प्रसङ्गहरू उपन्यासका संवादबाटै व्यक्त हुँदै जान्छन् । उपन्यास वर्णनप्रधान हुने हुनाले संवाद अनिवार्य नै नभए पनि उपन्यासमा नवीनता, रोचकता र कौतुहलपूर्ण स्थिति र वातावरणको सिर्जना गर्न संवादको मह□वपूर्ण भूमिका हुन्छ । उपन्यासकारले मात्र एकोहोरो वर्णन गरिरहँदा उपन्यास बिरसिलो बन्न जान्छ । कतिपय ठाउँमा उपन्यासकारले गरेको वर्णन भन्दा स्वयम् पात्रहरू अगाडि सरी संवाद गरेका खण्डमा उपन्यास स्वाभाविक र आकर्षक बन्दछ । उपन्यासकारको शैल्पिक कौशल संवादमा जाँच्न सकिन्छ त्यसकारण संवादलाई आकर्षक बनाउन लेखकले सावधानी र सतर्कताको पालन गर्नुपर्छ । संवादलाई रोचक र कौतूहलपूर्ण बनाउनका लागि सङ्क्षिप्तता, सहजता, सार्थकता, परिमितताको उपयोग हुनुपर्दछ ।[54] संवाद पात्रहरूको मानसिक, बौद्धिक र सामाजिक स्तरअनुकूल र देशकाल परिस्थिति सुहाउँदो हुनुपर्छ । पात्रको जीवनस्तर, भौतिक क्षमता, संस्कारगत संरचना आदि सबै

---

[52] ऐजन, पृ. ८ ।

[53] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २९ ।

[54] मोहनराज शर्मा, **शैलीविज्ञान,** (काठमाडौं : नेराप्रप्र, २०४८), पृ. १२४ ।

पात्रको समुचित व्यवहारलाई सुहाउँदिलो पारेर मात्रै संवादको प्रयोग गर्नुपर्छ । पात्रको स्वाभाविक स्तरलाई ध्यान दिन सकिएन भने उपन्यास बिरसिलो बन्न जान्छ । यसर्थ उपन्यासमा रोचकता र सौन्दर्य अभिवृद्धिका लागि पात्रानुकूल सरल एवम् स्तरीय संवाद आवश्यक हुन्छ ।

### २.४.४ पर्यावरण

उपन्यासमा प्रयुक्त त□वहरूमध्ये पर्यावरण पनि एउटा मूल र आवश्यक औपन्यासिक त□व हो । उपन्यासमा कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ ।[५५] मूलतः पर्यावरण शब्दले देशकाल र वातावरण दुई पक्षलाई समेटेको छ ।

अभिधेयार्थमा देश भनेको स्थान र काल भनेको समय हो । तर उपन्यासको देशकालभित्र कार्यव्यापार, स्थान, समयलगायत कथानकसँग मेल खाने रहनसहन प्राकृतिक पूर्वाधारसमेत पर्दछन् । विद्वान्हरूले देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म गरी २ भागमा विभाजत गरेका छन् । भौतिक वा स्थूल देशकाल चरित्रले कार्य गरेको स्थल, सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो ।[५६] यसरी हेर्दा देशकाल समय र स्थानको सीमा हो ।

उपन्यासको वातावरण पाठकको भावनासँग सम्बन्धित विषय हो । उपन्यासको कार्यव्यापार हुँदै जाँदा त्यस देशकालमा त्यहाँका चरित्रद्वारा घटाइएका घटनाहरूले पाठकका मनमा  छाड्ने प्रभाव उपन्यासको वातावरण हो । उपन्यास पढ्दा पाठकका मनमा उठ्ने दुःख, क्रोध, घृणाजस्ता भावहरूको उद्दीपन र तिनको परितृप्तिसँगै उपन्यासको वातावरण सम्बन्धित छ ।[५७] यसरी हेर्दा उपन्यासका अन्य त□वहरूका तुलनामा यो सूक्ष्म हुन्छ र पाठकको मानसिक अवस्थासँग सम्बन्धित हुन्छ । देशकाल

---

[५५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७ ।

[५६] ऐजन ।

[५७] केशवराज उपाध्याय, पूर्ववत्, पृ. १७१-१७२ ।

दृश्यात्मक भएकाले यसमा चाक्षुष ज्ञानको आवश्यकता पर्ने र वातावरण अनुभवजन्य हुने भएकाले यो मानसिक ज्ञानसँग सम्बद्ध हुने हुन्छ ।[५८] उपन्यासमा अनुभूतिको सञ्चार गराउन वातावरणले मह□वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

उपन्यासले जीवनजगत्को यथार्थ चित्रण गरेको हुन्छ । त्यसैअनुरूप उपयुक्त स्थान, समय र वातावरणको पनि सृष्टि गरेको हुन्छ । यसरी उपन्यासलाई जीवन्त बनाउन उपयुक्त किसिमले देशकाल वातावरणको सृष्टि गरिएको हुन्छ । देशकाल वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन ।[५९] जीवनप्रतिको लेखकको धारणा कस्तो छ भन्ने कुरा पनि यसै त□वका सापेक्षतामा उसले प्रस्तुत गरेको हुन्छ ।

उपन्यासमा प्रस्तुत गरिएका चरित्रहरू युगीन परिप्रेक्ष्यमा त्यसै समय र समाजका अभिन्न अङ्ग झैं बनेर रहेका हुन्छन् । पात्रहरूका विचार भावना र जीवनप्रतिको दृष्टिकोण पनि त्यसै समय र त्यही सामाजिक परिस्थिति अनुरूप निर्मित भएका हुन्छन् । यसले पात्रहरूका वैचारिक र चारित्रिक परिचय त दिन्छ नै त्यसका साथै त्यस समयको जीवन्त परिस्थितिको ज्ञान एवम् मनोभाव पनि पाठकलाई प्रदान गर्छ । यसरी उपन्यासमा वर्णित पात्रहरूका क्रियाकलाप, घटना, विचार, धारणा तथा पाठकको मनोभावका साथै समाजका अन्य परिस्थितिहरूको यथोचित संयोजन र प्रस्तुतीकरण उपन्यासको देशकाल वातावरण हो र यसको उपयुक्त संयोजनमा नै उपन्यासको सफलता निहित रहन्छ ।

### २.४.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुलाई उपन्यासको एउटा मह□वपूर्ण त□वकै रूपमा लिएको पाइन्छ । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो ।[६०] उपन्यासमा उपन्यासकारले कथा वाचन गर्न कुनै एक स्थानलाई

---

[५८] ऐजन ।

[५९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३५ ।

[६०] ऐजन ।

चयन गरी पात्रका कार्यव्यापार र घटनाहरूलाई पाठकसामु प्रस्तुत गरेको हुन्छ । कतै उपन्यासकार स्वयम् पात्रको रूपमा रहेर बोलिरहेको हुन्छ भने कतै बाहिर रहेर तटस्थ रूपमा उपन्यासका घटना र कार्यव्यापारलाई वर्णन तथा टिप्पणी गर्ने काम गरेको हुन्छ । यसरी हेर्दा उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयम् पनि आख्यान प्रस्तुत गर्दछ । सरसर्ती हेर्दा दृष्टिबिन्दु कथा प्रस्तुत गर्ने तरिका नै हो तर दृष्टिबिन्दु यतिमा मात्र सीमित विषय भने होइन र यो त पात्रका मनमा अनुभूति, भाव, संवेग चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः सम्बद्ध छ । कथा जुनसुकै तरिकाबाट भनियोस् तर पात्रहरूको मानसिक अनुहारलाई उपन्यासकारले छर्लङ्ग पार्न सक्नुपर्छ । लेखक र पाठकबीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु उपन्यासकारको क्षमता जाँच्ने कसी पनि हो । पात्रको निजी मानसिक बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षणविशेषमा त्यस पात्रले अनुभूत गर्ने, मनका प्रतिक्रिया, विचारक्षमताको सीमा आदि उपन्यासमा पात्रको माध्यमबाट व्यक्त गर्ने क्षमता उपन्यासकारमा हुनुपर्छ । त्यसैले दृष्टिबिन्दु भनेको पात्रको मनभित्रको डुबुल्की लगाइ हो ।[६१]

दृष्टिबिन्दु मूल रूपमा दुई प्रकारको हुन्छ- आन्तरिक र बाह्य । आन्तरिक पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । आन्तरिक दृष्टिबिन्दुमा उपन्यासकार आफै पात्रको रूपमा रहन्छ र ‘म’ मार्फत् कथावाचन गर्दछ । केन्द्रीय दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्र ‘म’ को आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ हुन्छ । परिधीय दृष्टिबिन्दुमा चाहिँ ‘म’ पात्र त रहन्छ तर उसको स्थान गौण रहन्छ, त्यो केवल मुख्य पात्रलाई प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

बाह्य दृष्टिबिन्दुमा उपन्यासकार स्वयम् पात्र, परिवेश र वातावरणको समाख्याता बनेर, ‘ऊ’, ‘त्यो’ वा कुनै व्यक्तिको नामबाट उपन्यासको कथा भनिन्छ । बाह्य दृष्टिबिन्दु पनि दुई प्रकारको हुन्छ- सर्वज्ञ र सीमित । सर्वज्ञ दृष्टिबिन्दुमा

[६१] ऐजन, पृ. ३६ ।

समाख्याताले पात्र र घटनाका कुराहरूलाई वर्णन गर्दा सर्वज्ञझैँ बनेर सबै कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ । समाख्याता सबै पात्रको मनभित्र स्वतन्त्र रूपले चियाउने गर्दछ । सीमित दृष्टिबिन्दुमा कथयिताले केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरेको हुन्छ । कथावाचन गर्दा उसले आफूलाई उपन्यासको कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुकाउँछ र कुनै सीमित पक्षबाट पात्र कुनै कुराको चर्चा गरेको हुन्छ ।[६२]

कुनै कुनै उपन्यासमा प्रथम तथा तृतीय पुरुष मिसिएको मिश्रित दृष्टिबिन्दुको प्रयोग पनि गरिएको पाइन्छ । आजकालका नवीन शैलीमा उपन्यासहरूमा त मिश्रित दृष्टिबिन्दुको प्रयोग गर्ने क्रम क्रमशः बढ्दै गइरहेको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका उपन्यासहरू पनि आजकल देख्न सकिन्छन् । आख्यानमा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग नवीन धारणा भएपनि केही उपन्यासहरूमा यस खालको दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु भएको उपन्यासमा उपन्यासकार र पाठकका बीच सीधा सम्बन्ध रहेको हुन्छ । उपन्यासकारले पाठकसँग प्रत्यक्ष कुराकानी गरेजस्तै गरी कथा अगाडि बढाएको हुन्छ । उपन्यासकारले पाठकलाई प्रत्यक्ष सम्बोधन गरी कथासँगै पाठकलाई अगाडि बढाउँछ । परन्तु द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोगसम्बन्धी अवधारणा नवीन भएकाले यस किसिमको प्रयोग एकाध उपन्यासमा मात्रै भएको देखिन्छ ।

### २.४.६ भाषाशैली

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । साहित्यमा भाषा एक अभिन्न अङ्गका रूपमा रहेको हुन्छ । भाषा नै भाव अभिव्यक्तिको प्रमुख माध्यम हो । यसलाई मानिसले आ-आफ्नो रुचि, ढङ्ग वा ढाँचाअनुसार व्यक्त गर्दछ । यसरी भाषाका माध्यमबाट विभिन्न किसिमका भाव तथा विचारहरूलाई जीवन्त रूपमा अभिव्यक्त गर्ने

---

[६२] प्रतापचन्द्र प्रधान, पूर्ववत्, पृ. ८४ ।

ढङ्ग वा विधि नै शैली हो ।[६३] प्रत्येक लेखकले आ-आफ्नो कला र सीपले अभिव्यक्तिका लागि भाषालाई सिँगार्छन् । भाषाको त्यो शृङ्गार अर्थात अभिव्यक्ति प्रणालीको समष्टि रूप नै शैली हो ।[६४] यसरी हेर्दा भाषा भावअभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो ।

उपन्यास साहित्यको गद्यविधा भएकाले उपन्यासमा सरल र स्वभाविक गद्यको प्रयोग हुनु वाञ्छनीय छ । तर साहित्यिक विधा भएकाले उपन्यासको भाषा पनि विचलनयुक्त हुन्छ, यसबाट अभिव्यञ्जनाका नयाँ कुराहरू प्राप्त हुन्छन् ।[६५] यस्तो भए तापनि कविता काव्यमा जस्तो अत्यधिक विचलन भने उपन्यासमा हुँदैन । कविता काव्यका तुलनामा उपन्यासको भाषा सहज र स्वभाविक हुन्छ । सहज र स्वभाविक बनाउने सिलसिलामा लोकोक्ति, उखान, टुक्काहरू, उपमा आदिको प्रयोग पनि गरिएको हुन्छ । वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रूपको प्रयोग पनि उपन्यासमा गरिन्छ । विषयवस्तु र पात्रको स्तरअनुकूलको भाषाको प्रयोग हुनु जरुरी छ; अन्यथा उपन्यास सहजताबाट कृत्रिमतातिर ढल्कँदै जान्छ । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । भाषाको त्यही मौलिकता नै उपन्यासकारको प्रस्तुतिको शैली हो गद्य भाषा भए पनि आलङ्कारिक र काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यासकारले भाषाशैलीमा आफ्नो निजी छाप छोड्न सक्नुपर्छ । कथावस्तुलाई रोचक र यथार्थ बनाउन उपन्यासकारले पात्रको स्तरअनुसारको भाषा प्रयोग गर्न सक्छ अनि आवश्यकताअनुसार व्यास, समास, गुम्फित, सरल आदि शैलीहरू अपनाएर आफ्नो निजत्व प्रस्तुत गर्दछ । यी बाहेक वर्णनात्मक विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, डायरी तथा चेतनप्रवाह शैलीको प्रयोग उपन्यासकारले पनि सक्दछ । यसरी हेर्दा उपन्यासका लागि भाषा-शैली एक अर्काका पूरक र अनिवार्य त□व हुन् भन्न सकिन्छ ।

---

[६३] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. ११ ।

[६४] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८ ।

[६५] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४,** दोस्रो.सं. (काठमाडौं : साझा प्रकाशन, २०६०), पृ. ११ ।

### २.४.७ उद्देश्य

कुनै पनि कार्य उद्देश्य प्राप्तिमै लक्षित हुन्छ । उद्देश्यहीन कार्य निरर्थक सावित हुन्छ । अतः उपन्यास पनि कुनै निश्चित उद्देश्य प्राप्तिका लागि नै लेखिन्छ । लेखकको जीवनदर्शन के हो त्यो पनि उद्देश्यबाट नै स्पष्ट हुन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा सारभूत अंशलाई उद्देश्य भनिन्छ । खास गरी कथानकको अन्तिम परिणतिलाई नै औपन्यासिक उद्देश्य मान्न सकिन्छ । उपन्यासकारले कृतिका माध्यमबाट जीवनबारे आफ्नो धारणा राखेको हुन्छ, पाठकलाई कुनै सन्देश दिन चाहेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा जीवन जगत्का यावत् पक्षहरूलाई यथार्थ ढङ्गमा प्रस्तुत गरेको हुन्छ । यसलाई नै उपन्यास सिर्जनाको प्रमुख उद्देश्य मान्ने गरिन्छ । उपन्यास खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् ।[६६] त्यसैले रचयिताको कृतिगत जीवनदर्शन नै उपन्यासको मूल प्रतिपाद्य हो, त्यसैलाई उपन्यासको उद्देश्य भनिन्छ ।

उपन्यासकारले औपन्यासिक उद्देश्य प्रस्तुत गर्दा कलात्मक र अप्रत्यक्ष किसिमले व्यक्त गर्नुपर्दछ । उपन्यासकारका विचार र उद्देश्यहरू, व्याख्यान, प्रवचन, भाषण र ठाडो अर्ती उपदेश एवम् नाराका रूपमा नआई स्वभाविक रूपमा अप्रत्यक्ष रूपले आएको हुनुपर्दछ । उद्देश्य उपन्यासमा जति आवश्यक छ त्यति नै त्यो कलात्मक र अप्रत्यक्ष रूपमा रहनु आवश्यक छ । त्यसैले उपन्यासकारले विचार, औपन्यासिक उद्देश्य वा सारवस्तु प्रस्तुत गर्दा निकै सजग र सतर्क रहनुपर्दछ अन्यथा त्यो उपन्यास नबनी कुनै अन्य व्याख्या प्रवचन, भाषण वा घोषणापत्र बन्न सक्ने सम्भावना रहन्छ ।[६७]

---

[६६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८-३९ ।

[६७] हिमांशु थापा, पूर्ववत्, पृ. १४२ ।

## २.५ उपन्यासको वर्गीकरण

उपन्यासलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले वर्गीकरण गरेका भए पनि वर्गीकरणका आधार भने प्रायः समान नै देखिन्छन् । कथानक, शैली, विषयवस्तु, धारा या प्रवृत्तिलाई उपन्यास वर्गीकरणको आधार मानिएको छ । कथानकका आधारमा उपन्यासलाई घटनाप्रधान, चरित्रप्रधान, भावानाप्रधान, नाटकीय र मिश्रित गरी ५ प्रकारका विभाजन गर्न सकिन्छ । शैलीका आधारमा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी, चित्रात्मक र चेतन प्रवाहात्मक गरी मुख्यतः ६ प्रकारमा वर्गीकरण गर्न सकिन्छ । धारा वा प्रवृत्तिका आधारमा भने आदर्शवादी, स्वच्छन्दतावादी, यथार्थवादी प्रगतिवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्ति□ववादी अतियथार्थवादी, प्रकृतवादी, प्रयोगवादी, मिथकीय र नारीवादी गरी १२ प्रकारका वर्गीकरण गर्न सकिन्छ । यसरी धारा वा प्रवृत्तिका आधारमा गरिएको वर्गीकरणलाई यहाँ छोटकरीमा चर्चा गर्नु आवश्यक ठानिएको छ ।

### २.५.१ आदर्शवादी उपन्यास

जुन उपन्यास जीवनलाई ऊर्ध्वमुखी बनाउने, चारित्रिक नैतिक सुधार गर्ने, मान्छेलाई असल मार्गमा लगाउने, आत्मविश्वास र संकल्पद्वारा लक्ष्यमा प्रवृत्त हुने जस्ता सद्विचारधाराबाट तयार गरिन्छ त्यसलाई आदर्शवादी उपन्यास भनिन्छ ।[६८] आदर्शवादी उपन्यासमा सामाजिक कथावस्तु भए पनि काल्पनिक आदर्शको बढी व्याख्या गरिएको हुन्छ । अनुकरणीय चरित्रको सिर्जना एवम् सत्को विजय र असत्को कुभलो वा पराजय आदर्शवादी उपन्यासमा देखाइन्छ । समाजलाई दैवी नियतिमा निर्भर राख्नु यस्ता उपन्यासको विशेषता हो । जे-जस्तो छ त्यो यथार्थ हो भने जे-जस्तो हुनुपर्छ त्यो आदर्श हो । यही मान्यतामा आधारित भएर लेखिएका उपन्यासहरू नै आदर्शवादी उपन्यास हुन् ।

[६८] प्रतापचन्द्र प्रधान, पूर्ववत्, पृ. ८८ ।

### २.५.२ स्वच्छन्दतावादी उपन्यास

यथार्थको बन्धनलाई भाँची स्वच्छन्दजीवनको वकालत गरेर लेखिएको उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनिन्छ ।[६९] कथ्यको वस्तुपक्षलाई बेवास्ता गर्दै भावपक्ष अर्थात वैयक्तिक वस्तुपक्षमाथि ज्यादा जोड यस्ता उपन्यासमा पाइन्छ । स्वतन्त्रताको चाहना, बन्धन मुक्त समाजको कल्पना, उन्मुक्त प्रेमको चित्रण, सहज र स्वच्छन्द ढङ्गले प्राकृतिक सौन्दर्यको वर्णन एवम् रहस्यवादिता स्वच्छन्दतावादी उपन्यासका विशेषता हुन् । सहज भाषा र आलङ्कारिक शैलीको प्रयोग यस्ता उपन्यासमा हुने गर्छ ।

### २.५.३ यथार्थवादी उपन्यास

संसारमा जुन वस्तु जे जस्तो छ, त्यसलाई त्यस्तै रूपमा अलिकति पनि तलमाथि नपारीकन साहित्यमा अभिव्यक्ति दिने साहित्य सिद्धान्त विशेष नै यथार्थवाद हो ।[७०] आदर्शवादी कोरा आदर्श र स्वच्छन्दतावादी भावुकता र काल्पनिकताको विरुद्ध आएको धारा हो यथार्थवाद । जीवन जस्तो छ, यस्तै रूपमा जीवनजगत्को प्रतिच्छाया उतार्ने उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ । जीवनका समस्त कटुसत्यको र गुणदोषको निर्भीक उद्घाटन यस्ता उपन्यासमा गरिन्छ । समाजमा घटेका र घट्ने यथार्थ घटनाको चित्रणमा जोड, मह□वहीन ठानिएका घटना, पात्र, स्थान आदिको सूक्ष्म प्रस्तुति र व्याख्या विश्लेषण, समाजको ऐना जस्तै हुबहु, प्रस्तुति काव्यात्मक भाषालाई अस्वीकार आदि कुराहरू यथार्थवादी उपन्यासका अनिवार्य सर्त हुन् ।

### २.५.४ प्रगतिवादी उपन्यास

मार्क्सवादका आधारभूत सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी लेखिएको उपन्यास प्रगतिवादी उपन्यास हो । जुन उपन्यासले प्रचलित सङ्कुचित सामाजिक मर्यादा, रीतिस्थिति परम्परा र तत्जन्य कुरीतिहरूको भण्डाफोर गर्दै

---

[६९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४१ ।

[७०] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्,पृ. ११ ।

सन्तुलित अर्थव्यवस्था, हरेक क्षेत्रमा समानता, वर्गहीनताजस्ता मार्क्सवादका आधारभूत सिद्धान्त प्रस्तुत गर्दछ । त्यस्ता उपन्यासलाई प्रगतिवादी उपन्यास भनिन्छ ।[७१] यस्ता उपन्यासमा पूँजीलाई सामाजिक सङ्घर्षको मूल कारण मान्दै श्रमिकलाई नायकत्व प्रदान गरिएको हुन्छ ।[७२] शोषण र दमनका विरुद्ध सर्वहारा वर्गको पक्षपोषण गर्दै वर्गद्वन्द्वको लागि तयार रहन सन्देश दिनु, कल्पनाभन्दा यथार्थमा जोड दिनु, कुरीति, धर्मका ढ्वाङ् र जातीय भेदभावको सशक्त विरोध गर्नु, काव्यात्मक भाषामा विश्वास नगरी स्थानीय सुबोध्य भाषाको प्रयोग गर्नु प्रगतिवादी उपन्यासका मूलभूत प्रवृत्ति हुन् ।

### २.५.५ मनोविश्लेषणवादी उपन्यास

मनोविज्ञानका सिद्धान्तमा आधारित भएर लेखिएका उपन्यास नै मनोविश्लेषणवादी उपन्यास हुन् । यस्ता उपन्यासमा मानिसको मनको अध्ययन र विश्लेषण गरिएको हुन्छ । अचेतन मनले चेतन मनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने अनेकौँ समस्याको प्रस्तुति यसमा पाइन्छ । मानिसका मनका हीनता, कुण्ठा, अतृप्ति र असन्तुष्टिबाट उत्पन्न हुने विविध भावनाहरूलाई केलाउन यस्ता उपन्यासको मुख्य लक्ष्य हुन्छ ।[७३] वस्तुजगत्लाई अस्वीकार एवम् मनोजगत्को चित्रण यस्ता उपन्यासमा हुने गर्छ । आख्यानमा भन्दा चरित्रचित्रणमा बढी जोड दिइएको हुन्छ भने बिम्ब र प्रतीकको अत्यधिक प्रयोग पनि गरिएको हुन्छ । पात्रहरू पनि वर्गहरू नभई व्यक्तिगत हुन्छन् साथै कथावस्तुको कार्यकारण शृङ्खला पनि त्यति मिलेको हुँदैन । सामान्यतया यस खालका उपन्यासमा सुसङ्घटित कथावस्तुको अभाव, सङ्ख्यात्मक रूपमा पात्रहरूको न्यूनता, अधिक वार्तालाप, वर्णनात्मकताभन्दा नाटकीयताको प्रगति तथा पाठकको प्रतिक्रिया जुन अन्य उपन्यासका पाठकभन्दा

[७१] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. १८६ ।

[७२] टङ्कप्रसाद न्यौपाने, पूर्ववत्, पृ. २२९ ।

[७३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ५८ ।

भिन्न हुन्छ ।[७४] घटनाको प्रस्तुतीकरणभन्दा बढी चारित्रिक विशेषताको उद्घाटन गर्ने यस खालका उपन्यासमा खास गरी असामान्य चरित्रलाई प्रस्तुत गरी मानिसका मानसिक कुण्ठालाई देखाउने काम गरिन्छ ।

### २.५.६ विसङ्गतिवादी उपन्यास

जीवनजगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने साहित्यिक दृष्टिकोण नै विसङ्गतिवाद हो ।[७५] यसमा जीवनजगत् नै निरर्थक, निःसार असङ्गतै असङ्गत वा विसङ्गतै विसङ्गत कामकुराहरूद्वारा भरिभराउ भइरहेको देखिन्छ । यस्ता असङ्गति र विसङ्गति नै जीवनजगत्को मूल कुरा हो भन्ने मान्यतामा आधारित उपन्यासलाई विसङ्गतिवादी उपन्यास भनिन्छ । मानवीय जीवनका निस्सारता र निरर्थकताको चित्रण एवम् जीवनजगत्का सम्पूर्ण मूल्यहरूप्रति अनास्था यस्ता उपन्यासमा व्यक्त गरिएको हुन्छ भने स्वेच्छापूर्वक भाषालाई भाँचकुच पारी संरचना, शिल्प र भाषाशैलीमा समेत विसङ्गति देखाइएको हुन्छ ।

### २.५.७ अस्तित्त्ववादी उपन्यास

जीवनजगत् सङ्गतिपूर्ण नभई निःसार निरर्थक वा विवश बाध्य छ र सधैँ मृत्युको कालो छायाँबाट सन्त्रस्त छ, त्यसैले आफूमा निहित स्वतन्त्र इच्छाशक्तिको उपयोगद्वारा व्यक्तिले आफ्नो जीवनलाई कुनै खास विशिष्ट मूल्य प्रदान गर्नुपर्दछ भन्ने धाराविशेष नै अस्ति□ववाद हो ।[७६] यस वादको मान्यताअनुसार मानवजाति आफ्नो भाग्यको निर्माता आफू स्वयम् नै हो र आफ्ना कर्मका निम्ति ऊ स्वयम् नै उत्तरदायी हुन्छ । त्यसैले व्यक्ति अस्तिŒव बाह्य परिवेशद्वारा निर्देशित नभई व्यक्तिको आफ्नै नियति, कर्मशीलता र सङ्घर्षशीलताद्वारा निर्मित स्थापित हुन्छ ।[७७] यस्तै मान्यतामा आधारित भई लेखिएको उपन्यासलाई अस्तिŒववादी उपन्यास भनिन्छ । यस्ता

[७४] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय पाश्चात्य समालोचना : प्रमुख वाद र प्रणाली**, तेस्रो.सं. (काठमाडौँ : साझा प्रकाशन, २०५८)पृ. १८३ ।

[७५] टङ्कप्रसाद न्यौपाने, पूर्ववत्,पृ. २३० ।

[७६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ५८ ।

[७७] केशवरप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १८८ ।

उपन्यासमा पूर्वस्थापित धार्मिक, सांस्कृतिक, नैतिक मूल्य मान्यताको घोर भर्त्सना गरी व्यक्तिअस्ति□वलाई नै सर्वोपरी मह□व दिइएको हुन्छ । वैयक्तिकताको प्राधान्य, ईश्वरप्रति अनास्था अनि सामाजिक मूल्य मान्यताप्रति विद्रोह अस्ति□ववादी उपन्यासको चुरो कुरो हो । विसङ्गतिकै माझ पनि अस्मिता वा व्यक्ति सत्ताको सचेत सङ्घर्ष नै अस्ति□ववादी उपन्यासको मूल मर्म हो ।

### २.५.८ अतियथार्थवादी उपन्यास

इन्द्रिय प्रत्यक्ष बाह्य यथार्थलाई अतिक्रमण गर्दै अवचेतन मनका मूढ र रहस्यहरूको अभिव्यक्तिलाई स्वचालित लेखन प्रणालीका माध्यमद्वारा साहित्यमा प्रस्तुत गर्ने एक सिद्धान्त विशेषको नाम अतियथार्थवाद हो ।[७८] मान्छेका मनका तरङ्गहरू, इच्छाहरू, रुचिहरू कुण्ठित एवम् दमित भए भने त्यसबाट अनेकौं बिकृति उब्जन सक्दछन्, यसर्थ मानव मनमा दबिएका ती तरङ्गहरूलाई स्वच्छन्द रूपले प्रवाहित हुन दिनुपर्दछ भन्ने मान्यता यस वादले राख्दछ ।[७९] यस्तै विचारधारामा आधारित भएर लेखिएको उपन्यासलाई अतियथार्थवादी उपन्यास भनिन्छ । मानिसको विवेकलाई भन्दा सपना, तन्द्रा आदि अर्द्धचेतन अवस्थालाई यस्ता उपन्यासमा मह□व दिइन्छ । बौद्धिकताको साटो कल्पनालाई मह□व, चेतनको साटो अचेतनको प्रस्तुति, प्रचलित मूल्यमान्यतालाई अस्वीकार, स्वचालित लेखनप्रणालीमा जोड, हीनतर पक्षको चित्रण, प्रेमको नग्न भ्रष्ट प्रस्तुति अनि भाषिक क्लिष्टता र दुरुहता जस्ता विशेषताहरू अतियथार्थवादी उपन्यासमा हुने गर्छन् ।

### २.५.९ प्रकृतवादी उपन्यास

प्रकृतवादले प्रकृतिलाई नै सर्वोत्तम सत्ता स्वीकार गर्दछ । ईश्वरीय सत्तालाई अस्वीकार गर्दै मान्छेका सम्पूर्ण आचरण र क्रियाकलाप प्रकृतिबाट सञ्चालित नियन्त्रित हुन्छन् भन्ने मान्दछ । प्रकृतिभन्दा भिन्न मान्छेको छुट्टै अस्ति□व छैन, त्यसैले जीवनको

---

[७८] धीरेन्द्र बर्मा, पूर्ववत्, पृ. १३१ ।

[७९] बालकृष्ण पोखरेल र अन्य, पूर्ववत्, पृ. १२३७ ।

यथावत् चित्रण प्रकृतिको सापेक्षतामा हुनुपर्दछ भन्ने मान्यता यस वादको छ ।[८०] यस मान्यतामा आधारित भएर लेखिएको उपन्यासलाई प्रकृतवादी उपन्यास भनिन्छ । यस वादले मानिस जुन अवस्थामा जन्मन्छ त्यही नाङ्गो रूपलाई नै वास्तविकता मान्ने भएकाले प्रकृतवादी उपन्यासमा वासना र इच्छाको जतन एवम् उदण्ड चित्रण गरिन्छ अनि अति नै वीभत्स, विकृत वा अश्लील भए पनि नीति, आदर्शका विरुद्ध ठोस, यथार्थ प्रस्तुत गरिन्छ । मान्छेका सहज प्रवृत्तिको, पाशविक पक्षको, उदण्ड वासनको र प्रचण्ड क्रोधको चित्रण विनासङ्कोच गर्ने गरिन्छ । मानिसका स्वभाविक मनोवृत्ति र नैसर्गिक व्यापारहरूको यथातथ्यात्मक चित्र प्रस्तुत गर्नु प्रकृतवाद उपन्यासको विशेषता हो ।[८१]

### २.५.१० प्रयोगवादी उपन्यास

पहिलेदेखि चलिआएका कलात्मक वा साहित्यिक परम्परादेखि प्रयोगात्मक रूपमा परीक्षा गरेर त्यसमा रहेका अनावश्यक तथा निरर्थक कुराहरूको विरोध गर्दै वा त्यस्ता कुराहरूलाई हटाउँदै नयाँ किसिमको प्रयोग गर्नुपर्छ भन्ने एक किसिमको मान्यता प्रयोगवाद हो ।[८२] साहित्यका विभिन्न विधामा देखापरेका कथ्य विषयवस्तु, स्वर, शिल्प र भाषाशैलीसम्बन्धी नवीनभन्दा नवीन प्रयोगहरूका सन्दर्भमा नै प्रयोगवादको रेखाङ्कन सम्भव हुन्छ ।[८३] यसको मान्यता र प्रयोगका माध्यमबाट आजको जटिल एवम् अस्तव्यस्त संवेदनाहरू अभिव्यक्त हुन सक्छ भन्ने हो । यसरी हेर्दा परम्परागत उपन्यासमा भन्दा नयाँ शैली, नयाँ शिल्प र ढाँचाको प्रयोग गरी लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भन्न सकिन्छ ।

### २.५.११ मिथकीय उपन्यास

आदिम मानवका अन्तरमा लुकेको छिपेका भावनालाई प्रकाशित पार्न तथा जीवनका रहस्यलाई व्याख्या गर्नका लागि कथिएका अर्थपूर्ण प्रतीकात्मक कथाहरू नै

---

[८०] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. २०७ ।

[८१] ऐजन, पृ. २०८

[८२] ऐजन, पृ. १९३ ।

[८३] भानुभक्त पोखरेल, पूर्ववत्,पृ. ७४ ।

मिथक हुन् ।[८४] मिथकलाई अर्को शब्दमा पूराकथा पनि भनिन्छ । यसलाई आदिम मानवले गरेको आनन्दानुभूति, भयानुभूति, रहस्यानुभूतिको काल्पनिक रूप पनि मानिन्छ । यसरी आदिम मानवको भावात्मक अभिव्यक्ति 'मिथक' लाई आधार बनाई लेखिएको उपन्यासलाई मिथकीय उपन्यास भनिन्छ । यस्ता उपन्यासमा जटिल, यथार्थ र त्यसका सम्पूर्ण परिप्रेक्ष्यलाई आदिमतासँग, जोडेर सशक्त अभिव्यक्ति प्रदान गरिन्छ । प्रतीकात्मक सौन्दर्य सृष्टि गर्नु, पुरानै कथामा नयाँ अर्थको अन्वेषण गर्नु, आदिम संस्कारहरूलाई नवीन ढङ्गमा प्रतिस्थापन गर्नु, सम्प्रेषणको सुगमता प्रदान गर्नु, भाषा र परिवेशको पुनर्रचना गर्नु[८५] मिथकीय उपन्यासका प्रमुख विशेषताहरू हुन् ।

### २.५.१२ नारीवादी उपन्यास

नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । यस वादले समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणाको विरोध गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ ।[८६] यस्तै मान्यतामा आधारित भएर लेखिएको उपन्यासलाई नारीवादी उपन्यास भनिन्छ । नारी हक, हित र स्वतन्त्रताको वकालत गर्दै नारीलाई केन्द्रबिन्दु बनाई लेखिने उपन्यास नै नारीवादी उपन्यास हुन् ।

---

[८४] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, दोस्रो.सं. (काठमाडौं : साझा प्रकाशन, २०३६),पृ. ५८६ ।

[८५] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. ६० ।

[८६]

## तेस्रो परिच्छेद

# केशवराज पि“डालीको सङ्क्षिप्त परिचय र उनको रचनाधर्मिता

## ३.१ केशवराज पिँडालीको सङ्क्षिप्त परिचय

### ३.१.१ जन्म र पारिवारिक स्थिति

केशवराज पिँडालीको जन्म वि.सं. १९७७ साल माघ १९ गते शुक्ल पक्षको त्रयोदशी तिथि, शुक्रवारका दिन काठमाडौँको क्षेत्रपाटी टोलको आफ्नो पैतृक घरमा भएको थियो ।[1] यिनका पिताको नाम कृष्णराज लामिछाने र माताको नाम युगमञ्जरी थियो ।[2] धादिङ जिल्लाको गजुरी पिँण्डा गाउँ उनको पैतृक थलो भएकाले उनले आफ्नो नाम पछाडि पिँडाली उपनाम प्रयोग गरे; पछि यही पिँडाली उपनामबाट नै उनी नेपाली साहित्यमा प्रसिद्ध हुन पुगे ।[3] पिँडाली सम्पन्न परिवारका सदस्य भएकाले उनको बाल्यकाल सुखसयलका साथ बितेको देखिन्छ । बाबुका एक मात्र सन्तान भएकाले केशवराज पिँडालीका बाबु कृष्णराजले प्रशस्त अध्ययन गर्ने अवसर पाएका थिए । संस्कृत, हिन्दी, नेपाली र अङ्ग्रेजीको शिक्षा दीक्षा पाएका कृष्णराज दरबार हाइस्कुलका अङ्ग्रेजी शिक्षक, बजार अड्डाका हाकिम हुनाका साथै पछि ठाकुरराम स्कुल वीरगन्जका संस्थापक सदस्यसमेत भएका थिए ।[4] सम्पन्न बाजेका जेठा नाति र शिक्षित बाबुका जेठा छोरा भएकाले केशवराज पिँडालीले त्यस बेलाको प्रसिद्ध दरबार हाइस्कुलमा सात आठ वर्षको उमेरमै पढ्न पाएका थिए ।[5] केशवराज पिँडालीको बिहे अठार वर्षको उमेरमा काठमाडौँ केलटोल असनका हेरम्बप्रसाद प्याकुरेलकी छोरी राज शर्मासँग भएको थियो ।[6] राज शर्मासँगको पारिवारिक जीवनमा उनका दुई छोरा र एक छोरी जन्मेका छन् । उनको जेठो छोरा कुमुदराज (लामिछाने) शर्मा हुन् भने कान्छा

---

[1] भुवनहरि सिग्देल, **साहित्यकार केशवराज पिँडालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०३८), पृ. १ ।

[2] ऐजन ।

[3] ऐजन ।

[4] ऐजन ।

[5] ऐजन, पृ. ५ ।

[6] ऐजन, पृ. २ ।

छोरा अनुपराज शर्मा 'लामिछाने' हुन् । उनको छोरीको नाम कुन्दन शर्मा हो ।[७] केशवराज पिँडालीको मृत्यु भने वि.सं. २०५५ जेष्ठ २६ गते काठमाडौँमा भयो ।

### ३.१.२ शिक्षादीक्षा

काठमाडौँ जस्तो सबै सुविधाप्राप्त स्थलमा जन्मेका पिँडालीले त्यस बेलाको एक मात्र प्रसिद्ध दरबार हाइस्कुलमा पढ्न पाएका थिए ।[८] राणाहरूका सन्तान मात्र पढ्ने स्कुलमा पढेका पिँडाली कक्षामा चतुर र अध्ययनशील छात्र थिए । पिँडालीको चतुर र अध्ययनशील व्यक्तित्वलाई देखेर मामा दुर्गानाथ चालिसेले आफ्नै साथमा राखेर पढाउने इच्छाले आफूसँगै भारतको सागर भन्ने ठाउँमा लगेका थिए ।[९] चार पाँच वर्ष सागरमा बिताएर पिँडाली काठमाडौँ फर्केर फेरि दरबार हाइ स्कुलमै पढ्न थाले । स्कुले शिक्षा दरबार स्कुलबाट पूरा गरेका पिँडालीले कलेजको दैलोसम्म पनि पुग्न पाएनन् ।

उनको औपचारिक अध्ययन यतिमै टुङ्गिए पनि स्वाध्ययनले निरन्तरता पाइरह्यो । आफ्नै अध्यवशायबाट अङ्ग्रेजी, हिन्दी, बङ्गाली, उडिसा र नेवारी भाषामा यिनले राम्रो ज्ञान हासिल गरे ।[१०] नेपाली साहित्यका क्षेत्रमा पिँडालीको आगमन १९९६ बाट भएको थियो । 'कविता' लेखेर नेपाली साहित्यमा प्रवेश गरेका पिँडालीको तत्कालै कथा पनि प्रकाशित भएको थियो ।

### ३.१.३ पेसा

पिँडालीका बाजेको सम्पत्ति काठमाडौँ र धादिङ गजुरी पिँण्डामा प्रशस्त थियो । पिँडालीका बाबु पनि आफ्ना बाबुका एउटै मात्र छोरा भएकाले पारिवारिक सम्पत्तिमा अंशबन्डा गर्न नपरेको देखिन्छ । पिँडालीका पिता कृष्णराज लामिछानेका तीन भाइ

---

[७] ऐजन, पृ. ४ ।

[८] ऐजन पृ. ३ ।

[९] केशवराज पिंडाली, "आफ्नो बारेमा आफैं बक्नुपर्दा" उन्नयन (वर्ष १३, अङ्क १३, कार्तिक-चैत्र, २०४५, पृ. ४ ।

[१०] भूवनहरि सिग्देल, पूर्ववत्, पृ. ३ ।

छोरामध्ये केशवराज (लामिछाने) पिँडाली जेठा छोरा हुन् ।[11] पिँडालीले वि.सं. १९९२ सालमा टेलिफोन विभागका अप्रेटर भएर सरकारी जागीर सुरु गरेका थिए । सात आठ वर्षसम्म टेलिफोन विभागमा काम गरेका पिँडालीले पछि नेपाल सरकारको वन सल्लाहकार स्मिथराज भन्ने अङ्ग्रेजको 'कन्फिडेन्सन क्लर्क' भएर काम गरे ।[12] यसपछि वि.सं. २००२ देखि २००८ सम्म भारतको उडिसा रैराखोर स्टेटकी महारानीको निजी सचिव भएर बिताए । सबै कार्यहरूलाई त्यागेर २००८ सालमा 'गाईजात्रा' २००९ सालमा 'नयाँ कदम', 'विकास' पत्रिकाको सम्पादन र प्रकाशन गरे ।[13] २०११ सालमा भारतको सम्बलपुर गएर सिनेमा  हलका मैनेजर बनेर २०१५ सालसम्म त्यही बसे । २०१५ सालमा उनी नेपाल फर्केर तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाका निजी सचिव बने । राजनीतिक कारणले गर्दा २०१७ सालदेखि २०२६ सालसम्म भारतमा निर्वासित भएका पिँडालीले फर्केर आजीविकाका निम्ति कुखुरा पालन व्यवसाय अपनाए । यस्तै आजीविकाका निम्ति अनेक बाटाहरू खोज्दै २०३० असार एकदेखि गोरखापत्र र मधुपर्कका कार्यकारी सम्पादक भए । यही पेसा नै  आजीविकाको निम्ति पिँडालीले गरेको सरकारी पेसा हो ।[14] २०३८ साल वैशाख महिनामा पिँडालीले सम्पादक पेसाबाट अवकास प्राप्त गरेका थिए । यसपछि भने साहित्य सृजनालाई नै उनले पेसा बनाएका थिए ।

### ३.१.४ प्रेरणा र प्रभाव

केशवराज पिँडालीका जिजुबाजे श्रीधर शास्त्री बनारसमा साहित्यको प्रकाशक र व्यवस्थापक भएर बसेका थिए । उनको साहित्यप्रतिको अभिरुचिको सानो अंश रक्तपरम्परा बाबु हुँदै पिँडालीमा पनि सरेको थियो । पिँडालीका पिता रसिक र फाट्टफुट्ट कविता लेख्दथे । उनको र शम्भुप्रसाद ढुङ्गेलको 'सूक्ति सिन्धु' को चर्चा पिँडालीले पनि

---

[11] ऐजन, पृ. ४ ।

[12] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **नेपाली गद्य भाषा साहित्य र इतिहास** (काठमाडौँ, नवीन प्रकाशन, २०५३) पृ. १६९ ।

[13] भुवनहरि सिग्देल, पूर्ववत्, पृ. ५ ।

[14] ऐजन ।

सुनेका थिए ।[15] एघार बाह्र वर्षको सानै उमेरमा साहित्यको यस प्रकारको चर्चा उनले सुन्न पाए । मामा दुर्गानाथ चालिसे नाटककार र कवि भएका र बाह्र तेह्र वर्षको उमेरमा उनीसँग बस्ने सुअवसर पाएकाले यसले प्रेरणाको काम गरेको देखिन्छ ।[16] पिँडालीले साहित्य लेख्ने प्रेरणा पिता र मामाबाट पाएको र व्यङ्ग्य लेख्ने प्रेरणा शम्भुप्रसाद ढुङ्गेलबाट पाएका हुन् ।[17] उनी पिता, मामा, शम्भुप्रसाद ढुङ्गेल, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालबाट प्रभावित र प्रेरित थिए भने भिक्षु ईश्वर बरालबाट प्रोत्साहित थिए । राणा शासनको पतनपछि जय बागेश्वरीमा भएको बृहत्-सम्मेलनमा ‘कला चिन्ने को?’ हास्यव्यङ्ग्य लेख्न प्रोत्साहन दिएपछि हास्यव्यङ्ग्य लेख्न सक्रिय भएर लागेको देखिन्छ ।[18] अध्ययनशील पिँडाली बङ्गाली साहित्यका साहित्यकार रवीन्द्रनाथ, शरदचन्द्र हिन्दी साहित्यका प्रेमचन्द्रका उपन्यासबाट, रुसी साहित्यका गोर्की, दोस्तोबस्की, चेखवका साहित्यबाट, इटालियन साहित्यका साहित्यकार काणबाट र अङ्ग्रेजी साहित्यका प्रसिद्ध साहित्यकारका साहित्यबाट पनि प्रभावित र प्रेरित भएको जानकारी पाइन्छ ।[19]

यसरी पिँडाली धेरथोर स्वदेशी र विदेशी साहित्यकारहरूबाट प्रभावित देखिन्छन् ।

### ३.१.५ भ्रमण

पिँडालीले आफ्नो जीवनमा स्वदेश र विदेशमा विभिन्न ठाउँहरूको भ्रमण गरे । उनले यी भ्रमण नयाँनयाँ जानकारी लिने उद्देश्यले गरेका थिए । वि.सं. १९९१ मा नेपाल सरकारको वन सल्लाहकार स्मिथराज भन्ने अङ्ग्रेजको कन्फिडेन्सन क्लबमा काम गर्दा तराई क्षेत्रका सम्पूर्ण भूमिको भ्रमण एवं निजी हैसियतले दोलखा, चरिकोट,

---

[15] ऐजन ।

[16] ऐजन ।

[17] पिँडाली “प्रेरणाको स्रोत” मधुपर्क (वर्ष १०, अङ्क, २०३४ आषाढ), पृ. ३३ ।

[18] भुवनहरि सिग्देल, पूर्ववत्, पृ. ७ ।

[19] ऐजन ।

रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक आदिको भ्रमण गरेका थिए ।[२०] गोरखापत्रको कार्यकारी सम्पादक भएपछि श्री ५ महाराजधिराजको भ्रमण साथै र गोरखापत्रको तर्फबाट तराई र विभिन्न पहाडी भेगको पनि भ्रमण गरेका थिए ।[२१]

पिँडालीले भ्रमणका रूपमा रुस, फ्रान्स, अमेरिका र क्यानडाको भ्रमण गरेका थिए । यी सबै राष्ट्रहरूको भ्रमण २०३७ सालमै पिँडालीले गरेका हुन् ।[२२]

यी भ्रमणबाट त्यस ठाउँको वस्तुस्थिति संस्कृति, सभ्यता चालचलन र रहनसहन पिँडालीले बुझ्ने मौका पाए । यसले गर्दा साहित्य सिर्जना गर्न पनि सहयोग पुऱ्यायो ।

### ३.१.६ सम्मान तथा पुरस्कार

१९९३ सालदेखि निरन्तर रूपमा सिर्जनारत रहेका पिँडालीले राष्ट्रिय स्तरका केही मह□वपूर्ण पुरस्कार प्राप्त गरे । उनले साहित्यिक योगदानका लागि 'बालचन्द्रपुरस्कार' (२०४६), 'भैरव पुरस्कार' (२०४७), 'पुर्पुरो पुरस्कार' (२०४९), 'वेदनिधि पुरस्कार' (२०५०), वासुदेव लुइँटेल पुरस्कार (२०५३) र त्रिभुवन प्रज्ञा पुरस्कार (२०५४) पाएका थिए ।

### ३.१.७ प्रकाशित कृतिहरू

केशवराज पिँडालीले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनका हालसम्म निबन्ध सङ्ग्रह र उपन्यासमात्र पुस्तकाकार कृतिका रूपमा पाठकसामु आएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार छन्:

### १. निबन्ध सङ्ग्रह

१. खै-खै (२०१७)
२. फेरि उल्टै मिल्यो (२०३२)
३. व्यङ्ग्य व्यङ्ग्य (२०४५)

[२०] भुवनहरि सिग्देल, पूर्ववत्, पृ. १८ ।
[२१] ऐजन ।
[२२] ऐजन, ८ ।

**२. उपन्यास**

१. एकादेशकी महारानी (२०२६)

२. अन्त्यदेखि सुरु (२०३८)

३. बाँच्ने एउटा जिन्दगी (२०४३)

४. साँझ घर फर्केको मान्छे (२०४७)

उल्लिखित कृतिहरूबाहेक उनका कथा निबन्ध, एकाङ्की कविताहरू पनि फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

## ३.२ केशवराज पिँडालीको रचनाधर्मिता

केशवराज पिँडाली मूलतः निबन्धकार र उपन्यासकारका रूपमा नेपाली साहित्यका क्षेत्रमा चिनिंदै आएका भए पनि साहित्यका अन्य विधा कविता, एकाङ्की कथा आदिमा पनि उनले कलम चलाएका छन् । यसरी विधागत विविधतामा प्रवेश गरेर सबै विधामा आफ्नो उपस्थितिलाई मह□वपूर्ण मूल्य दिनसक्नु उनको रचनाधर्मिताको वैशिष्ट्य हो ।

### ३.२.१ निबन्धकार

केशवराज पिँडालीको साहित्यिक व्यक्तित्वको सन्दर्भमा हास्यव्यङ्ग्य निबन्धकार व्यक्तित्व सशक्त र प्रभावकारी देखिन्छ । नेपाली साहित्यको निबन्ध विधालाई हास्यव्यङ्ग्य निबन्धको रूपमा चिनाउने पहिलो श्रेय केशवराज, पिँडालीले नै पाएका छन् ।[२३] उनका हास्यव्यङ्ग्य निबन्धले कुरीति, कुपरम्परा, अन्धविश्वास, अन्याय, भ्रष्टाचारका साथै मानवीय विकृति, विसङ्गतिलाई कलात्मक ढङ्गले व्यङ्ग्य गर्दछन् । हास्यात्मक रूपमा प्रस्तुत गरिएका पिँडालीका निबन्धहरूमा भने मानवीय पीडा, छटपटी, वेदना र अन्तरद्वन्द्वहरू समावेश गरिएका हुन्छन् ।[२४] 'खै-खै' (२०१७), 'फेरि

[२३] भुवनहरि सिग्देल, पूर्ववत्, पृ. २५ ।

[२४] ऐजन ।

उल्टै मिल्यो' (२०३२) र 'व्यङ्ग्य व्यङ्ग्य (२०४५) नै पिँडालीलाई हास्यव्यङ्ग्य निबन्धकारका रूपमा परिचित गराउने निबन्धसङ्ग्रहहरू हुन् ।

### ३.२.२ उपन्यासकार

नेपाली साहित्यका विविध विधामा कलम चलाउने केशवराज पिँडालीको लेखनी उपन्यासका क्षेत्रमा पनि त्यत्तिकै सफल देखिन्छ । पिँडालीका एकादेशकी महारानी' ( २०२६), 'अन्त्यदेखि सुरु' (२०३८), 'बाँच्ने एउटा जिन्दगी' (२०४३) र 'साँझ र फर्केको मान्छे' (२०४६) चार उपन्यास प्रकाशित छन् । हिन्दी सिनेमा 'कोरा कागज' सित मिल्दोजुल्दो भएको कारण अत्यन्त विवादास्पद बन्न पुगेको यिनको एक उपन्यास 'अन्त्यदेखि सुरु' छाडेर अन्य तीन उपन्यासहरू 'एकादेशकी महारानी', 'बाँच्ने एउटा जिन्दगी' र 'साँझ घर फर्केको मान्छे' चाहिँ अत्यन्त रोचक, स्तरीय र पठनीय कृति मानिन्छन् ।[२५]

वि.सं. २००६ मा 'वसन्ती' उपन्यासबाट सुरु भएको ऐतिहासिक यथार्थवादी धारामा कलम चलाउने केशवराज पिँडालीको 'एकादेशकी महारानी' (२०२६) प्रथम ऐतिहासिक उपन्यास हो । यस उपन्यासले नवीन आख्यान प्रस्तुत गरेको छ । राणाकालको दरवारी संस्कृति र मान्यतालाई उपन्यासका माध्यमबाट पिँडालीले उपस्थित गरेको हुँदा 'एकादेशकी महारानी' नेपाली साहित्यका लागि नौलो प्राप्ति ठहरिएको छ । 'एकादेशकी महारानी' नेपाल र भारत दुई देशका शमशेर र महाराजा साहेबहरूको मोजमज्जा, भोग-विलासमा हुने दरबार भित्रका अनैतिक कुकर्महरूको यथार्थमा अवलम्बित छ । अन्याय, शोषण गरेर सम्पूर्ण जीवन भोग-विलासमै बिताएको मात्र होइन, त्यसका निम्ति नारीहरूको सतीत्व तथा कौमार्य हर्ने, गर्भ तुहाउने, हत्या गर्ने र निरपराध व्यक्तिहरूलाई मार्नेजस्ता कुकृत्यमा प्रवृत्त उनीहरूको दानवी आचरण, व्यभिचारलाई ऐतिहासिक वातावरणमा चित्रण गरिएको छ ।[२६] पिँडालीको वि.सं. २०३४ मा दोस्रो औपन्यासिक कृति "अन्तदेखि सुरु' (२०३४) प्रकाशित भएको हो । प्रस्तुत

---

[२५] ज्ञानुवाकर पौडेल, "कुराकानी : केशवराज पिंडालीसित" उन्नयन (अङ्क १३ २०५० कार्तिक - चैत्र) पृ. ५९१) ।

[२६] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, चौथो सं., (काठमाडौं : साझा प्रकाशन, २०६१), पृ. १३४-१३५।

उपन्यासले मूलरूपमा सामाजिक विषयवस्तु अङ्गीकार गरेको छ । सामाजिक रीतिरिवाज, ढाँचा ढर्रा, आर्थिक दम्भका अतिरिक्त प्रणय व्यापार समेतका वृत्तमा औपन्यासिक श्रृङ्खलाहरू विकसित भएका छन् ।[27] 'बाँच्ने एउटा जिन्दगी' (२०४३) पिँडालीको तेस्रो उपन्यास हो । उपन्यासको कथ्य मूलतः सामाजिक छ । ऐतिहासिक घटना र परिवेशभित्र वैयक्तिक एवं सामाजिक जीवनको यथार्थताको अङ्कन उपन्यासमा गरिएको छ । इतिहासका घटनालाई प्रतिपादन गर्ने उद्देश्य उपन्यासको होइन परिवर्तनशील समाज र व्यक्ति हृदयको पहिचान गराउने, पहिले र अहिलेको नेपाली समाजको एउटा तस्बीर उतार्ने काम यसमा भएको छ । 'साँझ घर फर्केको मान्छे' ( २०४६) केशवराज पिँडालीद्वारा लिखित चौथो अथवा अन्तिम उपन्यास हो । यस उपन्यासका सम्पूर्ण औपचारिक घटना-व्यापार मूल पात्र कालीप्रसाद शर्माको केन्द्रीयतामा घुमेका छन् । जम्मा सात पुस्ता अघिका पण्डित वृहस्पति शर्मादेखि झ्याङ्गिएर आएको डा. कालीप्रसाद शर्माको पारिवारिक इतिवृत्तलाई अँगालेको प्रस्तुत उपन्यासको औपन्यासिक कथावस्तुको निरीक्षण गर्दा लगभग २३० वर्षको औपन्यासिक वाह्य समयावधि देखापर्छ, तैपनि मूल औपन्यासिक कथावस्तुले अँगालेको आन्तरिक समयावधि भने करिब ६ दिनको समय प्रवाहमा प्रवाहित छ ।[28] यस उपन्यासमा सामान्य कथालाई तन्काएर पिँडालीले उपन्यासको रूप दिने विफल प्रयत्न गरेका छन् । पिँडालीको उपन्यास "साँझ घर फर्केको मान्छे" मा नेपाली साहित्यमा स्थापित प्रौढ उपन्यासकार केशवराज पिँडालीको ठिट्यौले लेखनशैली, असरहीन प्रस्तुति, मीनसहीन भाषा र खल्लो संवाद, फितलो कथावस्तु र मुख्यपात्रको ढुलमुल पीपलपाते चरित्र र उडन्ते सपनाको हाँगाबिंगा देख्दा वृद्ध लेखकले कतै आफ्नो लेखनयात्रा समाप्तिको मोडमा  पुगेर पुनः एकपटक लेखनयात्राको शुरुवात गरेका त हैनन्, भनेर सोच्न बाध्य हुन्छन् पाठकहरू ।[29] भन्ने टिप्पणी 'बाँच्ने एउटा जिन्दगी' उपन्यासका

---

[27] गोपालप्रसाद भण्डारी, "अन्तदेखि सुरु" का औपन्यासिक विशेषता केलाउँदा" उन्नयन (अङ्क १३, २०५० कार्तिक चैत्र), पृ. २७५ ।

[28] प्रतापचन्द्र प्रधान, "साँझ घर फर्केको मान्छे" इतिवृत्तात्मक उपन्यासका रूपमा" उयन्नयन (अङ्क १३, २०५०, कार्तिक-चैत्र) पृ. ४९७ ।

[29] इन्द्रकुमार श्रेष्ठ 'सरित' "साँझ घर फर्केको मान्छे : प्रौढ  लेखकको ठिट्यौले कृति" उन्नयन (अङ्क १३, २०५०, कार्तिक-चैत्र) पृ. ५८७ ।

बारेमा विस्तृत अध्ययन यस शोधपत्रमा गरिने भएकाले उनका अन्य उपन्यासका बारेमा यतिमै सीमित हुनु श्रेयस्कर देखिन्छ ।

### ३.२.३ सम्पादक

केशवराज पिँडालीले आफ्नो जीवनका अधिकांश समय पत्रकारितामा नै समर्पित गरेको पाइन्छ । 'शारदा' पत्रिकाबाट साहित्यिक जीवनको सुरुआत गरेका पिँडालीले तत्कालीन 'शारदा' का सम्पादक ऋद्धिबहादुर मल्लको सम्पादन कार्यमा सहयोग पुऱ्याएका थिए ।[30] साप्ताहिक 'गाईजात्रा' (२००८) को सम्पादन गरेर नेपाली पत्रिकाहरूमा नयाँ हास्यव्यङ्ग्यको रक्तसञ्चार गर्ने पिँडालीले 'नयाँ कदम' (२००८) र 'विकास' (२००९) साप्ताहिक  पत्रिकाको सम्पादन गरेर नेपाली पत्रिकाको जगत्मा नवीन युगको आरम्भ गरे ।[31] २०१७ सालको राजनीतिक आवर्तमा परेर निर्वासित भएका पिँडालीले कलकत्ता र पटनाबाट 'आह्वान' (२०१७) पत्रिकाको सम्पादन गरेर आफ्नो रुचि पत्रकारिता नै रहेको पुष्टि गरेका छन् ।

### ३.२.४ कवि

नेपाली साहित्यको क्षेत्रमा केशवराज पिँडालीको प्रवेश कविताबाट भएको हो । कविता लेखनका लागि उनलाई उत्प्रेरित गर्न उनका मामा र बुबाको मुख्य भूमिका रहेको छ । यस कुरालाई उनले आफ्ना शब्दमा यसरी व्यक्त गरेका छन्:

तर सागर (भारतको एक स्थान) छोडेर आए पनि कविता, कथा लेख्ने रहर चाहिँ मामाको देखासिकी गरी टिपेर आएँ । सागरबाट फर्केपछि लेखेर  थन्क्याइएका दुईचार कविता शारदामा प्रकाशित पनि भएका छन् ।[32] कवि केशवराज पिँडालीका प्रकाशित र अप्रकाशित  गरी १३ वटा कविताहरू रहेका छन् । ती कविताहरूको शीर्षक निम्न लिखित रहेका छन् :

---

[30] भुवनहरि सिग्देल, पूर्ववत्, पृ. ३३ ।

[31] ऐजन ।

[32] पिँडाली, "प्रेरणाका स्रोत", मधुपर्क (वर्ष १०, अङ्क २, आषाढ, २०३४) पृ. ५-१५ ।

| शीर्षक | लेखन/प्रकाशन मिति र पत्रिका |
|---|---|
| १. बालयन | वि.सं. १९९६ श्रावण, शारदा वर्ष ५, सङ्ख्या ४ |
| २. भग्न वीणा | वि.सं. २००० वैशाख, शारदा वर्ष ९, सङ्ख्या १ |
| ३. सफाचट | वि.सं. २००९ माघ |
| ४. कवि सम्मेलनको प्रस्ताव | वि.सं. २०३० मार्ग, माधुपर्क- अङ्क ६ |
| ५. बुद्धिमान् मन्त्री | वि.सं. २०३४ आषाढ |
| ६. म कसरी भनूँ हजुर | वि.सं. २०३४ वैशाख |
| ७. व्यङ्ग्य लिनुस् हजुर | वि.सं. २०४७ श्रावण |
| ८. छ टुक्रा कनिका | वि.सं. २०४९ श्रावण |
| ९. सदावर्त | वि.सं. २०५० वैशाख |
| १०. साहित्यकारको जिन्दगी | वि.सं. २०५० जेष्ठ |
| ११. चमत्कारी सिक्का | वि.सं. २०५० आषाढ |
| १२. रक्कीपुराण | वि.सं. २०५० श्रावण |
| १३. केही कविता | वि.सं. २०५० असोज[घघ] |

पिँडालीले कविता विधामा पनि हात हालेका भए पनि सफलता नपाएकाले सक्रिय भएर लागेको देखिँदैन । तैपनि फाटफुट भए पनि कविता विधामा पनि उनको कलम चलेको देखिन्छ ।

### ३.२.५ एकाङ्कीकार र नाटककार

केशवराज पिँडालीले लेखनक्रममा एकाङ्की र नाटक लेखेको उल्लेख भेटिए पनि उनका एकाङ्की र नाटक प्रकाशित भएको देखिँदैन । 'बदला' नाटकको लेखन र

[३३] प्रयागराज 'वाशिष्ट' कवि केशवराज पिँडालीको कवितायात्रा : एक टिपोट" उन्नयन (अङ्क १३, कार्तिक-चैत्र, २०५०), पृ. ५३१-५३२ ।

एकाङ्कीको मञ्चनसमेत भएको जानकारी प्राप्त भए पनि ती देखानपरेकाले निश्चित रूपले केही भन्न सकिने अवस्था छैन ।[३४]

यसरी केशवराज पिँडाली बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्वका रूपमा देखिन्छन् । साहित्यका विविध विधामा हात हालेका केशवराज पिँडालीको उपस्थिति जहाँजहाँ देखिन्छ, त्यहाँ उनको उपस्थितिले नेपाली साहित्यलाई अझ उर्वर बन्न सहयोग पुऱ्याएको छ ।

---

[३४] भुवनहरि सिग्देल, पूर्ववत्,पृ. ३७ ।

# चौथो परिच्छेद

# ॅबा“च्ने एउटा जिन्दगी’ उपन्यासको विश्लेषण

## ४.१ विधागत तत्त्वका आधारमा ॅबाँच्ने एउटा जिन्दगी’ उपन्यासको विश्लेषण

### ४.१.१ संरचना

‘बाँच्ने एउटा जिन्दगी’ उपन्यास आत्मकथात्मक वा संस्मरणात्मक शैलीमा लेखिएको उपन्यास हो । आत्मकथात्मक शैलीका बीचबीचबाट प्रारम्भ भएको यो उपन्यास आयामका दृष्टिले लघु आकारको छ । जम्मा ७२ पृष्ठमा संरचित यो उपन्यासमा १४ परिच्छेद र एक शेष परिच्छेद नगरी जम्मा १५ परिच्छेद रहेका छन् । संरचनागत रूपमा हेर्दा उपन्यास लघु आकारको देखिए पनि यस उपन्यासले ओगटेको देशकालको सीमा भने नेपाल, भारतको कलकत्ता र समुद्र पारको अति सम्पन्न मुलुक अमेरिकाका कर्निङव सहर र मिचिगनको डेट्रोइर सहर हुँदै पुनः नेपालसम्मको छ ।

### ४.१.२ कथावस्तु

#### ४.१.२.१ कथासार

यस उपन्यासको नायक नायिका ज्ञानप्रताप शाह र उसकी श्रीमती यशोधरा हुन् । केशव (म पात्र) ले आफ्नै दौंतरी साथी ज्ञानप्रताप र उसकी श्रीमती अमेरिकाबाट फर्केर फेरि काठमाडौं आएको सुनेको कुराबाट यस उपन्यासको कथानक सुरु हुन्छ । उपन्यासको कथानक सुरुआत यसरी भए पनि उपन्यास अतीतको स्मृतिमा डुबुल्कै मार्दै वर्तमान स्वरूपमा आएर टुङ्गिएको छ । नब्बे सालको भूकम्पको चपेटामा परी बुबाआमा गुमाएको ज्ञानप्रताप शाह मामा कर्णेल अष्टध्वज खड्काको संरक्षकत्वमा हुर्केको छ । उनै मामा अष्टध्वजको स्नेह, माया र ममताको धाप खाँदै सौमित्र शमशेरको घरकाजमा सुब्बाङ्गी खान पुगेको छ । आफ्नो लगनशीलता र इमान्दारीबाट उसले सुशील पत्नी यशोधरा पाउँछ । पत्नीसँगै चार रोपनी बारीसहितको घर पनि पाउँछ । समय बित्दै जाँदा पत्नी यशोधराले तीन छोराहरू नीरप्रताप, रविप्रताप शाह र

शशिप्रताप शाहको जन्म दिन्छे । सौमित्रशमशेरका महलमा निरन्तर काम गरिहेको ज्ञानप्रताप आफ्ना सन्तानप्रति आफूले गर्नुपर्ने सम्पूर्ण कर्तव्य पूरा गर्दै जान्छ । सौमित्र महलमा काम गर्दा ज्ञानप्रतापले पटक-पटक कामोन्मत्त सुसारेहरूबाट प्रताडित हुनुपरेको छ । जतिसुकै अप्ठ्यारो भोग्नु परे पनि ज्ञानप्रताप तीनै छोराहरूलाई राम्रो शिक्षाको व्यवस्था मिलाउँछ । जेठो छोरो नीरप्रतापलाई आफूले काम गरिरहेको सौमित्र महलमा काममा लगाउँछ । माहिलो छोरो रवि र कान्छो छोरो शशिले प्रेमविवाह गर्छन् र दुवै अमेरिकामा काम गर्न थाल्दछन् । रवि र उसकी श्रीमती डाक्टरी पेसा अँगाल्दछन् भने कान्छो शशिले उतैको केटीसँग विवाह गरी होटलमा असिन्टेन्ट म्यानेजर भई काम गर्छ । ज्ञानु र यशोधरा छोराहरूको प्रगति देखेर मख्ख हुन्छन् । वि.सं. १९९७ सालमा घटित सहिदकाण्डपछि नेपालमा क्रान्तिको आगो फैलन्छ र १०४ वर्ष लामो राणाशासनले घुँडा टेक्छ । सात सालको यस प्रजातन्त्रको प्राप्तिसँग विलासी राणाहरूको आर्थिक सम्पन्ता, सामाजिक प्रतिष्ठा सबै चकनाचुर हुन थाल्छ । राणाशासनको पतनसँगै सौमित्रशमशेरको स्थिति दिनानुदिन बिग्रन थाल्दछ । नानी र सुसारेहरूका बीच सधैँ घेरिने सौमित्र शमशेरले आफूलाई त्यहाँबाट निकाल्न सक्दैन । नानीसुसारेहरूसँग सधैँ राशलीलामा डुब्न चाहने सौमित्र शमशेर यसका लागि बाधक ठानी आफ्नी पत्नी र छोरालाई समेत छुट्टै राख्न बाँकी राख्दैन । ऊ यतिसम्म कामान्ध छ कि आफ्नै छोराका लागि भनेर ल्याइएकी डोलालाई समेत गर्भवती तुल्याउँछ । सामाजिक प्रतिष्ठा जोगाउन आफ्नै महारानी बनाउँछ । डोला महारानीतर्फबाट चैतन्य नामको छोरो जन्मन्छ । विलासी प्रवृत्ति र आम्दानीका स्रोतहरू घट्दै गएका कारण सौमित्रले आफ्ना महलमा कार्यरत कामदारहरूको कटौती गर्न थाल्छ । ज्ञानुलाई भने बफादार रहेकाले कटौती गर्दैन । बुढ्यौलले कमजोर हुँदै गए पछि सौमित्रको मृत्यु हुन्छ । बाबुजस्तै मालिक पाएको ज्ञानुका दुःखका दिनहरू सौमित्रको मृत्युको सुरु हुन्छ । सौमित्रको मृत्युपछि डोलामैयाँ आफ्नो कामवासनाको पूर्तिको साधन ज्ञानुको जेठो छोरो नीरप्रतापलाई बनाउँछे । छोराको यो घृणित कार्यप्रति ज्ञानप्रतापलाई अति दुःख हुन्छ तर केही गर्न सक्दैन । बरु ज्ञानुलाई नै जागिरबाट अवकाश दिइन्छ ।

सौमित्रशमशेरले दुई लाख बसियत छाडी गएको मध्ये एक लाख जेठो छोरो नीरप्रताप छुट्टै घर बनाउन भनेर लिन्छ । जेठो छोरो नीरप्रताप बाबुआमालाई छाडी आफूले बनाएको लाजिम्पाटस्थित आधुनिक महलमा आफ्नी स्वास्नी सरलालाई लिएर बस्न थाल्छ । गरिबी र अभावग्रस्त जिन्दगीका चौध वसन्त दुई जोइपोइले आपसी छेड-छाड र व्यङ्ग्यवाण र प्रहार गर्दै बिताएपछि मनको आश्रय खोज्दै उनीहरू अमेरिका प्रस्थान गर्दछन् । माहिलो छोरो रविकहाँ पुगेका यी दुई जोईपोइले अमेरिकाको कर्निङ सहरमा पटकपटक माहिली बुहारी र नातिनीसँग अपमानित हुनुपर्छ । जोइटिङ्ग्रे छोरो र दुष्ट बुहारीसँग नोकर्नी भएर बस्नुपर्दा यशोधराको दुःख असह्य हुन्छ । उता कान्छो छोरो शशिप्रताप शाहको अत्तोपत्तो रहँदैन । बुबाआमा दाजुकहाँ आएको कुरा सुनेर ऊ वर्ष दिनसम्म भेट्न आउँदैन । वर्षदिन पछि भेट्न आउँदा उसले बुबाआमालाई “सँगै जाऊँ” भन्न सक्दैन । लथालिङ्ग भएको उसको जीवनको रामकहानी सुनाउँछ । आफ्ना सन्तानहरूलाई राम्ररी चिनेपछि ज्ञानु र यशोधरा त्यहाँ बस्नुको सट्टा दुःखसुख गरेर नेपालमा नै बस्न श्रेयस्कर हुने ठानी नेपाल फर्कन चाहन्छन् । कान्छो छोरो शशि बुबाआमालाई नेपाल फर्किन सहयोग गर्दछ ।

नेपाल फर्किएपछि उनीहरू ठमेल सातघुम्तीमा रहेको आफ्नो सातरोपनी जग्गामध्ये छ रोपनी बेची त्यसबाट आएको पैसाले नयाँ घर बनाउँछन् । नयाँ घरबाट प्राप्त हुने र मुद्दती ब्याजबाट आएको पैसाबाट उनीहरूको गुजारा राम्ररी चल्दछ । यसरी उपन्यास आत्मनिर्भर भई बाँचेको जीवन सबैभन्दा श्रेयस्कर हुन्छ भन्दै टुङ्गिएको छ ।

‘बाँच्ने एउटा जिन्दगी’ उपन्यासलाई हेर्दा यो उपन्यास ऐतिहासिक सङ्केत र सामाजिक यथार्थमा आधारित भएर पनि आदर्शमा टुङ्गिएको देखिन्छ । उपन्यासको कथा पूर्वदीप्ति शैलीको रहे पनि कथानकमा आदि, मध्य र अन्त्य स्वभाविक किसिमको नै छ । कथानकको सुरुआत केशवले स्मृतिपरक ढङ्गले गरेको थियो भने कथाको समाप्ति ज्ञानुले केशवलाई आफ्नो कथा सुनाउँदै अन्तिम निष्कर्ष भनेपछि उसको कुरामाथि

केशवकै सहमति प्राप्त गर्दै भएको छ । उपन्यासको अन्त्य सुखान्त किसिमको भएको छ ।

### ४.१.२.२ कथानक

'बाँच्ने एउटा जिन्दगी' को कुल कथानक ज्ञानप्रताप शाह र उसकी पत्नी यशोधरासँग सम्बन्धित छ । उपन्यासमा जीवन भोग गर्ने यी पात्रबाहेक नीरप्रताप शाह, रविप्रताप शाह, शशिप्रताप शाह, 'म' मात्र केशव आदि आएका भए पनि यी सबै पात्रहरूले ज्ञानप्रताप र यशोधराको चरित्रलाई स्पष्ट पार्ने काम गरेका छन् । चौध परिच्छेद र एक शेष परिच्छेद गरी जम्मा पन्ध्र परिच्छेदमा लेखिएको यस उपन्यासमा प्रत्येक परिच्छेदमा रहेको कथानकलाई यसरी देखाउन सकिन्छ :

### ४.१.२.३ कथावस्तुको सङ्गठन

'बाँच्ने एउटा जिन्दगी' उपन्यास, पुराण, इतिहास वा दन्त्यकथाजस्ता प्रख्यात विषयवस्तुमा आधारित नभएर विशुद्ध रूपमा उपन्यासकारको मौलिक कल्पनामा आधारित विषयवस्तुमा रचना भएको उपन्यास हो । अर्को शब्दमा भन्दा यस उपन्यासको विषयवस्तु स्रोत प्रख्यात नभएर उत्पाद्य हो । यस उपन्यासमा ज्ञानप्रताप शाह र उसकी श्रीमती यशोधरा शाहको जीवनमा आएका विभिन्न उतारचढावलाई विभिन्न घटनाका माध्यमबाट चित्रण गरिएको छ ।

उपन्यासको कथावस्तु कुनै बिन्दु र समयबाट आरम्भ भई मध्य हुँदै अन्त्यसम्म पुगेको हुन्छ । सामान्य अवस्थामा सुरु भएको उपन्यासको कथावस्तु द्वन्द्व र सङ्घर्षका कारण अवरोहतर्फ लाग्छ अर्थात् जब कथावस्तुमा द्वन्द्व वा सङ्घर्षका कारण अवरोहतर्फ लाग्छ अर्थात् जब कथावस्तुमा द्वन्द्व वा सङ्घर्ष हुन थाल्दछ, कथावस्तुले गति लिन थाल्दछ । क्रमशः विकास हुँदै चरम अवस्थामा पुगेको कथावस्तु सङ्घर्षको ह्रास भएपछि ओरालो लाग्दछ । उत्कर्षमा पुगेको कथावस्तु क्रमशः तलतिर झर्दै फेरि सामान्य अवस्थामा आइपुग्दा कथावस्तुको अन्त्य हुने गर्छ ।

माथि उल्लिखित सैद्धान्तिक अवधारणासँग 'बाँच्ने एउटा जिन्दगी' उपन्यास मिलेको छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै ज्ञानप्रताप शाहका जीवनमा जोडिन आइपुगेका घटनाहरू शृङ्खलित रूपमै अघि बढेका छन् । कथयिता वा 'म' पात्रले आफ्नो साथी वा ज्ञानप्रतापबारे संस्मरणात्मक ढङ्गमा उपन्यासको आरम्भ गरेको भए पनि उपन्यास रैखिक ढाँचाबाट बाहिर फुत्किएको छैन । उपन्यासको अन्त्य भागबाट उपन्यासको उठान गरी संस्मरणात्मक ढङ्गबाट उपन्यासको मध्य भाग सृजना गरी पुनः अन्त्य भागमा पुऱ्याइएको भए पनि यसले कथावस्तुको सङ्गठनलाई फितलो बनाएको छैन । यस किसिमको कथावस्तुको सङ्गठनले उपन्यासलाई कलात्मकता थपिदिएको छ ।

### ४.१.२.४ चरित्रचित्रणको प्रविधि

'बाँच्ने एउटा जिन्दगी' पात्रहरूको चरित्रचित्रण गर्दा वर्णनात्मक पद्धतिको प्रयोग गरिएको छ । विभिन्न घटनाका माध्यमबाट पात्रलाई प्रदर्शन गरी तिनका व्यवहार सोचाइ कार्यलाई देखाउने तथा संवादको प्रयोगबाट व्यक्तित्व देखाउने काम यसमा भएको छ । ज्ञानप्रताप शाहको चरित्र चित्रण उपन्यासकारले यसरी गरेका छन् : "ज्ञानको पूरा नाम हो ज्ञानप्रताप शाह । ऊ पश्चिम एक नम्बर धादिङ जिल्ला खरीमैदीका ठकुरी खानदान हो । खरीमैदीका ठकुरीहरूको सम्बन्ध नेपालका रजौटा, चौतरिया, साहेबज्यू, राणा तथा अन्य हुने खानेहरूसँग रहँदै आएको छ ।" (बाँच्ने एउटा जिन्दगी : पृ. ३)

उपन्यासकारले अन्य पात्रहरूको चित्रण गर्दा पनि प्रायः वर्णनात्मक शैली नै अपनाएको देखिन्छ । ज्ञानप्रतापकी सहधर्मिणीको चर्चा उपन्यासकारले यसरी गरेका छन्: "उसले देख्यो यशोधरा सौन्दर्यकी अप्रतिम मूर्ति त थिइन । तर पनि ज्ञानुलाई उसका खुट्टादेखि लिएर चुल्ठोसम्ममा सौन्दर्य तथा शालीनताको छाप अनुभव भयो । हेर्दा त्यसै पनि आँखा चिम्म गरेर चिम्लन मन लाग्ने र श्रद्धाले त्यसै त्यसै परिपूर्ण हुने ।" (बाँच्ने एउटा जिन्दगी : पृ. ११)

चरित्रचित्रणका लागि संवादलाई पनि आधार बनाइएको छ । ज्ञानप्रताप र उसकी श्रीमती यशोधराका संवादबाट तिनीहरूका कतिपय स्वभाव प्रकट भएको देखिन्छ । जस्तैः

“यशु ! तिमी भन्न के चाहिरहिछ्यौ ? छोरो अनैतिक कार्य गरिरहेछ र गलत बाटोमा हिँडिरहेछ भने मैले बाबुको कर्तव्यबाट प्रेरित भएर त्यसलाई सम्झाउने र बुझाउने पनि नगर्ने ? र कुरो केही थाहै नपाएझैं गरी चुपचाप बसेर त्यस अनुचित कार्यको मौन स्वीकृति दिइरहने ?” उसले विस्मित हुँदै भनेथ्यो ।

“चुपै बसेको भए के हुन्थ्यो । तिम्रो अर्ती र उपदेशले यही पनि चिढिएर हिँड्यो भने तिमीलाई पाल्न तिम्रा सौमित्र शमशेर स्वर्गबाट ओर्लेर आउने छैनन् त !” यशोधराले विवेकशून्य भएर भनिथी । (बाँच्ने एउटा जिन्दगी : पृ. ४४-४५)

उपन्यासमा कतिपय क्रियाकलापमार्फत पनि चरित्रचित्रण गरिएको देखिन्छ । ज्ञानप्रताप र यशोधराका माहिली बुहारी र नातिनातिनीहरूको क्रियाकलाप यस किसिमको छ जसले उनीहरूको प्रवृत्तिलाई स्पष्ट्याएको छ :

“त्यस दिन हस्पिटलबाट फर्केर आई घर पसेदेखि नै रचनाको क्रोधको तापमान १०५ डिग्री पुगिसकेको थियो । ऊ ज्वालामुखी बनेर आगो उकल्दै कहिले शीला, कहिले देव त कहिले अनितामाथि खनिइरहेकी थिई । छोराछोरी तीनै जना पनि वाक्‌युद्धमा आमाभन्दा कम थिएनन् ।” (बाँच्ने एउटा जिन्दगी : पृ. ६१)

यसबाहेक कतैकतै अन्य पात्रका टिप्पणीमार्फत पनि चरित्रलाई उजिल्याएको देखिन्छ । डोल मैयाँ, नीरप्रताप कस्तो स्वभावका थिए भन्ने कुरा तरानाको यस टिप्पणीले पुष्टि गर्दछ :

“यतिका कुरा गर्‍यो माथ्ला घरकी बूढी त अझै जिउँदै । संसार गन्हाइसक्यो । तपाइँ अझै वास्तविक कुराकै खोजमा हुनुहुन्छ । त्रिचालीस-चवालीसको उमेरमा आएर डोला रानीसाहेबमा बैंस फुलेको छ क्या बैंस, ढकमक्क फुलेको छ । खै, आफूलाई त सौमित्रमहलमा बैंस कहिले आयो र कहिले गयो पत्तै भएन । फेरि तपाइँको छोरो पनि

त त्यस्तै फुँडो रहेछ नि ! यस्ता बाबुको छोरो त्यस्तो छि : !" घृणा एवं दिगदिगले उसको अनुहार विकृत भएथ्यो । (बाँच्ने एउटा जिन्दगी : पृ. ४०)

यसरी उपन्यासमा चरित्रचित्रण गर्नका लागि व्याख्यात्मक संवादात्मक टिप्पणीमूलक आदि पद्धति अपनाइएको छ । उपन्यासमा प्रयुक्त पात्रका क्रियाकलापले उनीहरूको स्वभावलाई अझ बढी स्पष्ट्याएको छ । विविध पद्धति अपनाएर लेखक यहाँ आफ्ना पात्रहरूको चरित्रलाई स्पष्ट्याउन सफल भएको देखिन्छ ।

### ४.१.२.५ चरित्र र चरित्रचित्रण

'बाँच्ने एउटा जिन्दगी' मा भएका चरित्रहरू जिउँदा जाग्दा किसिमका छन् । सामाजिक विषयवस्तुलाई लिएर लेखिएको उपन्यास हुनाले उपन्यासमा प्रयुक्त पात्रहरू समाजबाट टपक्क टिपिएका झैँ लाग्छन् । सामाजिक सन्दर्भअनुकूल चरित्रहरूको प्रयोग गरिएकाले यसमा स्वाभाविकताको परिपाक छ । उपन्यासमा प्रयोग गरिएका प्रमुख तथा सहायक पात्रहरूको चरित्रचित्रण तल गरिएको छ ।

#### (क) ज्ञानप्रताप शाह

ज्ञानप्रताप शाह 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको प्रमुख पात्र हो । वि.सं. १९६८ मा जन्मेको ज्ञानप्रताप शाहले राणाशासनकालमा पनि एम्.ए. सम्म पढेको छ । नब्बे सालको महाभूकम्पको चपेटामा परी आमा-बाबुको मृत्यु भएपश्चात् मामा कर्णेल अष्टध्वज खड्काले उसलाई स्नेह, माया र मताको धाप दिँदै पालेको छ । मामा अष्टध्वज खड्काले नै उसलाई सौमित्र  महलको सुब्बाङ्गी पदमा काम लगाइदिन्छन् । ऊ मालिकको सोझो गर्ने इमान्दार जागिरेको रूपमा रहेको छ । ऊ मालिकको कुभलो चिताउँदैन । ऊ मालिकले जे अह्रायो त्यही गर्छ । पढेलेखेको भए पनि दासत्व स्वीकार्ने बानी उसमा छ । ज्ञानप्रताप आधुनिक शिक्षाको मह□व बुझ्ने र सन्तानहरूप्रति जिम्मेदारी बहन गर्ने पात्र पनि हो । आफ्ना सन्तानहरूलाई पढाउन उसले हरप्रयत्न गरेको छ । उसका छोराहरू स्नातकसम्म नपढेका कोही छैनन् । सौमित्र महलमा काम गर्ने सुसारेहरूले आकर्षित भई उसलाई लोभ्याउने प्रयत्न गरे पनि ऊ सधैं त्यसबाट

बच्न सफल छ । यसले ऊ सदाचारी पात्र रहेको स्पष्ट हुन्छ । ऊ लगनशीलचरित्र पनि हो । सौमित्र महलमा काम गर्दा उसले कहिल्यै मालिकको गाली खानु परेको छैन । उसको लगनशीलतालाई देखेर नै सौमित्रशमशेरले ज्ञानुलाई थुप्रै जिम्मेदारीहरू सुम्पेको छ । आदर्शका दृष्टिले हेर्दा ऊ एक आदर्शवादी पात्र हो । व्यक्तिगत स्वार्थमा लिप्त भई आफ्नो छोरो नीरले गरेका कर्तुलाई उसले कडा प्रतिवाद गरेको छ । डोलामैयाँसँग अनैतिक सम्बन्ध कायम गर्ने निर्लज्ज छोराको कतुतको विरोध गर्ने ज्ञानप्रताप सुखमा मात्तिने र दुःखमा आत्तिने गर्दैन । जुनसुकै कार्य गर्दा धैर्यलाई बढी मह□व दिने ज्ञानप्रताप सन्तानलाई सुधार्न, श्रीमती यशोधरालाई समयअनुसार चल्न सिकाउन प्रयत्न गरिरहन्छ । जेठो छोराको तिरस्कारबाट प्रताडित ज्ञानप्रताप माहिलो र कान्छो छोराको आशमा आफ्नी श्रीमती यशोधरालाई लिएर अमेरिका पुगेको भए पनि छोराबुहारीहरू एवं नातिनातिनाबाट समेत अपहेलित, घृणित, तिरस्कृत भएर पुनः स्वदेश फर्कन्छ । पराश्रितबाट पाएको ठक्करबाट आँखा खुलेको ज्ञानप्रताप जीवनको अन्त्यावस्थामा एउटा नौलो, मीठो स्वतन्त्र र आनन्दको अनुभव गर्छ । आफ्नो सच्चरित्रता, नैतिकता र  इमान्दारीको प्रतिफलमा पाएको चार रोपनी बारीसहितको घर नै ज्ञानप्रतापको जिन्दगीको अन्तिम सहारा हुन पुग्छ । आफूलाई आवश्यक पर्ने जति राखी बाँकी बिक्री गरी त्यसैबाट आवश्यक कुराहरू पूर्ति गर्न पुग्छ । यसरी उपन्यासमा ज्ञानप्रताप इमान्दार, शिक्षित, विवेकशील, कर्मठ, धैर्यशाली आदर्शचरित्रको रूपमा रहेको छ । सङ्घर्षमय जीवनको हिमायती ज्ञानप्रतापले सन्तानको सहाराविना पनि बाँच्न सकिन्छ भन्ने सन्देश उपन्यासमा छाडेको छ । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा हेर्दा ज्ञानप्रताप पुलिङ्ग, प्रमुख, अनुकूल, गतिशील, व्यक्तिगत, मञ्चीय र बद्ध पात्रका रूपमा देखिन्छ ।

**(ख) यशोधरा**

यशोधरा उपन्यासको प्रमुख पात्र ज्ञानप्रताप शाहकी सहधर्मिणी हो । राणापरिवारमा जन्मिएकी नरेशजङ राणाकी छोरी यशोधरा असल गृहिणीका रूपमा देखिएकी छे । ज्ञानप्रतापका सुख दुःखमा ऊ साथ दिन सधैं तत्पर रहन्छे । तीन-तीन

छोराकी आमा भएकी यशोधरामा राणाकुलकी छोरी भएकाले कहिलेकाहीँ सामन्ती घमन्ड पनि देखिन्छ । त्यसैले कहिलेकाहीँ आफ्नो पतिको आदर्शलाई कुल्चन पनि प्रयत्न गर्छे । सामन्ती संस्कारमा हुर्केकी र विलासी जीवन भोगेकी भएकीले विलासी जीवन बिताउन ऊ इच्छा राख्छे । छोराले बेइमानी रूपले कमाएको सम्पत्तिमा मोजमज्जा गर्न उसलाई कुनै किसिमको हिच्किचाहट रहँदैन । आफ्नो लोग्नेले लामो समयसम्म मालिकको सेवा गरेबापत पाएको २ लाखबाट बाँकी रहेको १ लाख विलासितामा खर्चेर सिध्याउँछे । त्यतिले मात्र नपुगेर अनैतिक कार्यबाट छोराले कमाएको सम्पत्तिमा लोभिनु, आफ्नो पति ज्ञानप्रतापले अस्वीकार गर्दा गर्दै पनि जेठो छोरो नीरप्रतापसँग बस्न चाहनुले उसको स्वार्थी चरित्र स्पष्ट हुन्छ । यति हुँदा हुँदै पनि स्वार्थ लिप्सामा नबसी ज्ञानुलाई साथ दिनाले ऊ खलचरित्रकी भने छैन । आदर्श पत्नीका रूपमा रहेकी यशोधरा आफ्नो पति ज्ञानुका साथ अमेरिका पुग्छे । सुखका सपना बोकेर पतिसँगै अमेरिका पुगेपछि अमेरिकामा दुःख भोग्नुपर्ने हुन्छ । ऊ दुःखमा आत्तिन्न । बुहारी नातिनातिनाका दुर्व्यवहारहरूलाई आफू स्वदेश फर्किन अनुकूल नबनुञ्जेल सहनसम्म सहन्छे ।

**(ग) सौमित्रशमशेर**

सौमित्र शमशेर 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको मह□वपूर्ण पात्र हो । श्री ३ महाराज जुद्धशेरको काल्पनिक छोराका रूपमा उपन्यासमा उसलाई उभ्याइएको छ । राणाशासनकालमा जनरल रहेको सौमित्र शमशेर विलासी प्रवृत्तिको छ । हुकुमी रहनसहन बोकेको सौमित्र शमशेरले आफ्नो दरबारमा सुसारे नानी र तालिमे नर्तकीहरूको लस्कर राखेको छ । तालिमे नर्तकी र सुसारेहरूसँग अनैतिक सम्बन्ध राख्ने सौमित्र आफ्नी विवाहिता श्रीमती र लाठे छोरालाई छुट्याएर राख्छ ताकि उसको विलासिताका लागि बाधक नबनून् । रक्सी रन्डीबाजीमा निर्लिप्त सौमित्र यतिसम्म कामुक छ कि आफ्नै छोराको विवाहका लागि तालिम लिन भनी ल्याइएकी डोलामैयाँलाई समेत गर्भवती तुल्याउँछ । डोलामैयाँको गर्भबाट चैतन्य जन्मन्छ । चैतन्यको जन्मपश्चात् मात्र उसलाई होस आउँछ । सौमित्र शमशेर कामुक मात्र नरहेर

क्रोधी पनि छ । आफ्नी सुसारे दरबारीले रक्सी चोरेर खाई भनेर कोर्रा ठोक्न र दरबारबाट पनि निकाल्ने काम उसले गरेको छ । ज्ञानप्रतापप्रति भने ऊ दयालु देखिएको छ । यो उसको दयावान् चरित्र आफ्ना कृपापात्रलाई मात्र दया गर्ने राणाप्रवृत्तिकै परिचायक बनेर आएको छ । सौमित्रशमशेर राणाहरूको प्रतिनिधि पात्र हो । यसमा चरित्रका माध्यमले उपन्यासकारले राणाकालीन शासकहरूको स्वरूप, विलासी प्रवृत्ति, सामान्य मानिसहरूप्रति राणाहरूको व्यवहार, हैकमवादी प्रवृत्ति, खर्चालु वानी र प्रजातन्त्र आगमनपछि उनीहरूको खस्कँदो स्थितिलाई देखाएका छन् । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव जीवनचेतना, आसन्नता र आवद्धताका आधारमा हेर्दा सौमित्र शमशेर पुलिङ्ग, सहायक, अनुकूल, स्थिर, वर्गीय, मञ्चीय र बद्ध पात्रका रूपमा देखिन्छ ।

**(घ) डोलामैयाँ :**

डोलामैयाँ 'बाँच्ने एउटा जिन्दगी' उपन्यासकी मह□वपूर्ण नारीचरित्र हो । वैतडीकी जयन्द्रबहादुरकी छोरी डोलामैयाँ सौमिक महलमा सौमित्रशमशेरको छोरोसँग विवाह गराउन दरबारिया चालचलन, विधिव्यवहार, बोलीचालीको प्रशिक्षण दिन ल्याइएकी छे । उसको सौन्दर्य अपूर्व रहेको छ । यही अपूर्व सौन्दर्य र वैंशको मादकताले गर्दा सौमित्रशमशेर मन थाम्न सक्दैन । ऊ सौमित्रशमशेरबाट गर्भवती तुल्याइन्छे । विडम्बना बिहेपछि ससुरा भन्नुपर्ने व्यक्तिबाटै ऊ रानी तुल्याइन्छे । बूढो सौमित्रशमशेरबाट गर्भवती तुल्याइएर उसकै रानी बन्न पुगेकी डोलामैयाँले लोग्नेबाट तृप्ति पाउन सक्दिन । सौमित्रशमशेर जीवित छउञ्जेलआफूलाई नैतिक रूपमा उभ्याएर आफ्ना दमित यौनवासना लुकाउन सफल रहन्छे । सौमित्र शमशेरको मृत्युपछि भने उसका दमित वासनाहरू टाउको उठाउन थाल्दछन् । ऊ आफ्नो दमितवासना पूर्ति गरिदिने व्यक्तिका रूपमा ज्ञानुको जेठो छोरो नीरप्रतापलाई पाउँछे । आफ्नै परिवारकै सेवकको छोरो नीरप्रतापसँग अनैतिक सम्बन्ध गाँस्न थाल्छे । यौन उन्मादले आक्रान्त बनेकी डोलामैयाँको यो कार्य खुलमखुल्लारूपमा देखापर्छ । डोलामैयाँको यो व्यवहारले यौनवासनाले उन्मत्त नारीको विकृत रूपलाई

उपन्यासकारले देखाउन खोजेका छन् । आफूभन्दा कम उमेरको आफ्नै सेवकसँग यौनक्षुधा मेट्ने उसको चरित्रले डोलामैयाँ जस्तै वेमेलविवाह गर्ने सम्पूर्ण राणाका रानीहरूको प्रतिनिधित्व उसले गरेको देखिन्छ । उपन्यासको आरम्भमा शालीन रूपसौन्दर्य लिएर दरबार पसेकी डोलामैयाँ उपन्यासको अन्त्यतिर व्यभिचारीणी पात्रकी रूपमा देखिएकी छे । उपन्यासका घटनाक्रमलाई हेर्दा ऊ स्त्री, सहायक प्रतिकूल, स्थीर, वर्गीय, मञ्चीय एवम् बद्ध पात्र हो ।

**(ङ) नीरप्रताप**

नीरप्रताप ज्ञानप्रताप शाहको जेठो छोरो हो । उसले स्नातकसम्मको अध्ययन गरेको छ । प्रजातन्त्रको आगमनपछि ऊ केही समय कम्युनिस्ट बनेको छ । आफ्नो रवाफ देखाउन थालेकाले ज्ञानप्रताप उसलाई आफूले काम गर्दै गरेको सौमित्र महलमा काम लगाइदिन्छ । पैसाको लागि जे गर्न पनि पछि नपर्ने उसको स्वभाव रहेको छ । आदर्श बाबुको सन्तान भए पनि आदर्शले मानिसलाई उँभो लगाउँदैन भन्ने सोच उसमा छ । त्यसैले ऊ कृतघ्न स्वभावको छ । यस पात्रले आमासमान उमेरकी आफ्नी मालिक्नी डोलामैयाँसँग अनैतिक सम्बन्ध गाँस्छ । बाबुले सतर्क गराउन चाहे पनि ऊ सतर्क हुन चाहँदैन । बाबु र आफू सँगसँगै रहँदा अप्ठ्यारो झेलिरहनु पर्ने सोचेर ऊ डोलामैयाँलाई भनेर बाबुलाई अवकाश दिन लगाउँछ । डोलामैयाँको यौनक्षुधा मेटिदिने भएकाले डोलामैयाँ उसलाई घर र कारसमेत किन्नमा मद्दत गर्छे । नीरप्रताप वर्तमान युवापुस्ताको प्रतिनिधि पात्र हो । ऊ पैसाको पछाडि दौडिन्छ । नैतिकता इमान्दारीप्रति उसलाई केही वास्ता छैन । आफ्ना जन्मदाता बुबाआमालाई दुःख दिन, अपमानित गर्न ऊ डराउँदैन । ऊ आदर्शबाबुबाट आमालाई एक्ल्याएर बाबुलाई झन् पीडा दिन बल गर्छ । संसारमा पैसा नै ठूलो हो; पैसा नै सबैथोक भएकाले नैतिकता, मर्यादा आदिको औचित्य नरहेको उसको ठहर छ । त्यसैले ऊ आफ्नै आफन्तका अगाडि बाबुलाई तथानाम गाली गर्छ, लज्जित पार्छ । बुढेसकालमा बाबुआमाका लागि लौरो हुनुका सट्टा बाबुआमाको लागि कुपुत्र सन्तानका रूपमा देखिएको छ । उपन्यासमा उसको उपस्थितिलाई हेर्दा ऊ दुष्ट कपटी, छली; विलासी र कृतघ्न चरित्रको पात्र हो ।

**(च) रविप्रताप**

रविप्रताप 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको सहायक पात्र हो । ज्ञानप्रताप शाहको माहिलो छोरो रवि पढ्नमा अब्बल दर्जाको भए पनि अवसर नपाएकाले स्वदेशमा नै खुम्चेर बसेको छ । मौका मिले विदेश जाने सोच बनाएको रविले आफूसँगै कलकत्तामा सँगै पढेकी रचनालाई अमेरिकामा पत्राचार गर्छ । शान्त भवनमा काम गरिरहेका डाक्टर आर्नोल्डसँग भेट्न आएकी रचनाले उसलाई लिएर अमेरिका जान्छे । रवि उसँगै घरजम गरेर अमेरिकामा नै बस्छ । अमेरिकाको बसाइमा रविले केही उन्नति गर्न सकेको छैन । रवि पत्नीपरायाण बनेको छ । त्यसैले श्रीमतीको तुच्छवचन, घृणा, अपमान सहेर बसेको छ । ऊ एउटा स्वार्थी चरित्र हो । बुबाआमा, देशप्रति उसले गर्नुपर्ने कर्तव्यबारे उसलाई रतिभर ख्याल छैन । आफ्नो आशमा नेपालबाट अमेरिका पुगेका बुबाआमालाई आफ्नी श्रीमती रचनाले गरेका घृणा, अपमानलाई ऊ टुलुटुलु हेरेर बसिरहन्छ । बुबाआमाले स्वदेश फर्कन भन्दा स्वदेश फर्कन पनि सक्दैन । उपन्यासमा रविको भूमिकालाई हेर्दा कार्यका आधारमा सहायक पात्र, स्वभावका आधरामा प्रतिकूल, जीवनचेतनाका आधारमा युवापुस्ताको प्रतिनिधि पात्र एवम् उपस्थितिलाई हेर्दा मञ्चीय र बद्ध पात्रका रूपमा देखिन्छ ।

**(छ) शशिप्रताप**

शशिप्रताप ज्ञानप्रताप शाहको कान्छो छोरो हो । होटल भ्यानेजमेन्ट पढ्न चार वर्षका लागि अमेरिका पुगेको ऊ अमेरिका बसेको लगभग उन्नाईस वर्ष भैसकेको छ । उसले त्यहीँ वीरानामकी युवतीसँग बिहे गरेको छ । शशिप्रताप पनि दाजुहरू नीरप्रताप रविप्रतापजस्तै स्वार्थी चरित्रको छ । स्वार्थी चरित्रको नहुँदो हो त बुबाआमा अमेरिका पुग्दा मेक्सिको सरुवा भएर जाने थिएन । उसले अमेरिका पुगेका बुबाआमासँग लगभग एक वर्षपछि मात्र भेट गरेको छ । त्यो पनि बुबाआमालाई नेपाल फर्काउने समयमा । आफ्नी श्रीमती वीराले धोका दिई सम्पूर्ण सम्पत्ति कुम्ल्याएर भागेपछि मात्र ऊ बाबुआमा भेट्न आइपुगेको छ । शशि बुबाआमालाई आफ्नो समस्या देखाएर छड्कने

प्रयासमा लागेको देखिन्छ । बुबाआमाले स्वदेश फर्कनभन्दा अमेरिकाको सुख, सुविधा र पैसा छाडेर फर्कन नसक्ने बताउँछ । बुबाआमालाई स्वदेश फर्केपछि के गर्नुहुन्छ भनेर पनि सोध्दैन । उपन्यासमा शशि कहीँ पनि असल चरित्र भएको पात्र देखिँदैन । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, असलता र आबद्धताका आधरामा हेर्दा शशिप्रताप पुरुष, सहायक, प्रतिकूल, स्थिर, वर्गीय, मञ्चीय एवम् बद्ध पात्र हो ।

**(ज) रचना**

रचना हरेकृष्ण हली र दरबारीकी छोरी हो । कलकत्ताको लोरेटो स्कुलबाट अध्ययन सिद्ध्याएर ऊ अमेरिकामा डाक्टरी पेसामा कार्यरत छे । ऊ ज्ञानप्रताप शाहको माहिलो छोरो रविप्रतापकी पत्नी हो । रचना यस उपन्यासमा डोलामैयाँपछिकी खलनायिका देखिन्छे । डोलामैयाँले आफ्नो पति सौमित्र शमशेरको मृत्युपश्चात् नीरप्रतापलाई आफ्नो कामवासना शान्त पार्ने माध्यम बनाएझैँ ऊ पनि आफ्नो पूर्व पति भोलामान परियारको मृत्युपछि ज्ञानप्रतापको छोरो रविलाई दोस्रो पतिको रूपमा वरण गर्छे । पूर्व पति भोलामानलाई उसले औषधिका नाममा गलत औषधि प्रयोग गरी ज्यान लिएकी थिई । रचनालाई आफ्नो पढाइप्रति घमन्ड छ । ऊ रविलाई अमेरिका ल्याएर ठूलो उपकार गरेको सम्झन्छे । आफूभन्दा ठूलाबडालाई सम्मान गर्न उसले जानेकी छैन । ऊ आफ्नै बुबाआमा समान सासूससुरालाई नोकरको झैँ व्यवहार गर्छे । लोग्नेलाई त ऊ भुसुनोबराबर पनि सम्झन्न । आफूसँगै बस्दा रहँदा घृणा, अपमानभन्दा केही नगर्ने रचना सासूससुरा काठमाडौँ फर्कने भनेपछि आफूले सक्दो सेवा सम्मान गर्न नसकेको भन्दै चेपारो घस्छे । उपन्यासमा रचना उद्दण्ड, निर्दयी, कर्कशा मुखाले, र चेपारे स्वभावकी देखिन्छे ।

**(झ) केशव**

केशव यस उपन्यासको वक्ता पात्र हो । ऊ ज्ञानप्रताप शाहकै दौँतरी हो । यी दुवैलाई हल गोरुको संज्ञा दिइन्थ्यो । यी दुवैले कलकत्तामा सँगै पढेका थिए । “बाँच्ने एउटा जिन्दगी” उपन्यास केशवकै पूर्वस्मृतिका रूपमा आएको छ । ज्ञानप्रताप र

उसकी श्रीमती अमेरिकाबाट फर्केर आएको सुनेको 'वक्ता' पात्रको कुराबाट उपन्यास सुरु भई काम विशेषले तीन महिनासम्म सर्लाही बसी  फर्केर आएपछि ज्ञानप्रताप शाहलाई भेट्न गएको प्रसङ्गसँगै उपन्यासको अन्त्य भएको छ ।

माथि उल्लिखित मुख्य र सहायक पात्रहरूका अलावा उपन्यासमा गौण पात्रहरू पनि छन् । सौमित्र महलमा काम गर्ने तराना, झपुताली, डोलामैयाँका बाबु जयन्द्रबहादुर, नीर प्रतापकी श्रीमती सरला, रविप्रतापको छोरो देव, छोरीहरू शीला र अनिता आदि यस उपन्यासका गौण पात्रहरू हुन् । बाँच्ने एउटा जिन्दगीका सबै पात्रहरू मानवीय नै हुन् । मानवेत्तर पात्रको प्रयोग उपन्यासमा गरिएको छैन ।

### ४.१.२.६ वातावरण/परिवेश

'बाँच्ने एउटा जिन्दगी' उपन्यासले समयको दुई छुट्टाछुट्टै स्थितिको चित्रण गरेकाले यसको वातावरणमा पनि विभिन्नता छ । उपन्यासको पूर्वाद्धमा राणाशासनकालीन दरबारिया परिवेशको उपस्थिति छ । मूलतः वि.सं. १९९० देखि २००७ सालसम्मको राणाकालीन दरबारिया परिवेशलाई पूर्वार्द्ध चरणमा देखाइएको छ । २००७ सालदेखि २०२७ सालसम्मको समयावधि दरबारिया र बाहिरी परिवेश दुवैको चित्रण छ । समग्रमा हेर्दा वि.सं. १९९० सालमा मामा अष्टध्वज खड्काको सहयोगमा ज्ञानप्रतापले सौमित्र महलमा नोकरी गरेको समयावधि वीर अवकाश प्राप्त ज्ञानप्रतापले सहारा खोज्दै अमेरिकासमेत पुगेको समयावधि हेर्दा उपन्यासमा लगभग २७ वर्षको समयावधि देखिन्छ । स्थानगत परिवेशलाई हेर्दा उपन्यास पूर्णरूपमा सहरिया परिवेशमा हिँडेको देखिन्छ । काठमाडौँ सहर केन्द्रबिन्दुमा छ भने अमेरकाको कर्निङ सहरको एउटा घर रहेको छ । राजदरबार, सुसारे, नोकर चाकरको परिवेशमा कथानकले गति लिएको छ । तात्कालिक शासकहरूको विलासी प्रवृत्तिको चरित्र निर्माण गर्न दरबारिया परिवेशले औधी सघाएको छ । दरबारमा सुसारे, गायनमण्डली आदि राखिनु यसको प्रमाण हो ।  दरबारमा काम गर्ने सुसारेहरूको यौन उन्मादलाई देखाउन एकान्त भेट्ने वित्तिकै उनीहरूको पुरुष कामदारहरूसँग लहसिन खोज्ने, जिस्कने प्रवृत्ति उपन्यासमा

देखाइएको छ । दरबारमा काम गर्ने सुसारेबाहेक बेमेल विवाह भएका राणाका पत्नीहरू कसरी आफ्नै नोकचाकरहरूसँग सल्कन्थे भनी देखाउन सौमित्रको मृत्यु देखाइएको छ । सौमित्रको मृत्यु भएपश्चात् नै डोलामैयाँ ज्ञानुको छोरा नीरप्रतापसँग लहसिन्छे । यस कार्यमा बाधा पुऱ्याउन सक्ने व्यक्ति ज्ञानप्रताप भएकाले उसलाई समेत अवकाश दिई अझ सजिलो वातावरण सिर्जिएको छ । राणाशासनका समयमा कृपापात्र भई धनआर्जन गर्ने विभिन्न उपायमध्ये नीरप्रतापले डोलामैयाँलाई यौनसन्तुष्टि दिई धनार्जन गरेको देखाइएको छ । पैसाको लागि मानिस कत्तिको कृतघ्न बन्न सक्छ भन्ने वातावरण उपन्यासमा सिर्जना गरिएको छ । राणाशासनको समयमा सामान्य मान्छेले छोराछोरीलाई राम्रो शिक्षा दिन सक्दैनथ्यो । तसर्थ ज्ञानप्रतापले आफ्ना तीन सन्तान नीरप्रताप, रविप्रताप र शशिप्रतापलाई राम्रो शिक्षा दिन सक्नु, सौमित्रको कृपाबाट भएको देखाएको छ । ज्ञानप्रताप कुलीन श्रीमती भि□याउन सफल देखाएको छ । कुलीन श्रीमती भि□याउँदा दाइजो प्रशस्त पाउन सफल बनाउन लरेन्सजङ्ग राणाकी छोरीसँग ज्ञानप्रतापको बिहे गराइएको छ । त्यस्तै रवि र शशिको चरित्रनिर्माण गर्न उपयुक्त वातावरण सिर्जना गरिएको छ । रवि र शशि आफ्ना बुबाआमाप्रति कृतघ्न बन्न आधुनिक पाश्चात्य शिक्षा कारक बनेको छ । ज्ञानु र यशोधराको मानसिक द्वन्द्वलाई देखाउन सन्तानबाट असहयोग, घृणा, अपमान गरेका तथ्यहरू अगाडि सारिएको छ । अमेरिकाबाट फर्केपछि जीवन बाँच्न कुनै कठिनाइ नभएको देखाउन थोरै जग्गाबेचेर ठूलो घर बनाउन सफल भएको ज्ञानुलाई देखाएको छ । यसरी हेर्दा देश, काल र परिस्थितिको उचित संयोजन उपन्यासमा गरिएको देखिन्छ । यही उचित संयोजनकै कारण उपन्यासमा वर्णित विषयवस्तु प्रभावकारी बन्न सकेको हो ।

### ४.१.२.७ भाषाशैली

'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग गरिएको भाषालाई हेर्दा यसमा स्वभाविकता नै बढी देखिन्छ । उपन्यासको विषयवस्तु नेपाली समाजको यथार्थतामा आधारित भएकाले उपन्यासमा सहज भाषाको प्रयोग ज्यादा भेटिन्छ । सौभित्रशमशेर र

दरबारिया कामदारहरू दरबारिया भाषा प्रयोग गर्छन् । कुलीन भाषाबाहेक बाह्य समाजमा प्रयोग गरिने छुद्र भाषाको प्रयोग पनि उपन्यासमा भेटिन्छ । रवि, शशिहरूको भाषामा अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ भने अमेरिकामा बस्ने ज्ञानप्रतापकी बुहारी रचना र उसका छोराछोरीमा नेपालीपन भन्दा विदेशीपन बढी पाइन्छ । नीरप्रताप र रचनाका भाषामा बढी क्षुद्रता पाइन्छ । नीरप्रतापले आफ्नै बाबु ज्ञानप्रतापलाई प्रयोग गरेको क्षुद्र भाषाको एक नमुनालाई हेरौँ :

"बुझिबक्स्यो मामा ! यस बूढोलाई मेरो पैसाबाट दिनहुँ मासु खानुपर्छ, दूध खानुपर्छ, घिउ खानुपर्छ, याक चुरोट खानुपर्छ र बेलुका ह्विस्की खानुपर्छ । जति पैसा दिऊँ पुग्दैन, यस बूढोलाई म सक्तिनँ अब, यो सब धानेर बस्न । निस्कन्छु, म आजै निस्कन्छु ।" (बाँच्ने एउटा जिन्दगी : ४६)

ज्ञानप्रतापका नातिनातिनाहरूको भाषा प्रयोगमा अङ्ग्रेजी शब्द ज्यादा देखिन्छन् । अमेरिकामा जन्मे हुर्केकाले यस्तो हुनु पनि स्वभाविकै छ । ज्ञानप्रतापकी जेठी नातिनी शीलाले प्रयोग गरेको भाषाका नमुनालाई हेरौँ :

"यसरी हुँदैन रिकग्निसन । फादर इन ल र मदर इन ल दुवैको सभरिन ( स्वर्णमुद्रा) राखेर डटर इन लको फेस हेरेपछि मात्र रिकग्निसन हुन्छ । नेपाली कस्टम यस्तै छ होइन र ? अनि तिमीहरूले नीर अङ्कलको वाइफलाई दिएजति अर्नामेन्ट मेरो ममीलाई पनि दिन पर्दैन ?" (बाँच्ने एउटा जिन्दगी : ५९-६०)

शासकहरूले आफ्ना सेवकहरूसँग प्रयोग गर्ने भाषालाई सौमित्रशमशेरले ज्ञानप्रतापसँग आफ्नो श्रीमती र छोराप्रति गरेको गुनासोबाट पनि स्पष्ट झल्कन्छ :

"ज्ञाने ! बसुधा र प्रद्युम्नलाई म कसरी आफ्नो सम्झूँ ! ती आफैँ रतुवा तर्सेझैँ तर्सेर मकहाँ आउन छोडेर राणातन्त्र समाप्त हुनासाथ मैले अंश पूरा दिइनँ रे भनेर ती अदालतको ढोका घचघच्याउन पुगे । त्यसैले ती अब मेरा रगतबाट गइसके । रहे डोला र चैतन्य । हो, मेरो सबै खाने ती नै हुनेछन् । मेरो यो सबै तिनलाई नै दिन्छु । तर मन भने मैले दिन सकिनँ तिनलाई । बाहिर देख्दा डोला मेरी पत्नी हुन् । तर भित्र

उनी मेरी पत्नी नभएर बोधीवृक्ष हुन् । उनैले मलाई बुद्धत□वको ज्ञान गराइन् र चैतन्य दिइन् । चैतन्य नै प्राप्त भइसकेपछि अब को स्वास्नी को छोरा र कसैसँग पनि केको नाता ?"

संवादका दृष्टिले पनि यो उपन्यासमा स्वभाविकता रहेको छ । ज्ञानुको संवादमा बौद्धिकता र शिष्टताको मात्रा बढी पाइन्छ भने सौमित्रको भाषामा कुलीनता र आदेशात्मकता बढी पाइन्छ । सौमित्र शमशेर र ज्ञानप्रतापबीच भएको विवाद प्रसङ्गबारे भएको यो संवादलाई हेरौं :

"ए लाटा ! किन बोल्दैनस् ?"

अनि उसले लाज मान्दै भनेथ्यो, "खोइ प्रभु ! अहिलेसम्म यस सम्बन्धमा मैले सोचेको छैन ।"

"बिहा गरेर आफ्नो गृहस्थी नबसाई सधैं मामाघरमै निर्वाह हुन्छ त तेरो ?" जनरल साहेबले भनेथे ।

"त्यो त हुन्न प्रभु ! एक दिन मैले आफ्नो प्रबन्ध त गर्नै पर्छ ।" (बाँच्ने एउटा जिन्दगी : १०)

यस उपन्यासमा प्रयोग भएको संवादहरूलाई हेर्दा ती छोटा र मझौला छन् । अभिव्यक्तिलाई सम्प्रेषणीय र सार्थक बनाउन संवाद सक्षम देखिन्छन् ।

शैलीका दृष्टिले हेर्दा यो उपन्यास सरल छ । उपन्यासको सिङ्गो कथावस्तु केशव वा 'वक्ता' पात्रका पूर्वस्मृतिका रूपमा आएको भए पनि कथानकमा गतिशीलता, क्रमिकता र शृङ्खलितता छ । उपन्यास रैखिक ढाँचामा नै लेखिएको छ । भाषाशैलीको दृष्टिकोणले हेर्दा उपन्यासलाई खोट लगाउने ठाउँ देखिँदैन ।

आलङ्कारिक भाषाको प्रयोग पनि उपन्यासमा भएको छ, जस्तै- "मानिसको बुद्धि भलै जस्तोसुकै परिपक्व होस् र सुसंस्कृत होस् तर पनि मनरूपी चञ्चल बाँदरलाई नियन्त्रण गर्न गाह्रै पर्छ ।" (पृ. १५) "पानी पर्न थालेपछि भूइँमा हरिया

घाँसहरू उम्रन थाल्दछन् । पतिको दिनचर्यामा केही परिवर्तन आउनासाथ यसै गरी पत्नीको मनमा पनि शङ्खा उम्रन थाल्दछ ।" (पृ. २८) कामुक मन जसको पछि दौडिन्छ ओरालोमा पानी बगेझैँ बडो बेगले दौडिन्छ ।" (पृ. ४१) उपन्यासमा उखानटुक्काको प्रयोग पनि भएको छ । कुकुरलाई घिउ नपचेको (पृ. १८), जसको लठ्ठी उसको भैँसी (पृ. २६), भदौमा आँखा फुटेको गोरु (पृ. २८) जस्ता उखानटुक्काको प्रयोगले उपन्यासको भाषा अझ सशक्त बनेको छ ।

### ४.१.२.८ दृष्टिबिन्दु

'बाँच्ने एउटा जिन्दगी' उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको उपन्यास हो । उपन्यासको सम्पूर्ण कथावस्तु 'म' मात्र अथवा वक्ता पात्रको पूर्वस्मृतिको रूपमा आएको छ । उपन्यासको उठानबाट नै उपन्यास प्रथम दृष्टिबिन्दुमा लेखिएको स्वतः प्रमाणित हुन्छ । उदाहरणका लागि उपन्यासको आरम्भलाई हेरौँ :

बिहान उठ्ने बित्तिकै सुनेँ ज्ञानु र उसकी पत्नी यशोधरा अमेरिकाबाट फर्केर आए रे ! सुनेर आश्चर्य लाग्यो । त्यसले अब फेरि नेपाल फर्केर आउनुपर्ने कुनै आवश्यकता नै थिएन । तर पनि एक वर्ष बित्दाबित्दै त्यो फेरि किन फर्केर आयो ? कुन कुराको कमी भयो होला र त्यसलाई त्यहाँ ? त्यसका दुई दुई छोराहरू त्यहाँ रजगज गरेर बसेका छन् । माहिलो छोरो रविप्रताप डाक्टर छ । बुहारी पनि डाक्टर छे, खुब नाम चलेकी हृदय विशेषज्ञ । (बाँच्ने एउटा जिन्दगी : १)

उपर्युक्त उदाहरणमा कथावाचन गर्ने प्रथम पुरुष 'म' पात्र रहेको छ । यहाँ 'म' पात्रले ज्ञानु र यशोधराका बारे बोलिरहेको छ । यसरी उपन्यासको उठानसँगै ज्ञानु र यशोधरासँग सम्बन्धित सम्पूर्ण घटनाको वर्णन 'म' पात्र गर्दै जान्छ । यहाँ कथावाचन गर्ने प्रथम पुरुष पात्र 'म' उपन्यासको केन्द्रीय भूमिकामा कहीँ पनि रहेको छैन । आफूलाई कथावाचन गर्ने माध्यमा रूपमा मात्र उठाएकोले प्रथम पुरुष हुँदा हुँदै पनि उसको भूमिका परिधिय किसिमको देखिन्छ ।

यस उपन्यासका सम्पूर्ण घटनाहरू सारवस्तु, संवाद आदि सिर्जना गरेर कथयिताले बताएका छन् तर संवादको आधिक्यले गर्दा चरित्रहरूमा लेखकको हस्तक्षेप कम भई तिनको स्वतन्त्र विकासमा टेवा पुगेको छ ।

### ४.१.२.९ सारवस्तु

'बाँच्ने एउटा जिन्दगी' उपन्यास पूर्ण आशावादीताले भरिएको छ । प्रत्येकले आफ्नो जिन्दगी आफैले बाँच्ने हो । क्षणिक जीवनमा पनि मान्छेले विभिन्न अनुभवहरूको सामना गर्नुपर्छ- कहिले सुखात्मक त कहिले दुखात्मक - यसैलाई जिन्दगी भन्ने नाम दिइन्छ । यस उपन्यासमा ज्ञानु र यशोधराले पारिवारिक जीवनमा आफ्ना सबै ऐश आराम सुख सुविधा परिवारमा न्यौछावर गर्दै गए । यसको बदलामा हुर्किसकेका परिवारबाट उनीहरूले बुढेसकालमा पाउनु पर्ने ऐश आराम सुखसुविधा पाउन सकेनन् । 'आफू ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो' भनेझैँ भयो जब सन्तानहरू उनीहरूले सोचेभन्दा भिन्न भएर निस्किए । जसरी भए पनि आफ्नो जिन्दगीलाई चलाउनु नै पर्ने स्थिति उनीहरूसामु आइपऱ्यो । हरेस खाएर हुनेवाला थिएन । धैर्य, संयम, सुझबुझका साथ जिन्दगी चलाउन दुवैले प्रयत्न गरे । मान्छे पढेरभन्दा परेर जान्ने हुन्छ भनेझैँ एकनासले बगेको जिन्दगीभन्दा सङ्घर्षमय जिन्दगी नै बढी स्वादिलो हुन्छ भन्ने कुरा उनीहरूले चाल पाइसकेका थिए । सन्तानको आश्रयविना पनि बाँच्न सकिन्छ भन्ने निर्णय लिएर अमेरिकामा बसिरहेका यी दुई दम्पती स्वदेश फर्किए र स्वावलम्बी भई बाँच्न हौसिए । धैर्य, संयम, सुझबुझ र श्रमको योग मिलाएकाले उनीहरूको जीवन सुखी हुँदै गयो ।

यस उपन्यासमा सन्तानको सहाराविना बाँच्न सकिँदैन भन्ने हाम्रो समाजको गहिरो धारणाको जरो उखेल्ने काम भएको छ । यसभन्दा बाहेक आफ्नो राष्ट्रलाई घृणा गर्ने व्यक्तिहरूको उछित्तो काड्ने काम यसमा भएको छ । उपन्यासको समग्र अध्ययनबाट स्वावलम्बीपन नै सर्वस्व हो भन्ने देखाएको छ । जिन्दगीलाई निरर्थक, काम नलाग्ने नबनाएर, स्वावलम्बी भई बाँच्नु नै वास्तवमा बाँच्नु हो भन्ने सारवस्तु उपन्यासमा पाइन्छ ।

## ‘बाँच्ने एउटा जिन्दगी’ उपन्यासमा ऐतिहासिकता

‘बाँच्ने एउटा जिन्दगी’ उपन्यास ऐतिहासिक उपन्यास पनि हो । सामाजिक यथार्थ विषयवस्तु समावेश भएको यस उपन्यासमा राणादरबारभित्रका व्यभिचार, भोगविलास, अनैतिक कुकर्मलाई ऐतिहासिक वातावरणमा चित्रण गरिएको छ । स्वयम् लेखकले भने यस उपन्यासलाई “तर यो इतिहास होइन मात्र एउटा उपन्यास हो, कथा हो । यसका सबै नै पात्र कल्पित हुन् ।”* भनेका छन् तर उपन्यास इतिहासमात्र भएर बाँच्न सक्दैन, त्यस्तै इतिहास पनि उपन्यास भइकन लेखिँदैन, साँधिदैन । पहिलोको सत्य दोस्रोको निम्ति दोष मानिन्छ भने दोस्रोको दोष पहिलोको निमित्त गुण ठहरिन्छ ।* कोरा इतिहासमात्र ऐतिहासिक उपन्यास हुन सक्दैन, त्यसको लागि परिकल्पना पनि अपरिहार्य छ । प्रस्तुत उपन्यासलाई उपन्यासकारले काल्पनिक माने पनि तत्कालीन राणाकालीन परिवेश र वर्तमान परिवेशलाई उपन्यासकारले यथार्थरूपले उतारेको देखिन्छ । उपन्यासको कथानक, घटना, चरित्रहरूलाई स्वतन्त्र रूपले उतारिए पनि घटनाको विकास ऐतिहासिक वातावरण अनुकूल गरिएको छ । यस कुराको पुष्टि पिँडालीले यसै पुस्तकको भूमिकामा लेखेको “मैले यस रचनामा नेपाली समाजको पहिलेको र अहिलेको स्थितिलाई प्रतिबिम्बित तुल्याउने कोसिस गरेको छु” भन्ने भनाइले पुष्टि गर्दछ । उपन्यासमा वर्णित कथावस्तु वि.सं. १९९० सालदेखि २०२७ सम्मको रहेको छ । मूलतः उपन्यासमा २००७ साल पूर्व र पश्चात्को अवस्थालाई चित्रण गरिएको छ । उपन्यासको कथ्य मूलतः सामाजिक भए पनि यो ऐतिहासिक घटना र परिवेशभित्र प्रतिबिम्बित छ । उपन्यासको पूर्वार्द्धमा ऐतिहासिक घटना र प्रसङ्गको उल्लेख गरिएको छ भने उत्तरार्द्धमा सामाजिक एवम् वैयक्तिक जीवन देखाइएको छ । वि.सं. १९९० साल माघ २ गते गएको महाभूकम्प र त्यसबाट तत्कालीन जनजीवनमा असर, राणाकालीन परिवेश, दरबारभित्र बिलासी प्रवृत्ति घृणित कामोत्तेजक व्यवहार र घटना, दरबार रिझाएमा जनस्तर उक्सने, नरिझाएमा जिन्दगी

* केशवराज पिँडाली, **बाँच्ने एउटा जिन्दगी**, पूर्ववत्, सूचना ।
* कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, चौथो सं. ललितपुर, साझा प्रकाशन, २०६१, पृ. १२७ ।

बर्बाद हुने स्थितिलाई उपन्यासमा देखाइएको छ । राणाशासनमा रहेको मौखिक कानुन, देशमा कुनै आकस्मिक घट्ना घटे धरहराको टुप्पोबाट बिगुल बजाएर जङ्गी तथा निजामती कर्मचारीलाई टुँडिखेलमा भेला गराउने प्रचलन, रोलअनुसार श्री ३ वा प्रधानमन्त्री हुने चलन उपन्यासमा आएका छन् । वि.सं. १९९७ सालमा घटेको सहिद काण्डपछि राणाशासन पतनतर्फ लागेको सङ्केत र यसैका कारण राणाशासकहरूले विलासी जीवनबाट आफूहरूलाई केही भए पनि मुक्त गराउन चाहेका प्रयत्नहरू उपन्यासमा भेटिन्छन् । २००७ सालमा प्रजातन्त्र आगमनपछि व्यक्ति, समाजका सोचाइमा आएका परिवर्तनलाई समेत उपन्यासमा अङ्कन गरिएको छ । यी सबै कारणहरूले गर्दा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास ऐतिहासिक हो भन्न सकिन्छ ।

साँझपख धरहराको टुप्पाको बार्दलीबाट अकस्मात् लगातार विगुल (रिमोली) बज्न थाल्यो । काठमाडौँमा तिनताक राजकाजसम्बन्धी कुनै आकस्मिक घट्ना भएमा जङ्गी तथा निजामतीका कर्मचारीहरुलाई टुँडिखेलमा भेला गराउन यसरी लगातार बिगुल बजाइने गर्दथ्यो । ज्ञानु, हत्त र पत्त लुगा फेरेर सोमित्रमहल जान बाहिर निस्क्यो । निजामती कर्मचारी, जङ्गीका जवानहरू तथा जनसाधारणको लुँडो टुँडिखेलतिर जाँदो थियो । ऊ सरासर सौमित्रमहल पुग्यो । त्यहीँ थाहा भयो अकस्मात्को व्यथाबाट श्री ३ महाराजको देहावसान भएको छ । (बाँच्ने एउटा जिन्दगीः २१)

## पाँचौँ परिच्छेद

# उपसंहार

### निष्कर्ष र मूल्याङ्कन

'बाँच्ने एउटा जिन्दगी' (२०४६) केशवराज पिँडाली (१९७७-२०५५) द्वारा लिखित साहिँलो औपन्यासिक कृति हो । यसको पहिलो प्रकाशन वि.सं. २०४३ मा साझा प्रकाशनबाट भएको हो । वि.सं. २०६२ सम्म पाँचौ संस्करण प्रकाशित भएकाले यो उपन्यास नेपाली पाठकसामु अत्यन्त लोकप्रिय रहेको देखिन्छ ।

परम्परागत रूपमा एक, दुई, तीन गरी छुट्टयाइएका १४ परिच्छेद र एक शेष परिच्छेद गरी पन्ध्र परिच्छेदमा विभाजित प्रस्तुत उपन्यास लघु आकारको देखिन्छ । आत्मकथात्मक शैलीका बीचबीचबाट प्रारम्भ भएको यो उपन्यासमा ज्ञानप्रताप शाह र उनकी पत्नी यशोधराले जीवनमा भोगेका दुःखसुखका क्षण र उनीहरूका जीवनमा जोडिन आइपुगेका अनेकौँ घटना शृङ्खलाहरू उपन्यासमा चित्रित छन् । बिहानै उठ्ने बित्तिकै ज्ञानप्रताप र उसकी पत्नी यशोधरा अमेरिकाबाट फर्केर आएको खबर सुनेको केशवबाट उपन्यासका सम्पूर्ण घटनाहरू वर्णन गरिएको देखिन्छ ।

'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथावस्तुको स्रोत कुनै पुराण, इतिहास, दन्त्यकथा नभएर विशुद्ध मौलिक कल्पनामा आधारित देखिन्छ । उत्पाद्य कथावस्तु भएको प्रस्तुत उपन्यासमा ज्ञानप्रताप शाह र उसकी पत्नी यशोधराका जीवनमा उनीहरूले आफ्नै सन्तानबाट पाएका अपमान, घृणा, दुःखका घटनाहरू उपन्यासमा आएका छन् । आफ्नै सन्तानबाट पाउनुपर्ने सम्मान आदर नपाएका यी दम्पतीले जीवनमा सिकेको मुख्य पाठ वा अनुभूतिको जीवन्त चित्रण उपन्यासमा भएको छ ।

'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा पात्रहरूको उपस्थिति अधिक रहे पनि ज्ञानप्रताप शाह र उसकी पत्नी यशोधरा मात्र प्रमुख भूमिकामा देखिन्छन् । उपन्यासमा

मानवीय पात्रका अलावा जडपात्रहरू छैनन् । उपन्यासमा आएका सम्पूर्ण मानवीय पात्रहरू मूल पात्रहरूको चरित्रोद्घाटन गर्न आएका छन् ।

उपन्यासले प्रजातन्त्रपूर्व र प्रजातन्त्र प्राप्तिपश्चात्को काठमाडौँ र अमेरिकाको डेट्रोइट सहरलाई आफ्नो कार्यस्थल बनाएको छ । नब्बे सालको भूकम्पमा परी आफ्नो बाबुआमा गुमाएको टुहुरो ज्ञानप्रतापले जीवनमा झेल्नु परेका समस्याहरूलाई देखाउन स्थान र समयको तालमेल मिलाउन उपन्यासकारले जुन प्रयत्न गरेका छन् : यसमा उनी सफल देखिन्छन् । विभिन्न वातावरणमा उपन्यासका मुख्य पात्रपात्रालाई दुःखान्त र कारुणिक स्थिति भोग्न बाध्य तुल्याउने जुन प्रयत्न भएको छ । यसलाई देशकाल वातावरणले औधि सघाएको देखिन्छ ।

बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको यस उपन्यासमा पात्रका क्रियाकलाप र वर्णनहरू कथयिताले उपन्यासको घटनास्थलभन्दा बाहिरै बसेर गरेको देखिन्छ ।

भाषिक विविधता उपन्यासको उल्लेख्य पक्ष हो । यस उपन्यासमा कतै सामान्य, कतै कथ्य कतैचाहिँ कलात्मक काव्यभाषाको प्रयोग भएको छ । मूलतः वर्णनात्मक शैली अँगालिएको प्रस्तुत उपन्यासमा विषयवस्तु प्रस्तुतिका लागि आत्मकथात्मक, विश्लेषणात्मक, संवादक आदि आवश्यकताअनुसारको शैली प्रयोग भएको छ । उपन्यासकारले सामान्य शैली पर्याप्त हुँदाहुँदै पनि आलङ्कारिक शैली अपनाएर आफ्नो शैलीगत विशिष्टता कायम गरेका छन् ।

'बाँच्ने एउटा जिन्दगी' उपन्यास सामाजिक विषयवस्तुलाई लिएर लेखिएको उपन्यास भए पनि ऐतिहासिक वातावरण अनुकूल उपन्यासको कथावस्तु, घटना, चरित्र बाँधिएको देखिन्छ । उपन्यासको कथा वि.सं. १९९० सालदेखि २०२७ सम्मको रहेको छ । उपन्यासमा आलङ्कारिक भाषाको प्रयोग छ । जसले गर्दा उपन्यासलाई कलात्मक बनाएको छ । उखान टुक्का, विभिन्न अलङ्कारहरूको प्रयोगले उपन्यासलाई भाव र भाषा दुवैका दृष्टिले उत्कृष्टता प्रदान गरेको देखिन्छ । उत्पाद्य कथावस्तुलाई लिएर लेखिएको यस उपन्यासमा प्रयोग भएको विषयवस्तु, चरित्रविधान सुहाउँदिला पर्यावरण,

विविधतामय भाषा, आलङ्कारिक शैलीले यो उपन्यास सामाजिक विषयवस्तु भएको उत्कृष्ट उपन्यास रहेको पुष्टि हुन्छ ।

वि.सं. १९९१ आरम्भबिन्दु मानिएको आधुनिक नेपाली औपन्यासिक धारमा आदर्शवादी, स्वच्छन्दतावादी प्रवृत्तिको अवलम्बन गर्दै उपन्यास लेखन चलिरहेको अवस्थामा लैनसिंह बाङ्देलले सामाजिक यथार्थवादी प्रवृत्ति अँगाली 'मूलुक बाहिर' (२००४) उपन्यास लेखी नयाँ परम्पराको सुरुआत गरेका हुन् । त्यसपछि सोही धारमा रहेर लैनसिंह बाङ्देलकै 'माइतघर' (२००७), 'लङ्गडको साथी' (२००८) र 'रेम्ब्रान्ट', लीलबहादुर क्षेत्रीको 'बसाइँ' (२०१४), 'अतृप्त' (२०२६) र ब्रह्मपुत्रको छेउछाउ ( २०४६), लीलाध्वज थापाको 'मन' (२०१५), दौलतविक्रम विष्टको 'मञ्जरी' (२०१६), शङ्कर कोइरालाको 'खैरिनी घाट' (२०१८), भावनी भिक्षुको 'आगत' (२०३२) र केशवराज पिँडालीको 'बाँच्ने एउटा जिन्दगी' (२०४३) देखापर्छन् । त्यसपछि भने यस धारमा रहेर थुप्रै उपन्यास लेखिएका छन् ।

यस उपन्यासमा आधारित रहेर गरिएको "बाँच्ने एउटा जिन्दगी उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको शोधपत्र पहिलो प्रयास भएको छ । यस शोधपत्रको आधारमा भविष्यमा निम्नलिखित शोधशीर्षकमा शोधकार्य गर्न सकिनेछ :

(क) 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा ऐतिहासिकता
(ख) 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा सामाजिकता

**एक**

केशव आफ्नो हितैषी मित्र ज्ञानप्रताप र उसकी श्रीमती यशोधरा अमेरिकाबाट फर्केर आएको सुनेपछि आश्चर्य मान्दछ । दुईदुई छोरा राम्ररी कमाएर बसिरहेको ठाउँमा पुगेका यी पतिपत्नी फर्केर आउँदा केशवलाई अस्वाभाविक लाग्नु पनि उचितै हो । ऊ साथीलाई भेट्न जाने सोच बनाउँछ । तर ज्ञानप्रताप स्वयम् उपस्थित भइदिएकाले दुवै बसेर कुरा गर्न थाल्दछन् । उपन्यासको 'म' पात्र ज्ञानुलाई नीर अथवा ज्ञानप्रतापको जेठो छोरा उनीहरूलाई लिन एयरपोर्ट गएको थियो भनेर सोध्दछ । म ज्ञानु छोरो नीरले उनीहरूलाई लिन नगएको जानकारी दिन्छन् । ज्ञानु आफूले घरप्रवेश

गर्न पनि नपाएको सुनाउँछ । केशव नीरले बुबाआमाप्रति गरेको अपमानलाई सम्भन्छ ।

उपन्यासकार अथवा 'म' पात्र उपन्यासलाई अगाडि बढाउन ज्ञानप्रताप को हो ? भनेर परिचय गराउन आवश्यक ठान्दछन् । ज्ञानप्रताप शाह धादिङ खरीमैदीको ठकुरी खानदानको छोरो हो । खरीमैदीका ठकुरीहरूको सम्बन्ध नेपालका राजा रजौटा, चौतरिया, साहेबज्यू, राणा तथा हुनेखानेहरूसँग रहेको छ । ज्ञानप्रताप शाहका बाबु कृष्णप्रताप शाह सेनाका क्याप्टन थिए । काठमाडौँको धोबीचउरको कालधारा जाने गल्लीको पूर्वपट्टी 'म' पात्र र ज्ञानुको घर थियो । दुवै एकै उमेरका रहेकाले उनीहरूलाई हलगोरुको संज्ञा दिइन्थ्यो । वि.सं. १९९० सालमा कलकत्तामा सँगै पढेका 'म' र ज्ञानप्रताप काठमाडौँ फर्कँदा भूकम्पमा परेर ज्ञानुका बुबा, आमा र बहिनीको एकै चिहान भएको हुन्छ । ज्ञानप्रतापको बुबाआमा मरेकाले टुहुरो भान्जा पाल्ने काम मामा अफ्टध्वजले गर्दछन् । मामा अष्टध्वजको संरक्षकत्वमा हुर्केको ज्ञानप्रताप मामाकै सहयोगमा सौमित्र महलमा घरकाजी सुब्बा हुन पुग्दछ । आफूले पाएको नोकरीको बेलिविस्तार गराउन गएको ज्ञानुलाई 'म' पात्रले बधाई दिन्छन् ।

## दुई

मामाको सहयोगबाट घरकाजी सुब्बा भएको ज्ञानप्रतापले सौमित्र महलमा अनेक अप्ठ्याराहरू भेल्नुपर्ने हुन्छ । सबैभन्दा अप्ठ्यारो त्यतिखेर उसले बेहोर्नुपर्छ जब जब कामोन्मत्त नानी सुसारेहरू ऊमाथि आक्रमक रूपले प्रस्तुत हुन्छन् ।

ज्ञानप्रताप सुरुमा सौमित्रशमशेरको महलमा भारत तथा बेलायतमा कम्पनीहरूबाट श्री ३ महाराजको दरबार र सौमित्र महलका लागि आवश्यक मालसामान भिकाउन पत्रचार गर्ने काम गर्दछ । पछि सौमित्रशमशेरले ज्ञानुले इमान्दारी सच्चरित्रता र लगनशीलतालाई हेरेर अन्य कार्यहरूको जिम्मा दिन्छ । कलकत्ता गएर मालसामान खरिद गरेर ल्याउने कामको जिम्मा पनि ज्ञानुले नै पाउँछ । विश्वासी बनेकाले ज्ञानुको विवाह गरिदिने काम सौमित्र मिलाउँछन् । ज्ञानु र यशोधराको विवाह हुन्छ । दाइजोको रूपमा ज्ञानुले ठमेलमा चार रोपनी बारीसहितको

एउटा भिँगटीको छाना भएको घर पाउँछ । लरेन्सीको छोरी यशोधराले आफ्नो गृहस्थी दक्षतासाथ पूरा गर्दै जान्छे । ज्ञानु असल पत्नी पाएकोमा मख्ख पर्छ ।

## तीन

जनरल सौमित्रशमशेरले आफ्नी रानी बसुन्धराराज्यलक्ष्मी र छोरो प्रद्युम्न शमशेरका लागि महाराजगन्जमा चार वर्ष अगाडिदेखि नै दरबार बनाएर हौस्याएर राखिदिएको हुन्छ । सौमित्रले यो कार्य आफ्नो स्त्रीलम्पट चरित्र ढाकछोप गर्न र छोरालाई सुसारे नानीहरूबाट जोगाउन गरेको हो ।

सौमित्र महलमा तराना नामकी सितार वादिका अत्यन्तै कामुक प्रवृत्तिकी छे । ऊ ज्ञानप्रतापलाई सधैँ गाँज्न तत्पर रहन्छे । पद्युम्नको विवाह गर्ने उमेर भैसकेकाले तत्कालीन चलनअनुसार जयन्द्रबहादुर चन्द बैतडीबाट डोला लिएर आएका हुन्छन् । दरबारिया चालचलन, विधिव्यवहार बोलीचालीको प्रशिक्षण दिई र बुहारी बनाउन सौमित्रमहलमा छाडिएकी भए पनि कामान्ध सौमित्रले डोलामैयालाई गर्भवती तुल्याउँछ । आफ्नो बेइज्जतीबाट बच्न रानीसाहेबको दर्जा दिइन्छ । डोलामैयाँको गर्भ रहेपछि चैतन्यमा आएकाले सौमित्रशमशेर नवजात शिशुको नाम चैतन्य जुराउँछ ।

## चार

जनरल साहेब रिभिँदै गएपछि ज्ञानुमाथि नयाँ कार्यभार थपिन्छ । उसले साँभपख कलकत्ताबाट आएका समाचारपत्रहरू पढेर सुनाउनुपर्ने हुन्छ । कहिले काहीँ सौमित्रशमशेर विश्वराजनीतिलाई लिएर विचार विमर्श पनि गर्छ ।

साँभ नियमित रूपमा मदिरापान गर्ने सौमित्र सङ्गीतश्रवण गर्न रुचाउँछ । ठुमरी र जयवन्तीलाई यसका लागि नियुक्त गरिएको छ । एक दिन साँभको समयमा सङ्गीतश्रवणमा व्यस्त भएको सौमित्र बढी रसिक देखिन्छ । आज बढी रसिक भएकाले ह्विस्की थपीथपी खान्छ । आदेशबमोजिम ह्विस्की बनाएर ल्याएकी दरबारी नानीको खुट्टा लरखाएको देखेर ऊ केरकार गर्छे । दरबारी नानीले रक्सी चोरेर खाएको पत्ता

लाग्दछ । दरबारीलाई कोर्रा लगाइन्छ र उसलाई उसकै बाबु पञ्चनारायण मानन्धरकहाँ पुऱ्याइन्छ ।

२००८ सालतिर मालताल किन्न ज्ञानु कलकत्ता गएको थियो । त्यहाँ उसको सौमित्रशमशेरले रक्सी चोरेर खाएको निहुँमा दरबारबाट निकालिएकी दरबारीसँग भेट हुन्छ । दरबारीले आफूले सितार सिकाउने स्कुल खोलेर कलकत्तामा बसेको जानकारी दिन्छे । उसको तेह्र वर्षकी रचना नामकी छोरी छे । ऊ लोरेटो पढ्छे । दरबारीले आफ्नो कोठामा जान आग्रह गरे पनि फुर्सद नभएको बहानामा ऊ त्यहाँबाट फुत्किन्छ ।

**पाँच**

ज्ञानुको जागिर खाएको ६ वर्ष पुगी सात लागेको थियो । ज्ञानुले आफ्नो कान्छो छोरोको पास्नीको दिन धरहराको टुप्पोबाट बिगुल बजेको सुन्यो । काठमाडौँमा राजकाजसम्बन्धी कुनै आकस्मिक घटना भएमा निजामती कर्मचारीहरूलाई टुँडिखेलमा जम्मा हुनका लागि यस्तो बाजा बजाइन्थ्यो । ज्ञानु सरासर सौमित्रमहल पुग्यो । उसले श्री ३ महाराजको देहावसान भएको थाहा पायो । राणाशासकहरूले आपसमा बाँधेको नियमानुसार तत्कालीन कमान्डर इन चिफ नयाँ महाराज भए भने सबै रोलवाला राणाहरूको रोल एक खुड्किलो माथि चढ्यो । जनरल सौमित्रशमशेरको पनि पदोन्नति भए पनि ऊ त्यति खुसी देखिँदैनथ्यो । उसलाई राजाले पनि क्रान्तिको समर्थन गरेका कारण राणाशासन समाप्त हुन धेरै समय छैन भन्ने लागेको थियो । भोलिका दिनहरू विचार गरेर सौमित्रशमशेरले आफ्नो तहबिलबाट तलब खाने एक्काइस जनालाई अवकाश दियो ।

डोलामैयाँलाई गर्भवती तुल्याएको अपराधबोध र श्री ३ महाराजको मृत्युबाट विचलित सौमित्रशमशेर निकै जँड्याहा बनेर निस्कियो । ज्ञानप्रतापले सौमित्रलाई मध्यरातसम्म बसेर सेवा पुऱ्याउनुपर्ने भएकाले उसले आफ्नो घरपरिवारलाई चाहिँदो

समय दिन सकेन । यसै विषयलाई लिएर ज्ञानु र यशोधराबीच ठाकठुक पर्न थाल्यो । नभन्दै २००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरिदियो ।

ज्ञानप्रताप अहिले त्रिहत्तर वर्षको उमेरको छ । ऊ आफूले भोगेको जीवनलाई मूल्याङ्कन गरी हेर्छ । आफूलाई आमाको झैँ माया गर्ने मामा, पिताले झैँ स्नेह र संरक्षण गर्ने सौमित्रशमशेर सबैको मृत्यु भएको छ । ज्ञानप्रतापका बुढेसकालका लट्ठी, तीन पुत्रहरू पनि आ-आफ्नै दुनियाँमा रमाएका छन् । उनीहरूलाई बुबाआमाप्रति कुनै मतलव छैन ।

## छ

जनरल सौमित्र नियमित रूपमा रक्सी सेवन गर्ने व्यक्ति भएको छ । कहिलेकाहीँ ऊ विश्वराजनीतिबारे पनि चर्चा गर्छ । नेपालमा प्रजातन्त्र आइसकेपछि प्रजातन्त्रको कस्तो स्वरूप हुने भन्नेबारे छलफल गर्छन् । सौमित्र जङ्गबहादुरद्वारा राणाशासन नेपालमा स्थापना नभएको भए देश टुक्रने र देशको अस्तित्व नै नरहने स्थिति आउने खतरा थियो भन्छ । अहिले राणाशासनका विरुद्ध जुन द्वेष घृणा फैलाइएको छ त्यो अहिलेका नेताहरूले देशको इतिहास नबुझ्नाले भएको हो भन्ने सौमित्रको ठहर छ । राणाशासनको समाप्ति पछि बहुसङ्ख्यक राणाहरू विदेसिए पनि आफू भने नेपाली कला, संस्कृति र साहित्यको जगेर्ना र उत्थानमा लागेको भए पनि ती सबै बेकार भएको र अहिले एक्लो हुनुपरेको उसलाई अनुभव भइरहेको छ । ज्ञानुले पत्नी र छोरो छदैछन् भन्दा उनीहरू पनि रतुवाझैँ तर्सने कुरा व्यक्त गर्दछ । डोलारानीको मूल्याङ्कन भने बोधिवृक्षसँग गर्छ । सौमित्र आफ्नो बाँकी सम्पत्ति पनि तिनैले खाऊन् भन्छ ।

## सात

परिच्छेद सात संस्मरणका रूपमा आएको छ ।

ज्ञानुका छोराहरूमध्ये जेठो छोरो नीरप्रताप वामपन्थीको भूत चढेकाले केही उग्र स्वभावको थियो । यो देखेर ज्ञानु निकै आतङ्कित भयो । त्यसैले सौमित्रशमशेरलाई भनेर

उसले जेठो छोरालाई सौमित्रमहलमै काम लगाइदियो । कलकत्तामा ६ वर्ष पढेर फर्केको माहिलो छोरो नेपालमा काम नपाएकाले विदेश जाने दाउमा थियो । शान्तभवनमा काम पाए पनि ऊ यस कामबाट सन्तुष्ट भएको थिएन । साथीको सहयोगबाट आफू अमेरिका जान लागेको कुरा सुनाएपछि ज्ञानप्रतापले छोरो रविलाई अमेरिका बोलाउने मान्छे कोही नभएर सौमित्र महलमा काम गर्ने दरबारीकी छोरी रचना रहिछे भन्ने बुझेको थियो । रवि र रचनाले कलकत्तामा एउटै कलेजमा पढेथे । शान्तभवनमा काम गर्न आएका अमेरिकी डाक्टर आरनोल्डलाई भेट्न आउँदा यी दुईबीच पुनः भेट भएथ्यो । ज्ञानप्रतापको कान्छो छोरो शशिप्रताप चार वर्षअघि नै होटल म्यानेजमेन्ट पढ्न अमेरिका गएको थियो ।

माहिलो छोरो रविलाई अमेरिका पठाउने मन नभए पनि छोरा क्यै गरे पनि आफूले भनेको नमान्ने देखेपछि ज्ञानु र यशोधराले जाने स्वीकृति दिएका थिए । रविलाई लिएर जानुपूर्व रचना भेट्न आउँछे भन्ने उनीहरूले सोचेका भए पनि ऊ भेट्न नआई रविलाई लिएर हिँडिदिई ।

## आठ

रवि र शशिले छाडेर गएपछि जेठो छोरो नीरले पनि छाडेर गइदिन्छ कि भन्ने आशङ्का ज्ञानप्रतापको मनमा पलाउँछ । यसले यस कुरालाई सौमित्रशमशेरलाई पनि सुनाउँछ । सौमित्रशमशेर ज्ञानुको आशङ्का शतप्रतिशत गलत नरहेको जानकारी दिन्छ । उसको आनीबानी हेर्दा ऊ सरल बाटो नहिँडेको अनुभव गरेको पनि सुनाउँछ । सौमित्रशमशेर आजको युगमा पैसाको अगाडि नैतिकताको कुनै मूल्य नरहेको जानकारी दिन्छ ।

सौमित्रशमशेर ज्ञानप्रतापको उमेर सोध्दछन् । ज्ञानु आफू वि.सं. १९६८ मा जन्मेको बताउँछ । सौमित्रशमशेर ज्ञानप्रतापभन्दा १५ वर्ष जेठो छ । सौमिशमशेरकहाँ काम गर्न थालेको पनि ३५ वर्ष नाघिसकेछ । लामो समयसम्म सेवा गरेवापत ज्ञानप्रतापलाई केही दिने सोचाइ स्वरूप दुई लाख छुट्याइदिएको जानकारी दिन्छ । यो

रकम उसले आफ्नो मृत्यु नजिकै आएझैँ लागेर गरेको हो भनेर सुनाउँछ । नभन्दै तीनमहिना नबित्दै जनरलसाहेबको मृत्यु हुन्छ । सौमित्रशमशेरको मृत्युपछि डोला रानीसाहेब सौमित्रमहलको क्याम्पभित्र सर्दछे । उसको कामकाजको सहयोगी बनेर नीर अगाडि बढ्छ । ज्ञानप्रतापले आफ्नी मालिक्नी सम्झेर डोला महारानीलाई सम्मान गर्दागर्दै पनि ऊ ज्ञानप्रतापलाई इज्जत गर्दिन । सौमित्रशमशेरले छुट्टयाइदिएको उपदानको दुई लाख रूपैयाँ दिँदै भोलिदेखि काममा नआउनु भन्छे । ज्ञानप्रतापलाई नोकरीबाट निकाला गरे पनि नीरलाई भने ऊ नोकरीमा राखिराख्ने कुरा सुनाउँछे । जेठो छोरो नीर बुबाबाट लाजिम्पाटमा घर बनाउन एक लाख रूपँया फुत्काउँछ । लाम्पिाटमा झन्डै चार लाख जति खर्च गरेर बनाएको घर देखेर बाबु ज्ञानप्रताप छोरो नीरप्रतापलाई यत्रो पैसा कहाँबाट आयो भनेर सोध्छ । ज्ञानप्रतापले आफूले पैसा कहाँबाट ल्याएँ भन्ने कुराको सोधखोज गर्न कुनै जरुरी नभएको बताउँछ ।

## नौ

ज्ञानु र यशोधराले छोरोबाट ठूलो आशा गरेका थिए । आफूले लामो समयसम्म सेवा गरेवापत पाएको पैसामध्ये एक लाख छोरोले चलाए पनि उनीहरूले केही दु:ख मनाउ गरेका थिएनन् । जब विनाआम्दानीको मान्छे भएर ज्ञानप्रताप एक वर्षदेखि बसिरहेको थियो । त्यसबेलादेखि छोरो नीरप्रतापले झर्कने फर्कने गर्न थालेको थियो । यशोधराको खर्चालु स्वभाव रहेकोले छोरोबाट पैसा नपाएपछि ज्ञानप्रतापसँग पटकपटक माग्दा बाँकी एक लाख पनि सिद्धिँदै गयो ।

नीरको रवाफ निकै बढेको थियो । डोलामहारानीबाट उसले एउटा कार पाएको थियो । उसको चरित्रलाई इङ्गित गर्दै पुराना कारिन्दा र बैठकेहरू ज्ञानप्रतापलाई घोचपेच गर्दथे । डोला रानीसाहेब र नीरका बीच अनैतिक सम्बन्ध रहेको कुरा ज्ञानप्रतापले थाहा पाइसकेको थियो । तरानासँगको भेटघाटले त झन् यस कुराको पुष्टि भएथ्यो । तरानाबाट आफ्नो छोराको घिनलाग्दो चरित्र सुनेर छोरालाई सम्झाउने दृढ इच्छा भएर पनि उसले छोरालाई सम्झाउन सकेन । तरानाले पनि यसमा

नीरप्रतापभन्दा पनि डोला रानीसाहेबको दमित कामवासना प्रमुख रहेको बताएकी थिई ।

## दस

आफ्नो छोरो नीरप्रताप र आफ्ना अन्नदाताका रूपमा रहेको सौमित्रशमशेरकी रानी डोलारानीबीच अनैतिक सम्बन्ध रहेको थाहा पाएर पनि ज्ञानु चुपचाप बसिरह्यो । ऊ कुनै मौका पाएर छोरोलाई कुबाटोमा नलाग्न सतर्क गराउन चाहन्थ्यो । मौका पारेर ज्ञानुले छोरालाई सम्झायो पनि । पैसाको लागि जे-जस्ता काम गर्न पछि हट्न नहुने कुरा छोराको मुखबाट सुनेर अवाक् भइरह्यो । छोराबाट यस्तो अपमानबोध गरेको ज्ञानुले उक्त कुरा यशोधरालाई पनि सुनायो । श्रीमती यशोधराबाट "तिमी आफू धर्मराज युधिष्ठिर भयौ भन्दैमा तिम्रा सन्तान पनि युधिष्ठिर नै बनून् भनी चाहन्छौ" भन्ने जवाफ पाएर ऊ अझ आहत भयो ।

एक दिन रमाइलो गर्ने सिलसिलामा तास खेल्दा गलत पत्ती टिपेर नीरले तास जितेकोमा ज्ञानुले उक्त खेललाई मान्यता दिन नसकिने भनेपछि बाबुछोराबीच भनाभन चल्यो । आफ्नो समर्थन नगर्ने बाबुलाई छाड्न सकिने भन्ने नीरको कुराले ऊ साह्रै रिसायो । आफूलाई छाडेर गए पनि अनैतिकताको समर्थन चाहिँ आफूले नगर्ने ज्ञानुले भन्यो । यही विषयलाई लिएर नीर र उसकी पत्नी नयाँ बनेको घरमा सर्ने भए । यशोधराले ज्ञानुलाई छोराबुहारीलाई रोक्ने सल्लाह दिएकी भए पनि ज्ञानुले रोक्न चाहेन । जाने बेला नीरले आमा यशोधरालाई जाऔँ भन्न आए पनि नारीको भाग्य खसमको भाग्यसँग गाँसिएको हुन्छ भन्दै जान चाहिन ।

## एघार

ज्ञानुले उपदानस्वरूप पाएको दुई लाखमध्ये एक लाख नीरप्रतापले उछिट्याइसकेकाले रु. एक लाख मात्र बाँकी थियो । आर्थिक अवस्थालाई ध्यान दिएर खर्च कटौती गर्न थालेपछि यशोधरा ज्ञानुसँग चिढिन थाली । ऊ मौका पाउनासाथ अरूको सामु लोग्नेको अपमान गर्न उद्यत रहन्थी । छोरासँग बस्न पाए बढी आरामको

जिन्दगी बिताउन सकिने कुरा उसले सोचेकी थिई । छोरासँग भित्रभित्रै कुरा मिलाएर ज्ञानुलाई समेत हात लिन खोजेकी भए पनि ज्ञानुको अस्वीकार गर्दा ऊ यस कार्यमा असफल भई । बरु केही समय अमेरिका बसेर फर्केपछि नीरसँग बस्ने विचार ज्ञानुले राखेपछि दुवै पतिपत्नी अमेरिका जाने निर्णय गरे । लगभग डेढ महिनाभित्र माहिलो छोरो रविले हवाइजहाजको टिकट पठाइदिएपछि उनीहरू अमेरिकाको लागि प्रस्थान गरे ।

## बाह्र

ज्ञानु र यशोधराका १९ घन्टा लगाएर दिल्लीबाट साँझ ६ बजेतिर डेट्रोइट एयरपोर्ट पुगेका थिए । अठार-उन्नाईस वर्षपछि कान्छो छोरो शशिलाई भेट्न पाउने हुनाले उनीहरू अत्यन्त खुसी थिए । शशि उनीहरूलाई लिन एयरपोर्ट आउने भने पनि कारणवश ऊ त्यहाँ उपस्थित हुन सकेन । रवि र कान्छी बुहारी वीरा ज्ञानु र यशोधरालाई लिन आएका थिए । शशि लिन नआउनुको कारण उसको अपर्झट मेक्सिकोको 'होटेल इन होलिडे' मा सरुवा हुनु थियो भन्ने कुरा ज्ञानुले माहिला छोरो रविबाट थाहा पायो । ज्ञानु र यशोधरा त्यस रात रविसँगै शशिका घरमा बसेर रविकै घर बस्न भनेर गए । ज्ञानप्रतापले आफ्नी बुहारीकी आमाको बारेमा मृत्यु अठार वर्ष अघि भएको बताई । रविका तीन छोराछोरी थिए । सबैसँग रमाइलो गरेर केही दिन बित्यो । ज्ञानु र यशोधरा बुहारीको रहनसहनको मूल्याङ्कन गर्दै थिए भने यशोधराले बुहारीले गर्ने अत्यधिक सम्मानभित्र रहस्य रहेको कुरा बताउँदै थिई ।

## तेह्र

ज्ञानु र यशोधरा अमेरिकामा आएको एक वर्ष पुगेको थियो । बुहारी रचना झर्कोपर्को गरेर उनीहरूलाई दिक्क लगाउँथी । ज्ञानुसँग खर्चबर्च भैदिएको भए त्यहाँ अपमान सहेर बस्ने थिएन । नातिनातिनी पनि उपहारको कुरा झिकेर दिक्क लगाउँथे । बुहारी रचना पनि आफूले रविलाई ल्याएर ठूलो उपकार गरेको भनी ज्ञानु र यशोधरालाई अपमानित गर्न चाहन्थी । रवि आफ्नो बाबुआमाको ओढ नढाकेर

आफूलाई बुबाआमाले केही नगरेको भन्दै झन् पीडा दिन्थ्यो । यसरी रविबाट पनि अपमान नै पाएर उनीहरू अमेरिका आएकोमा पश्चात्ताप मानिरहेका थिए ।

हस्पिटलबाट फर्केर आएपछि रचनाले आफ्ना छोरोछोरीमाथि रिस खन्याइसकेकी थिई । छोराछोरी पनि मुखमुखै लागिरहेका थिए । जेठी छोरीले 'स्टुपिड' भनेपछि ऊ अझै जङ्गिई । आफूले कमाएर ख्वाउनुपर्ने, घरधन्दा पनि आफैँले गर्नु भनेर अति नै जङ्गिई । रविको स्त्रीलम्पट स्वभाव भएकाले आफ्नी श्रीमतीलाई गाली गर्नुका सट्टा आमालाई घरधन्दा सुम्पने काम गऱ्यो, यति गर्दा पनि त्यहाँ बस्न कोसिस गर्दै थिए । कहिले सामान चाँडै सकिएको निहुँमा, कहिले खर्च बढी भएको निहुँ बनाएर ऊ सधैँ सासूससुराको हुर्मत लिन लागिरही । अत्यन्त बेइज्जती खपेर बस्नुभन्दा फर्कनु बेस ठानेर उनीहरूले फर्कनका लागि छोरो रविसँग सल्लाह गरे । रविले भाइ शशिलाई टेलिफोन गरेर बुबाआमासँग भेट्न आउन खबर गऱ्यो । आफू पनि स्वदेश फर्कन चाहे पनि सन्तानको मायाले फर्कन नसकेको कुरा रविले बतायो । बुबाआमालाई यहाँ ल्याएर आफूले ठूलो दुःख दिएको भन्दै ऊ पश्चात्ताप पनि गरिहेको थियो ।

## चौध

शशि अपराह्नतिर कर्निङ आइपुग्यो । शशिको आगमनबाट दुःखको भवसागरबाट उम्कने आशा उनीहरूले गरेका थिए । शशिको झन विकट समस्या सुनेर उनीहरू रन्थनिए । शशिकी जर्मनमूलकी अमेरिकी पत्नी वीरा अर्कैसँग पोइल गएकी थिई । रातभर आमाबुबा र दुई छोराहरूले गफ गरे । भोलिपल्ट बिहानै मेक्सिको जाने टिकट पाइएकाले मेक्सिको गएर पाँच-सातदिनपछि नेपाल जाने आश्वासन दिएर शशिले आमाबुबालाई लिएर हिँड्यो । एयरपोर्ट जाँदा रचनाले सेवाटहल गर्न चाहँदा चाहँदै पनि शशिले लिएर हिँडेको भनेर गुनासो गरी । यही मौका छोपेर यशोधराले व्यङ्ग्यात्मक रूपमा गतिलो झापड दिई । मेक्सिको पुगेपछि आफ्नी बहिनी माहिली बुहारीले रविसँग दोस्रो बिहे गरेको कुरा शशिबाट थाहा पाए । पहिले ऊ बी.एम्. परियारकी श्रीमती थिई । बी.एम्. परियारलाई जन्डिस भएको अवस्थामा

औषधिका नाममा गलत औषधि प्रयोग गरेर मारेकी हो भन्ने शशिबाट थाहा भएपछि उनीहरूलाई रविको माया लागेर आयो ।

शशिलाई पनि लिएर काठमाडौँ फर्कने विचार गरपेका भए पनि शशि फर्कन मानेन । अन्ततः एक हप्ता बसेर न्यूयोर्क हुँदै ज्ञानु र यशोधरा काठमाडौँ फर्किए ।

**शेष**

शेष परिच्छेद प्रथम परिच्छेदसँग सम्बन्धित छ । ज्ञानु केशवलाई भेट्न आएपछि यशोधरालाई पनि बोलाउन पठाइयो । ज्ञानु र यशोधरा खानासाना खाइवरी बेलुकी आठ बजे फर्किए । 'म' पात्रलाई खेतीपातीबारे बुझ्न सर्लाही जानुपऱ्यो । तीन महिनापछि काठमाडौँ फर्किएपछि ऊ ज्ञानुलाई भेट्न गयो । ज्ञानु नयाँ घर निर्माणमा लागेको थियो । यस उमेरमा नयाँ घर निर्माण गर्दै गरेको देखेर केशवले सोध्यो, "यो के सिर्जना हो ए ज्ञानु ! :?" ज्ञानुले पुरानो सृष्टि काम नलागेर नयाँ सृष्टि रचेको बतायो । ज्ञानुले बारी बेचेर आएको एक्काईस लाखमध्ये दस लाख खर्च गरेर घर बनाउँदै थियो । तीन जना छोराहरूबाट अपमानित ज्ञानुले जीवनमा ठूलो शिक्षा पाएको थियो, त्यो हो- "प्रतिकूल भाग्यसँग सङ्घर्ष गर्नु नै जिन्दगी हो ।" ऊ परिश्रममा विश्वास गर्न थालिसकेको थियो । उसको कडा परिश्रम देखेर यशोधराले केशवसँग त्यति कडा परिश्रम नगर्न सल्लाह दिन भनी । केशवले यशोधरालाई यत्तिको परिश्रमले ज्ञानुलाई केही नहुनेले जानकारी दियो । केशवले दुवै दम्पत्तिलाई नियालेर हेऱ्यो । अमेरिकाबाट फर्केर आएको बेलाको भन्दा पहिले उनीहरूको उमेर दस वर्ष घटेको जस्तो देखिन्थ्यो ।

यस उपन्यासमा प्रयोग भएको कथानक संस्मरणात्मक रूपको छ । प्रथम परिच्छेद र अन्तिम परिच्छेद वा शेष परिच्छेदले मात्र उपन्यासको तत्कालीन घटनाको वर्णन गरेका छन् भने बाँकी सबै उपन्यासको 'वक्ता' पात्र केशवराजले सम्झेका घटना उपन्यासको रूपमा आएको छ ।

# सन्दर्भग्रन्थसूची

(क) **सन्दर्भपुस्तकसूचि**


उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** पाँचौ सं., काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

थापा हिमांशु, **साहित्य परिचय,** काठमाडौँ : साझा प्रकाशन, २०३६ ।

दाहाल, मोहनप्रसाद, **आधुनिक नेपाली उपन्यास,** दार्जिलिङ : ग्रन्थकार सहकारी समिति, सन् १९९३ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा,** दोस्रो सं. काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

पराजुली ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा,** काठमाडौँ : नेपाली विद्या प्रकाशन ।

पिँडाली, केशवराज, **बाँच्ने एउटा जिन्दगी,** पाँचौ सं. काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) **बृहत् नेपाली शब्दकोश,** काठमाडौँ : नेराप्रप्र, २०४० ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य,** विराटनगर : श्याम पुस्तक भण्डार, २०४० ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जिलिङ :दीपा प्रकाशन, २०४० ।

बराल, ईश्वर (सम्पा.) **झ्यालबाट,** काठमाडौँ : साझा प्रकाशन, २०२८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

भट्टराई, गोविन्दप्रसाद (अनु.) **भरतमुनिको नाट्यशास्त्र,** काठमाडौँ : नेराप्रप्र, २०३९ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

वर्मा, धीरेन्द्र तथा अन्य (सम्पा.) **हिन्दी साहित्यकोश, भाग-१,** वाराणसी : ज्ञानमण्डल लिमिटेड, २०२० ।

शर्मा गोपिकृष्ण, रामप्रसाद दाहाल, **एक भाषा अनेक साहित्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज, **शैली विज्ञान,** काठमाडौँ : नेराप्रप्र, २०४८ ।

............., **शोधविधि,** दोस्रो सं. काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य समालोचना : प्रमुख वाद र प्रणाली,** तेस्रो सं. काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौं ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा,** दोस्रो सं., काठमाडौँ : साझा प्रकाशन, २०३६ ।

## परिच्छेद-एक

- केशवले आफ्नो हितैषी भित्र ज्ञानप्रताप र उसकी पत्नी अमेरिकाबाट फर्केर आएको सुन्नु, दुई-दुई छोरा राम्ररी बसिरहेको ठाउँमा पुगेका यी दम्पत्ती फर्केर आउँदा उसलाई अस्वभाविक लाग्नु र भेट्न जाने सोच बनाउनु,
- ज्ञानप्रताप स्वयं केशवकहाँ आउनु, आफू स्वदेश फर्कँदा जेठो छोराले एयरपोर्टसम्म पनि लिन नगएको र घर प्रवेश गर्न नपाएको गुनासो सुनाउनु,
- केशवले उपन्यासलाई अगाडि बढाउन ज्ञानुको परिचय दिन आवश्यक रहेको भन्दै ज्ञानुको ठकुरी खानदानको र उसको पुर्ख्यौली थलो धादिङ्को खरिमैदान रहेको जानकारी दिनु, हाल ज्ञानप्रतापको घर धोबी चउर रहेको बाताउनु,
- केशव र ज्ञानप्रताप कलकत्तामा सँगै पढेको र वि.सं. १९९० को भूकम्पको चपेटामा परी ज्ञानप्रतापलाई उसकै मामा अष्टध्वज खड्काले पाल्नु,
- मामाकै सहयोगबाट सौमित्र महलमा सुब्बाङ्गी खान पुगेको ज्ञानप्रतापलाई साथी केशवले जागिर खाएकोमा बधाइ दिनु,

## परिच्छेद-दुई

- सौमित्र महलमा ज्ञानप्रतापले सुरुका दिनमा बेलायतका कम्पनीहरूबाट श्री ३ महाराजको दरबार र सौमित्र महलका लागि आवश्यक मालसामान खरिद गरेर ल्याउने जिम्मा पाउनु,
- महलमा रहँदा उसले देखाएको इमान्दारी सच्चरित्रता र लगनशीलता देखेर सौमित्रशमशेरले ज्ञानप्रतापको विवाह लरेन्सजङ्ग राणाकी छोरी यशोधादेवीसँग गराइदिनु, दाइजो स्वरूप ज्ञानप्रतापले ठमेलमा चार रोपनी जग्गा सहितको एउटा झिँगटी भएको घर पाउनु,

## परिच्छेद-तीन

- सौमित्र शमशेरले आफ्नी रानी बसुन्धरराज्यलक्ष्मी र छोरो प्रद्युम्न शमशेरका लागि महाराजगञ्जमा छुट्टै दरबार बनाई छुट्याएर राख्ने गरेको,
- आफ्नो स्त्रीलम्पट चरित्रको ढाकछोप गर्न,
- तत्कालीन चलन अनुसरा जयन्दबहादुर चन्दले आफ्नी छोरी डोलामैयाँलाई प्रद्युम्न शमशेरसँग विवाह गरिदिन दरबारिया चालचलन, विधि, व्यवहार, बोलाचालीको प्रशिक्षण दिन सौमित्र महलमा छाड्नु,
- आफ्नै छोराको लागि ल्याइएकी डोलामैयाँलाई सौमित्र शमशेरले गर्भवत तुल्याउन र लाजगालबाट बच्न रानीसाहेवको दर्जा लिनु, डोलामैयाबाट जन्मेको सन्तानको नाम चैतन्य राख्नु,

## परिच्छेद-चार

- ज्ञानुमाथि कलकत्ताबाट ल्याइएका समाचारहरू पढेर सुनाउनु पर्ने नयाँ कार्यभार थपिनु,
- रसिक स्वभावको सौमित्र ठुमरी र जयवन्तीबाट सङ्गीत श्रवण गर्दै रक्सी पिउँदै गर्दा दरबारीले रक्सी चोरेर खाएको पत्ता लाग्नु र उसलाई कोर्रा हानिनु र उसकै बाबु पञ्चनारायणकहाँ पुऱ्याउनु,
- २००८ सालतिर मालताल किन्न कलकत्तासँग ज्ञानप्रतापले दरबारीलाई भेट्नु, विवाहित दरबारीकी तेह्र वर्षकी छोरी रचनासँग पनि परिचय हुनु,
- दरबारीले आफू सितार सिकाउने पाठशाला खोलेर बसेकी र उसकी छोरी रचना लोरेटो स्कुलमा पढ्दै गरेको जानकारी दिनु,

## परिच्छेद-पाँच

- ज्ञानुले कान्छो छोराको पास्नीको दिन धरहराबाट बिगुल बजेको सुत्नु, आकस्मिक घटना हुँदा यस्तो गरिने प्रचलनबारे बुझ्न सौमित्र महलमा पुग्दा श्री ३ महाराजको मृत्यु भएको थाहा पाउनु,

- नयाँ कमान्डर इनचिफको नियुक्तिसँगसँगै सम्पूर्ण रोवाला राणाहरूको पदोन्नति हुनु, सौमित्रशमशेर पनि एक खुड्किलो माथि चढ्नु,
- राणाशासनको समाप्तिका लागि राजाले समेत क्रान्तिको समर्थन गरेकाले राणाशासन ढल्दैछ भन्ने बुझेर सौमित्र महलमा काम गर्ने एक्काईस जनालाई अवकाश दिनु,
- आफ्नी बुहारी बनाउन ल्याइएकी डोलामैयालाई गर्भवती तुल्याइएको अपराध बोधका कारण सौमित्रशमशेर जड्याहा बनेर निस्कनु, सौमित्रशमशेरको सेवा मध्यरातसम्म खटिनुपर्ने बाध्यताले गर्दा ज्ञानप्रताप र यशोधराबीच ठाकठुक पर्न थाल्नु,

## परिच्छेद-छ

- सौमित्र शमशेरले विश्वराजनीति र नेपालको ज्ञानप्रतापसँग छलफल गर्नु, प्रजातन्त्र आगमनपछि राणाहरूलाई आतङ्कित तुल्याउने कामप्रति सौमित्रले असन्तोष प्रकट गर्नु
- प्रजातन्त्रको आगमनपछि सवैजसो आफन्तहरू विदेशिए पनि आफू नबिदेशिने र आफ्नै कला, साहित्य र संस्कृतिको संरक्षण गर्ने इच्छा सौमित्रले व्यक्त गर्नु,
- ज्ञानप्रतापले सौमित्रलाई डोलारानी, चैतन्यशमशेर, जेठी रानी वशुधाराज्यलक्ष्मी, प्रद्युम्न हुँदाहुँदै एक्लो अनुभव गर्न सल्लाह दिनु,
- राणाशासनको समाप्ति पछि पूरा अंश नदिएको भनी मुद्दा दिने जेठी रानी वशुधा र छोरो प्रद्युम्न अब आफ्नो नरहेको बरु डोला रानी र चैतन्य मात्र आफ्नो रहेको खुलासा गर्नु,

## परिच्छेद-सात

- वामपन्थी राजनीतिमा लागेको जेठो छोरा नीरप्रतापलाई सौमित्र महलमा काम लगाइदिनु र विशान्तभवन हस्पिटलमा काम गर्दा गर्दै आफ्नी मित्र डा. रचना

ठूलीसँग अमेरिकामा डक्टरी पढ्न हिँड्नु, कान्छो छोरो शशिप्रताप अमेरिकामा पहिल्यैदेखि नै होटल म्यानेजमेन्ट अमेरिकामा पढ्दै हुनु,

**परिच्छेद-आठ**

- दुई दुई जना सन्तानले अमेरिका छाडेर गएपछि नीरप्रतापले गलत बाटो हिँडेको देख्दा-देख्दै पनि छोडिदेला भनेर केही भन्न नसक्नु,
- सौमित्र महलमा ३५ वर्ष सेवा गरे वापत २ लाख रुपियाँ इच्छापत्र गरिदिएको सौमित्र शमशेरले ज्ञानुलाई भन्नु र यसको भोलिपल्ट नै सौमित्रशमशेरको मृत्यु हुनु,
- पैँतालीस दिनको कामपछि ज्ञानुलाई बोलाएर इच्छापत्रमा उल्लिखित २ लाख रुपियाको चेक दिँदै भोलिदेखि काममा नआउन डोलाले जानकारी दिनु
- छोरा नीरप्रतापले बाबुको २ लाखमध्ये एक लाख लाजिम्पाटमा घर बनाउन माग्नु र भव्य घर वनाउन थाल्नु,
- आम्दानी नभए पनि झन्डै साढे चार लाख भन्दा बढी खर्च गरेर छोराले घर बनाएकाले बाबु ज्ञानप्रतापले पैसा कहाँबाट ल्याएको भनी दिनु र छोराबाट खप्की खानु,

**परिच्छेद-नौ**

- नीरप्रतापको खाफ दिनानुदित बढ्दै जानु उसको आनीबानी देखेर कुरा काट्न थालिनु,
- पहिले सौमित्र महलमा नै काम गर्ने तरनाले समेत नीरप्रताप र डोलारानीबीच अनैतिक सम्बन्ध रहेको ज्ञानप्रतापलाई जानकारी गराउनु,

**परिच्छेद-दश**

- ज्ञानप्रतापले छोरालाई पैसाको लागि निर्लज्ज नवन्न आग्रह गर्नु छोरा नीरप्रतापले सम्पत्ति जसरी भएपनि कमाउनु, पर्छ भन्ने विचार प्रकट गरेकाले

अवाक रहनु, श्रीमती वसुधाले समेत छोराको समर्थन गरेकाले ज्ञानप्रताप विचलित हुनु,

- घरमा तास खेल्दा तास चोरेर मारेकाले नीरलाई त्यस्तो गर्न नहुने भन्दा बाबु र छोराबीच भनाभन हुनु, बाबुआमाबाट छुट्टिने निहुँ चाहिएको नीरप्रताप आफ्नी श्रीमती लिएर लाजिम्पाटको नयाँ घरमा बस्न थाल्नु,

## परिच्छेद-एघार

- यशोदाको फजुल खर्च र भएको एक लाख पनि सिद्धिँदै जानु, यशोदाले जेठो छोराकहाँ बस्न जान चाहेपनि ज्ञानप्रतापले स्वीकार नगर्नु,
- कान्छो छोरा शशिकहाँ बस्ने हिसावले अमेरिकामा छोराकहाँ पत्राचार गर्नु र रविले हवाइजहाजको टिकट पढाइदिएकाले दुवै अमेरिका जानु,

## परिच्छेद-बाह्र

- कान्छा छोराकहाँ बस्न भनेर गएका ज्ञानप्रताप र यशोदा माहिलो छोरा रवि कहाँ बस्न थाल्नु, ज्ञानप्रतापले आफ्नी माहिली बुहारी सौमित्र महलमा काम गर्ने दरवारीकी छोरी रहेकी थाहा पाउनु,
- बुहारीको अत्यधिक सम्मानभित्र पक्कै पनि रहस्य छ भन्ने ज्ञानप्रताप र यशोदाले मूल्याङ्कन गर्नु,

## परिच्छेद-तेह्र

- जेठो छोरोबाट अपमान सहेर सहारा खोज्दै पुगेको ज्ञानप्रताप र यशोदालाई नातिनातिना बुहारी सबैले अपमान गर्ने काम गर्नु, यस कार्यमा बुहारी डा. रचना सधैं उद्यत रहनु,
- छोरो रविले आफ्नो लाचारी प्रकट गर्नु र श्रीमती रचनालाई केही भन्न नसक्ने, जोइटिङ्ग्रे स्वभाव देखाउनु,

- ज्ञानप्रताप र यशोदालाई नेपाल फर्काउन आफूसँग खर्च नरहेको जानकारी दिँदै भाइ शशिलाई भेट्न बोलाएको जानकारी दिनु,

## परिच्छेद-चौध

- शशिप्रताप बुबाआमालाई भेट्न कर्निङ आइपुग्नु, शशिले आफ्नी जर्मनमूलकी अमेरिकी पत्नी बीरा सम्पूर्ण सम्पत्ति लिएर पोइल गएको बताइनु,
- भोलिपल्ट बुबाआमालाई लिएर शशि मेक्सिकोको लागि प्रस्थान गर्नु, शशिले आफ्नी भाउजूले पहिले वी.एम. परियारसँग बिहे गरेको र पछि मन नपरेर औषधिको  नाममा गलत औषधि प्रयोग गरेर मारेको बताउनु,
- ज्ञानप्रताप र यशोदाले कान्छो छोरो शशिलाई लिएर नेपाल फर्कन चाहे पनि शशिले नमानेकाले त्यतिकै फर्कनु,

## परिच्छेद - शेष

- तीन महिनापछि सर्लाहीबाट फर्केको केशव ज्ञानप्रतापलाई भेट्न उसको घर ठमेल पुग्नु, ज्ञानप्रतापले चार रोपनी बारीमध्ये तीन रोपनी बारी बेची आएको एक्काईस लाखमध्ये दश लाख खर्च गरी घर निर्माण गर्दै गरेको थाहा पाउनु,
- ज्ञानप्रतापले ज्ञानुलाई आफूले जीवनमा अरूको भरपर्दा ठूलो ज्ञान पाएको कुरा बताउनु, बाँच्ने यो जिन्दगीलाई पराश्रित बनाउनुभन्दा स्वावलम्बी भई बाँच्नु असल हुने कुरा केशवलाई समेत बताउनु,
- केशवले पराश्रित जीवन बाँच्न छोराको सहारा खोज्दै अमेरिका पुगेका मित्र र मित्रपत्नी फर्केर आएको भन्दा दश वर्ष उमेर घटेको अनुभव गर्नु ।

'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त कथानकलाई हेर्दा यो उपन्यासमा उपन्यासको आरम्भ केशवले स्मृतिपरक ढङ्गले गरेको छ । उपन्यासको समापन भने ज्ञानप्रतापले आफ्ना सम्पूर्ण कथाहरू केशवलाई सुनाउँदै भएको छ । उपन्यासको कथा

पूर्वदीप्ति शैलीमा हुँदाहुँदै पनि उपन्यासको कथानक आदि, मध्य र अन्त्यको स्वाभाविक ढाँचामा नै रहेको छ ।